निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: ३०० वि.सं. २०८३, कार्तिक २७ गते, शुक्रवार, १३ नोभेम्बर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 13 NOVEMBER, 2026, FRIDAY, GANGTOK

मुख्यमन्त्रीद्वारा पूर्व राज्यपाल गङ्गा प्रसादसित भेटघाट



गान्तोक, १२ नोभेम्बरः मुख्यमन्त्री पीएस गोलेले बिहीवार सिक्किमका पूर्व राज्यपाल गङ्गा प्रसादसित आफ्नो सरकारी निवास मिन्तोकगाङमा भेट गरेका छन्।

अन्तरक्रियाको क्रममा मुख्यमन्त्रीले उनको स्वास्थ्य र कल्याणबारे सोधखोज गर्दै न्यानो विचार आदान-प्रदान गरे।

''पूर्व राज्यपालसँग पुनः सम्पर्क गर्न पाउँदा साँच्चै खुशी लाग्यो र म उनको सुस्वास्थ्य, खुशी र आगामी वर्षहरू सफल रहुन् भन्ने कामना गर्दछु''-मुख्यमन्त्रीले आफ्नो आधिकारिक फेसबुक पेजमा उल्लेख गरेका छन्।



स्वच्छ सर्वेक्षण २०२५-२६ मा मङ्गन नगर पञ्चायतलाई सिक्किमकै स्वच्छ शहरको पुरस्कार

गान्तोक, १२ नोभेम्बर (हि.स.): मङ्गन नगर पञ्चायतलाई स्वच्छ सर्वेक्षण पुरस्कार २०२५-२६ अन्तर्गत सिक्किमकै प्रथम स्वच्छ शहरको पुरस्कार प्रदान गरिएको छ। ११ नोभेम्बरमा नयाँ दिल्लीस्थित विज्ञान भवनमा आयोजित समारोहमा भारतकी राष्ट्रपति द्रौपदी मुर्मूले उक्त प्रतिष्ठित पुरस्कार प्रदान गरिन्।

पुरस्कार वितरण समारोहमा सिक्किमको प्रतिनिधित्व शहरी विकास विभागका आयुक्त एवं सचिव जितेन्द्र सिंह राजे, विशेष सचिव जिग्मी वाङ्चुक भोटिया, मङ्गन नगर पञ्चायतका पार्षद् छिरिङ सारिङ, नगर कार्यकारी अधिकारी कार्जङ भोटियालगायत अन्य अधिकारी तथा प्रतिनिधिहरूले गरेका थिए।

२०२२ देखि लगातार पाँचौँ वर्ष मङ्गन नगर पञ्चायतले यही पुरस्कार प्राप्त गर्दै आएको छ। यस उपलब्धिले स्वच्छता तथा सरसफाइप्रतिको निरन्तरता, कड़ा परिश्रम र दृढ़ प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको बताइएको छ। शून्य फोहोर प्रबन्धन तथा समुदायको सक्रिय सहभागिताका लागि मङ्गनले गरेका प्रयासहरूको पनि प्रशंसा गरिएको छ।

सोह्रौँ वित्त आयोगको अनुदानसम्बन्धी अभिमुखीकरण कार्यशालामा सिक्किमका नगर निकायका अधिकारी सहभागी



गान्तोक, १२ नोभेम्बर (हि.स.): उत्तरपूर्वी राज्यका शहरी स्थानीय निकाय (यूएलबी):का लागि सोह्रौँ वित्त आयोगअन्तर्गत प्राप्त हुने अनुदानसम्बन्धी एकदिने अभिमुखीकरण कार्यशाला बुधबार अरुणाचल प्रदेशको इटानगरस्थित नीति विहारको गोल्डेन जुबिली ब्याङ्क्वेट हलमा सम्पन्न भएको छ।

कार्यशालामा सिक्किमका शहरी स्थानीय निकायको प्रतिनिधित्व गर्दै रम्फू नगर पञ्चायतका नगर कार्यकारी अधिकारी छेवाङ नोर्बु तथा नाम्ची नगर परिषद्का नगर कार्यकारी अधिकारी योगेन स्याङ्देन सहभागी बने। कार्यक्रमको उद्घाटन सत्रमा मुख्य अतिथिका रूपमा राज्यका उपमुख्यमन्त्री तथा वित्तमन्त्री चौना मेइन उपस्थित थिए। यसैगरी, शहरी विकास विभागका मन्त्री बालो राजा पनि उपस्थित थिए।

भारत सरकारको आवास तथा शहरी मामिला मन्त्रालयका आर्थिक सल्लाहकार गोपाल प्रसादले मुख्य वक्तव्य प्रस्तुत गर्दै शहरी स्थानीय निकायको शासन प्रणाली सुदृढ़ बनाउने, वित्तीय व्यवस्थापनमा सुधार ल्याउने तथा दिगो शहरी विकासका लागि वित्त आयोगको अनुदान प्रभावकारी रूपमा उपयोग गर्ने महत्त्वमाथि प्रकाश पारे। यस अवसरमा सोह्रौँ वित्त आयोगको अनुदान कार्यान्वयनसम्बन्धी प्राविधिक प्रस्तुति पनि प्रस्तुत गरिएको थियो। जनाग्रह संस्थाका प्रतिनिधिले अनुदान परिचालनको कार्यढाँचा, अनुदान निकासा दिशानिर्देश, कार्यान्वयनका आवश्यक प्रक्रिया तथा शहरी स्थानीय निकायले अनुदान उपयोग गर्दा ध्यान दिनुपर्ने विषयबारे जानकारी गराए। त्यसपछि आवास तथा शहरी मामिला मन्त्रालयकी प्रतिनिधि शालुले सिटी फाइनेन्स पोर्टलको प्रत्यक्ष प्रदर्शन गर्दै नगरपालिकाको वित्तीय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता तथा डिजिटल प्रणालीको भूमिकाबारे व्यावहारिक जानकारी प्रदान गरिन्। कार्यशालामा आयोजित प्रश्नोत्तर सत्रमा सहभागी अधिकारीहरूले सोह्रौँ वित्त आयोगको अनुदान कार्यान्वयनसँग सम्बन्धित विभिन्न विषयमा जिज्ञासा राख्दै आवश्यक जानकारी प्राप्त गरेका थिए। यस कार्यशालाले सिक्किमका शहरी स्थानीय निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै नगरपालिकाको वित्तीय योजना, पारदर्शिता, डिजिटल प्रतिवेदन प्रणाली र अनुदानको प्रभावकारी उपयोगमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

माछा सेवनद्वारा स्वस्थ जीवनशैलीको प्रवर्द्धन

पाकिम जिल्लामा स्वास्थ्यवर्धक खाद्यका रूपमा माछा विषयक सचेतना कार्यक्रम सम्पन्न



पाकिम, १२ नोभेम्बर (आईपीआर): राष्ट्रिय मत्स्य विकास बोर्ड-उत्तरपूर्व क्षेत्रीय केन्द्र (एनएफडीबी-एनईआरसी)-द्वारा आईसीएआर-केभीके पूर्व सिक्किम र सिक्किम सरकारको मत्स्य विभागको सहकार्यमा बिहीवार पाकिमस्थित जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा स्वास्थ्यवर्धक खाद्यको रूपमा माछा विषयक एकदिने सचेतना कार्यक्रम आयोजन गरियो।

उक्त कार्यक्रममा एसडीएम (मुख्यालय) थेण्डुप लेप्चा मुख्य अतिथिका रूपमा उपस्थित थिए। कार्यक्रममा पशुपालन तथा पशु चिकित्सा सेवा विभागकी अतिरिक्त निर्देशक डा. अञ्जला प्रधान, पाकिमका एसडीएम नीलकण्ठ भण्डारी, पाकिमका एसडीएम जेसी पी तार्गेन, कृषि विभागकी उपनिर्देशक रेबेका गुरुङ, एलआरएमडीडीका उपनिर्देशक डा. सुवास ढकाल, मत्स्य विभाग, कृषि तथा बागवानी विभागका अधिकारीहरूका साथै जिल्ला प्रशासनिक केन्द्र (डीएसी) पाकिमका कर्मचारीहरूको उपस्थिति थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य अतिथि तथा पाकिमका एसडीएम थेण्डुप लेप्चाले माछाका पोषणजन्य स्वास्थ्य फाइदाहरूबारे प्रकाश पारे। उनले माछा सेवनबारे जनचेतना अभिवृद्धि गर्नुपर्ने, स्थानीय स्तरमा उत्पादित माछाका प्रजातिहरूलाई प्रवर्द्धन गर्नुपर्ने र तिनको बजार पहुँच विस्तार गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिए, जसले माछा पालनलाई प्रोत्साहन गर्नुका साथै किसानहरूको जीविकोपार्जनमा सुधार ल्याउन मद्दत पुऱ्याउनेछ।

यसैगरी, गुवाहाटीस्थित एनआफडीबी-एनईआरसीकी एमएस (एक्जिक्युटिभ-टी) डा. डोरोथीले राज्यमा माछा पालनलाई बढ़ावा दिनुको महत्त्वमाथि जोड़ दिँदै यस कार्यक्रमको उद्देश्य राज्यमा मत्स्य पालन गतिविधिहरूलाई प्रोत्साहित र मजबुत गर्नु रहेको बताइन्। उनले माछा पालन जीविकोपार्जन र आय आर्जनको स्रोत बन्न सक्ने बताउँदै स्वस्थ तथा पौष्टिक आहारको एक महत्त्वपूर्ण हिस्साको रूपमा माछा सेवनको महत्त्वबारे जानकारी दिइन्। साथै, उनले प्रधानमन्त्री मत्स्य सम्पदा योजना (पीएमएमएसवाई) तथा माछा पालक किसानहरूका लागि उपलब्ध विभिन्न सरकारी अनुदान र आर्थिक सहायताहरूबारे पनि जानकारी प्रदान गरिन्।

त्यसैगरी, आईसीएआर-केभीके पूर्व सिक्किमका वरिष्ठ वैज्ञानिक तथा प्रमुख डा. प्रकाश शर्माले माछा सेवनका स्वास्थ्य लाभहरूबारे चर्चा गर्दै यसले राम्रो स्वास्थ्य कायम राख्न मद्दत गर्ने र विभिन्न रोगहरूको जोखिम कम गर्न सहयोगी हुन सक्ने बताए। उनले राज्यमा माछापालनलाई एक सम्भाव्य व्यावसायिक अवसरका रूपमा प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिए। साथै, उनले राज्यमा उत्पादन हुने माछाका विभिन्न प्रजातिहरूको पहिचान र प्रवर्द्धनको महत्त्वबारे पनि प्रकाश पारे।

यसबाहेक, उनले माछापालक किसानहरूका लागि बजारका अवसरहरू विस्तार गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिए, ताकि उनीहरूले आफ्नो उत्पादलाई अझ राम्रोसँग बजारमा पुऱ्याउन सकुन् र आफ्नो जीविकोपार्जनमा सुधार ल्याउन सकुन्।

आईसीएआर-केभिके, पूर्व सिक्किमकी वैज्ञानिक अनुश्री गोगोईले राज्यमा माछाको उपभोग तुलनात्मक रूपमा कम रहेको बताइन्। उनले माछाको पोषणसम्बन्धी र स्वास्थ्यगत फाइदाहरूबारे मानिसहरूमाझ व्यापक चेतना जगाउनुपर्ने आवश्यकतामाथि जोड़ दिइन्। उनले माछालाई स्वस्थकर खाद्य विकल्पका रूपमा प्रवर्द्धन गर्दा स्थानीय माग बढ़ने, माछापालनलाई प्रोत्साहन मिल्ने र राज्यमा मत्स्य क्षेत्र मजबुत हुने बताइन्। साथै, उनले स्थानीय स्तरमा उत्पादित माछाका लागि बजार विस्तार गर्ने र माछापालक किसानहरूको जीविकोपार्जन सुधार गर्न सहयोग पुऱ्याउने महत्त्वमा पनि जोड़ दिइन्।

कार्यक्रमको क्रममा, मत्स्य विभागकी जिल्ला मत्स्य विकास अधिकारी गौरी मुखियाले सिक्किममा स्थानीय माछाका प्रजातिहरूको प्रवर्द्धन र माछा उत्पादनलाई मजबुत पार्नुपर्ने महत्त्वबारे प्रकाश पारिन्। उनले राज्यमा माछाका धेरै रैथाने प्रजातिहरू भए तापनि स्थानीय माग पूरा गर्न अझै पनि ठूलो परिमाणमा माछा बाहिरबाट आयात गर्नुपर्ने अवस्था रहेको बताइन्। उनले माछालाई प्रशोधन गरी विभिन्न मूल्य अभिवृद्धि गरिएका उत्पाद बनाउन सकिने र यसबाट नयाँ व्यावसायिक अवसर सिर्जना भई उद्यमशीलतालाई प्रोत्साहन मिल्ने कुरा उल्लेख गरिन्। उनले सिक्किमका धेरै उद्यमीहरूले माछामा आधारित व्यवसाय शुरु गरिसकेको र यसले यस क्षेत्रको सम्भावनालाई पुष्टि गरेको बताइन्।

राज्यमा माछाको उपभोग बढ़ाउन मानिसहरूलाई प्रोत्साहित गर्दै उनले माछाका पोषणसम्बन्धी र स्वास्थ्यगत फाइदाहरूबारे जानकारी दिइन्। उनले प्रधानमन्त्री मत्स्य सम्पदा योजना (पीएमएमएसवाई) र मुख्यमन्त्री

➡रहल पृष्ठ ७ मा

पाकिम जिल्ला पुलिसद्वारा पदोन्नति भएका वरिष्ठ पुलिस अधीक्षकलाई गार्ड अफ् अनर प्रदान



पाकिम, १२ नोभेम्बर (आईपीआर): पाकिम जिल्ला पुलिसले बिहीवार वरिष्ठ पुलिस अधीक्षक (एसएसपी) पदमा हालै पदोन्नति भएका पाकिम जिल्लाका वरिष्ठ पुलिस अधीक्षक छिरिङ शेर्पालाई औपचारिक गार्ड अफ् अनर प्रदान गरेको छ।

उनको पदोन्नति तथा उच्च पदभार ग्रहण गरेको अवसरमा सम्मान तथा कदरस्वरूप पाकिम जिल्ला पुलिसका सुरक्षाकर्मीहरूले यो औपचारिक गार्ड अफ् अनर प्रदान गरेका हुन्।

४९औँ जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिपका लागि पहिलो टोलीको आगमन



सिलगढ़ी, १२ नोभेम्बर (आईपीआर): ४९औँ जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिपमा सहभागी हुने विभिन्न राज्यका टोलीहरूमध्ये पहिलो समूह बिहीवार बागडोगरा विमानस्थल आइपुगेको छ।

यो च्याम्पियनशिप १४ देखि २१ नोभेम्बरसम्म गान्तोकस्थित पाल्जर स्टेडियममा आयोजन हुने तय भएको छ, जसमा ३२ राज्य तथा केन्द्र शासित प्रदेशबाट ५०० भन्दा बढ़ी खेलाड़ीको सहभागिता रहने अपेक्षा गरिएको छ।

विमानस्थलमा टोलीहरूलाई नोडल अधिकारी तथा आईटी योजना एवं विकास विभागका सहायक निर्देशक अमर्त्य राज गुरुङ, तादोङस्थित शिक्षा विभागका सहायक निर्देशक डा. दीपेन्द्र ढकाल, बागवानी विभागका कम्प्युटर अपरेटर अरुण बस्नेत, उपसचिव टेम्पो टाशी भोटिया, गृह विभागका

➡रहल पृष्ठ ७ मा

सिक्किम सरकारको व्यावसायिक कर महाशाखा टोलीद्वारा कोलकातास्थित बड़्गाल कर निर्देशालयको भ्रमण

कोलकाता, १२ नोभेम्बरः सिक्किम सरकारको व्यावसायिक कर महाशाखाबाट तीन सदस्यीय प्रतिनिधिमण्डलले ५ र ६ नोभेम्बरमा कोलकातास्थित पश्चिम बड़्गाल सरकारको व्यावसायिक कर निर्देशालयको दुईदिने औपचारिक भ्रमण गरेको छ। उक्त प्रतिनिधिमण्डलमा अतिरिक्त निर्देशक विकास दियाली, उपायुक्त प्रणय राई र सहायक निर्देशक वाङ्जर नामग्याल भोटिया सहभागी थिए।

यस भ्रमणको मुख्य उद्देश्य प्रविधिमा आधारित जीएसटी प्रशासनसम्बन्धी ज्ञानको आदान-प्रदान गर्नु र उत्कृष्ट अभ्यासहरूको खोजी गर्नु रहेको थियो। भ्रमणको क्रममा प्रतिनिधिमण्डलले पश्चिम बड़्गालको सूचना प्रणाली महाशाखाद्वारा विकसित विभिन्न सूचना प्रविधि (आईटी) प्रणालीबारे जानकारी लियो। यसमा जीएसटी ऐनको दफा ६१ अन्तर्गत छानबिनका लागि ट्याक्स म्यानेजमेन्ट सिस्टम' (टीएमएस), ई-वे बिल एनालिटिक्स, एनफोर्समेन्ट

➡रहल पृष्ठ ७ मा



जड़्गुमा खेत बचाओ अभियान तथा कृषि सामग्री वितरण कार्यक्रम आयोजित



गान्तोक, १२ नोभेम्बर (हि.स.): उत्तर सिक्किमको जड़्गुस्थित लिङ्दोङमा बुधवार भारतीय कृषि अनुसन्धान परिषद् (आईसीएआर)-को उत्तरपूर्वी पहाड़ी क्षेत्र अनुसन्धान परिसरअन्तर्गत सिक्किम केन्द्रले खेत बचाओ अभियान तथा कृषि सामग्री वितरण कार्यक्रम आयोजन गरेको छ।

आईसीएआर-राष्ट्रिय बीउ विज्ञान तथा प्रविधि संस्थान (आईसीएआर-एनआईएसएसटी), माउ, उत्तर प्रदेशको आर्थिक सहयोगमा आयोजित कार्यक्रमको उद्देश्य रबी खेतीलाई प्रोत्साहन गर्नु, माटोको स्वास्थ्यमा सुधार ल्याउनु तथा कृषिको उत्पादकत्व र कृषकहरूको जीविकोपार्जनलाई सुदृढ़ बनाउनु रहेको थियो। कार्यक्रममा जड़्गुका विभिन्न गाउँबाट ५५ जना कृषक सहभागी बनेको पीआईबीले जानकारी गराएको छ।

आईसीएआर सिक्किम केन्द्रका क्षेत्रीय केन्द्र प्रमुख डा. अशोक कुमारको नेतृत्वमा वैज्ञानिकहरूको टोलीले कार्यक्रम सञ्चालन गरेको थियो। कृषकहरूलाई सम्बोधन गर्दै डा. कुमारले आवश्यकताअनुसारका कृषि प्रविधि अपनाउन, खेती प्रणालीमा विविधीकरण गर्न, बेमौसमी सब्जी खेती तथा एकीकृत कृषि प्रणालीलाई प्रोत्साहन गर्नुपर्नेमा जोड़ दिए। उनले पहाड़ी क्षेत्रमा दिगो कृषिका लागि उपलब्ध स्रोतसाधनको प्रभावकारी उपयोग तथा जलवायुमैत्री कृषि अभ्यासको महत्त्वबारे पनि जानकारी गराए।

➡रहल पृष्ठ ७ मा

वायु सेनाका कमाण्डरहरू कामिकेज ड्रोन सञ्चालनका लागि सधैँ तयार रहनुहोस् : राजनाथ सिंह

नयाँ दिल्ली, १२ नोभेम्बर (हिस): रक्षामन्त्री राजनाथ सिंहले बिहीवार सेनाहरूलाई तीव्र गतिमा भइरहेको प्रविधिको विकास र आधुनिक युद्धको बदलिँदो प्रकृतिबाट उत्पन्न परम्परागत तथा नयाँ खतराविरुद्ध सञ्चालनगत तयारी कायम राख्न 'अप्रत्याशित आक्रमणको तत्त्व' (एलिमेन्ट अफ सरप्राइज) लाई बलियो बनाइराख्न आग्रह गरेका छन्। उनले गुप्तचर तथा निगरानी क्षमतालाई निरन्तर सुदृढ़ बनाउने, विभिन्न प्रणालीबीच समन्वय बढ़ाउने र सम्भावित खतराहरू देखा पर्नुअघि नै पहिचान गर्ने आवश्यकतामा पनि जोड़ दिएका छन्। साथै, उनले सैन्य सञ्चालन, प्रशासन तथा एयरोस्पेस सुरक्षाका लागि विकसित एआई एप्लिकेशनहरू पनि सार्वजनिक गरेका छन्। नयाँ दिल्लीमा आयोजित वायुसेना कमाण्डर सम्मेलनलाई सम्बोधन गर्दै उनले निगरानी तथा किउन्टर-ड्रोन अभियानका लागि उच्चस्तरको तयारी कायम राख्न निर्देश दिएका छन्।



रक्षामन्त्रीले भने, ''हाम्रा रक्षा बलहरूले यस्ता क्षमता र कार्यशैली विकास गर्नुपर्छ, जसले शत्रुलाई प्रतिक्रिया जनाउने वा सम्हालिने समय नै नदियोस्। साथै, शत्रुको कुनै पनि आकस्मिक गतिविधिबाट हामी कहिल्यै आश्चर्यचकित हुनुहुँदैन भन्ने सुनिश्चित गर्नुपर्छ। अप्रत्याशित आक्रमण विभिन्न प्रकारका हुन सक्छन्, परम्परागत तथा विद्युतीय दुवै माध्यमबाट। हाम्रो गुप्तचर तथा निगरानी प्रणालीलाई अझ् बलियो बनाउनुपर्छ र सञ्चालनगत तयारी बढ़ाउनुपर्छ, ताकि हाम्रा सुरक्षाकर्मीहरू कुनै पनि नयाँ चुनौतीको प्रभावकारी जवाफ दिन सतर्क, चुस्त र तयार रहून्।''

राजनाथ सिंहले आजकलका युद्धहरू परम्परागत युद्धमैदानभन्दा बाहिर फैलिँदै गैर-सम्पर्क क्षेत्रमा समेत विस्तार भइरहेको बताए। यसमा मिसाइल, ड्रोन तथा उन्नत हतियार प्रणालीहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। रुसह्रयुक्रेन तथा इजरायलह्रहमास युद्धको उल्लेख गर्दै उनले ड्रोन र हवाई रक्षा प्रणाली आधुनिक युद्धका आवश्यक हिस्सा बनेर देखा परेको बताए।

रक्षामन्त्रीले भारतीय वायुसेनालाई विद्युतीय, साइबर तथा अन्तरिक्ष लगायत युद्धका नयाँ क्षेत्रमा विशेष सिद्धान्त र संरचना विकास गर्न आग्रह गरे। यी क्षेत्रमा राम्रो तयारीले भविष्यका चुनौतीहरूको सामना गर्ने क्षमता बलियो बनाउने उनले जोड़ दिए।

उनले भविष्यका युद्धहरूमा विजय केवल विमानको सङ्ख्यामा मात्र नभई प्रविधिको परिष्कृत स्तर, प्रतिक्रिया दिने गति र तयारीको सटीकतामा समेत निर्भर रहने बताए। उनले कमाण्डरहरूलाई यी नयाँ चुनौतीहरूलाई मुख्य प्राथमिकतामा राख्दै सञ्चालनगत योजनामा समावेश गर्न ध्यान दिन आग्रह गरे।

राजनाथ सिंहले रक्षा बलहरू अहिले परिवर्तनको चरणबाट गुज्रिरहेको बताए। यसमा सङ्गनात्मक संरचना, संयुक्त कार्यक्षमता तथा एकीकरण र सञ्चालन सम्बन्धी अवधारणा जस्ता महत्त्वपूर्ण क्षेत्रमा सुधार समावेश रहेको उनले बताए। बदलिँदो सुरक्षा वातावरण अनुसार निरन्तर परिवर्तन र सैन्य तयारीका लागि दूरदर्शी दृष्टिकोण आवश्यक रहेको पनि उनले उल्लेख गरे। रक्षामन्त्रीले अपरेशन सिन्दूरका क्रममा तथा त्यसपछि आफ्ना सिद्धान्त र सञ्चालनका तरिकाहरू प्रभावकारी रूपमा लागू गर्दै वायुसेनाका योद्धाहरूलाई तोकिएका कार्यहरू सफलतापूर्वक पूरा गर्न देखाएको व्यावसायिकता, संयम र विवेकको प्रशंसा गरे। उनले अपरेशनका क्रममा सिकिएका पाठहरू वायुसेनाको बदलिँदो सञ्चालनगत कार्यशैलीमा स्पष्ट रूपमा देखिएको बताए। यी अनुभवहरूले रक्षा बलहरूमा भइरहेको व्यापक परिवर्तनको गति र दिशा निर्धारण गरिरहेको पनि उनले उल्लेख गरे। सैन्य योजना तथा सञ्चालन सम्बन्धी कार्यलाई मार्गदर्शन गर्न सामूहिक प्रयास निरन्तर जारी रहनुपर्नेमा उनले जोड़ दिए। वायुसेना कमाण्डर सम्मेलनमा रक्षा राज्यमन्त्री सञ्जय सेठ, वायुसेना प्रमुख एयर चिफ मार्शल आशुतोष दीक्षित, रक्षा सचिव राजेश कुमार सिंह, रक्षा उत्पादन सचिव सञ्जीव कुमार तथा रक्षा वित्त सचिव विश्वजीत सहाय पनि सहभागी भएका थिए।

टीएमसी सांसद अभिषेक ब्यानर्जीको घरबाहिर बुलडोजर चलाइयो, फुटपाथबाट हटाइयो अवैध निर्माण



कोलकाता, १२ नोभेम्बर (हिस): तृणमूल कङ्ग्रेस (टीएमसी) का राष्ट्रिय महासचिव तथा डायमण्ड हार्बरका लोकसभा सांसद अभिषेक ब्यानर्जी कालीघाटस्थित घरबाहिर बिहीवार बिहान कोलकाता नगर निगम (केएमसी) ले ठूलो कारबाही गरेको छ। सांसदको घर (१२१, कालीघाट रोड) बाहिर फुटपाथमा बाँसबाट बनाइएको अस्थायी संरचना (सेड) लाई बुलडोजर लगाएर भत्काइएको छ। यस संरचनासँगै सांसदको घरको पर्खालको मुख्य प्रवेशद्वारबाहिर फुटपाथ ओगटेर लगाइएको फलामको गेटलाई पनि ग्यास कटरको सहायतालेे काटेर हटाइएको छ। उक्त गेट अवैध रूपमा फुटपाथ कब्जा गरेर लगाइएको आरोप छ।

अवैध निर्माण हटाउने क्रममा कुनै विरोध वा कानुन-व्यवस्था बिग्रने अवस्था उत्पन्न हुन नदिन सांसदको घरबाहिर ठूलो सङ्ख्यामा पुलिस बल तथा केन्द्रिय सुरक्षा बलका जवानहरू तैनाथ गरिएको थियो। शान्तिपूर्ण रूपमा सम्पन्न कारबाहीका क्रममा केएमसीका कर्मचारीहरूले बाँस तथा अन्य भग्नावशेष हटाएर फुटपाथ पूर्ण रूपमा सफा गरेका छन्।

यो विषय पछिल्ला केही दिनदेखि विवादमा थियो। स्थानीय मानिसहरूको गुनासो थियो कि फुटपाथमा बनाइएको उक्त सेड र गेटका कारण पैदल यात्रुहरूलाई आवतजावत गर्न समस्या भइरहेको थियो। गत शुक्रवार राति अभिषेकको जन्मदिनको उत्सवका क्रममा पनि उक्त सेडमुनि ठूलो भीड जम्मा भएको थियो, जसका कारण क्षेत्रमा तनावको अवस्था सिर्जना भएको थियो।

बुधबार साँझ पनि पुलिस उक्त सेड हटाउन अभिषेकको घर पुगेको थियो। यद्यपि, अभिषेकको कार्यालयका कर्मचारीहरूले आफैँ अस्थायी संरचना हटाउन शुरु गरेका थिए। कालीघाट तृणमूल कङ्ग्रेसका प्रवक्ता अर्क नागले बुधबार साँझ यसबारे स्पष्टीकरण दिँदै अभिषेकलाई 'जेड प्लस' सुरक्षा प्राप्त हुँदा पुलिसकर्मीहरू बस्नका लागि राज्यको सुरक्षा निर्देशनालयले उक्त सेड निर्माण गरेको बताएका थिए।

नागका अनुसार राज्यमा सरकार परिवर्तन भएपछि अभिषेकको अतिरिक्त सुरक्षा फिर्ता लिइएको छ। त्यसैले अब उक्त सेडको कुनै आवश्यकता छैन। उनले भनेका थिए, ''यो सेड पुलिसले नै बनाएको थियो। अतिरिक्त सुरक्षा हटाइएकाले अभिषेकको तर्फबाट नै यसलाई हटाउने व्यवस्था भइरहेको छ।''

यद्यपि, बिहीवार बिहानसम्म पनि सेड पूर्ण रूपमा हटाइएको थिएन। त्यसपछि नगर निगमको टोली बुलडोजरसहित घटनास्थलमा पुगेर उक्त संरचना भत्काएको र फुटपाथलाई अतिक्रमणमुक्त बनाएको हो।

यसैबीच, बुधवार दिउँसो अभिषेकले आफ्नो सामाजिक सञ्जालमा एउटा भिडियो पोस्ट गर्दै पुलिसमाथि गम्भीर आरोप लगाएका थिए। उनले पुलिसका गाड़ीमार्फत आफ्नो घरबाहिर निगरानी (रेकी) भइरहेको दाबी गरेका थिए। यस सम्पूर्ण कारबाहीलाई लिएर हालसम्म कालीघाट टीएमसी वा अभिषेकको तर्फबाट कुनै आधिकारिक प्रतिक्रिया आएको छैन।

बुलडोजर चलाएर मेरो आवाजलाई दबाउन सक्दैन: अभिषेक ब्यानर्जी

कालीघाटस्थित आफ्नो आवास सामु फुटपाथमा निर्मित अस्थायी सुरक्षा शेडलाई बुलडोजरले हटाइएपछि तृणमूल कङ्ग्रेसका राष्ट्रिय महासचिव तथा सांसद अभिषेक ब्यानर्जीले चर्को प्रतिक्रिया व्यक्त गरेका छन्। यस कारबाहीको पछाड़ि राजनीतिक प्रतिशोधको सङ्केत गर्दै उनले स्पष्ट पारे, उनलाई कुनै पनि परिस्थितिमा झुकाउन सक्दैन र आफ्नो अन्तिम साससम्म उनी आफ्नो नीतिबाट पछि हट्ने छैनन्।

अभिषेक ब्यानर्जीले बिहीवार सोशल मिडिया प्लेटफर्म एक्समा आफ्नो प्रतिक्रियामा भने, जति बुलडोजर ल्याइए पनि कुनै बुलडोजरले मेरो आवाजलाई दबाउन सक्दैन, न त मेरो दृढ सङ्कल्पलाई तोड्न सक्छ। 'बङ्गाल विरोधी'-हरूविरुद्ध मेरो लडाईं भविष्यमा पनि यसरी नै जारी रहनेछ। मेरो अन्तिम साससम्म न त म पछि हट्नेछु, न त एक इञ्च जमीन छोड्नेछु। स्मरणीय छ, कालीघाट रोडमा रहेको अभिषेक ब्यानर्जीको निवासको मुख्य गेट बाहिर ठूलो सङ्ख्यामा केन्द्रिय बल र कोलकाता पुलिसको उपस्थितिमा फुटपाथको छेउमा रहेको अस्थायी छाउनीलाई बुलडोजर चलाएर हटाउने बिहीवार बिहानदेखि नै शुरू गरिएको थियो। अभिषेकको कार्यालयले पहिला नै स्पष्ट पारेको थियो, सुरक्षा कारणले राज्य पुलिसको डाइरेक्टेड अफ सिक्योरिटीद्वारा उक्त अस्थायी संरचना निर्माण गराइएको थियो।

बिहान-बिहान भएको कारबाहीपछि अभिषेक ब्यानर्जीको तिखो राजनीतिक प्रतिक्रियाले राज्यको राजनीतिमा फेरि एक पटक खैलाबैला उत्पन्न गरेको छ।

डा. पीके मिश्रद्वारा किसानहरूको परम्परागत ज्ञानलाई वैज्ञानिक अनुसन्धान, बीउ प्रणाली र बजारसँग जोड्न आह्वान

नयाँ दिल्ली: १२ नोभेम्बर: प्रधानमन्त्रीका प्रधान सचिव डा.पीके मिश्रले आज किसानहरूलाई भारतको कृषि जैविक विविधताको संरक्षक र नवप्रवर्तकका रूपमा मान्यता दिनुपर्ने तथा उनीहरूको परम्परागत ज्ञानलाई वैज्ञानिक अनुसन्धान, बीउ प्रणाली र बजारका अवसरहरूसँग जोड्नुपर्ने कुरामा जोड दिएका छन्। बिरुवा प्रजाति संरक्षण तथा किसान अधिकार प्राधिकरण (पीपीभीएफआरए) को २२औँ स्थापना दिवस र प्लान्ट जीनोम सेभियर अवार्डफ वितरण समारोहलाई सम्बोधन गर्दै डा.मिश्रले यो अवसर बिरुवा प्रजाति संरक्षण तथा किसान अधिकार अधिनियम, २००१फ को २५औँ वर्षगाँठ पनि भएको बताए। उनले भने, ''भारतको समृद्ध कृषि जैविक विविधता जलवायु परिवर्तन, पानीको अभाव, तथा विभिन्न कीरा र रोगहरू सहन सक्ने फसलहरू विकास गर्नका साथै परम्परागत ज्ञान, खाद्य संस्कृति र समुदायको जीविकोपार्जन जोगाइराख्न अत्यन्त महत्त्वपूर्ण छ।''



उनले भारतमा रहेका २२ वटा कृषि-जैविक विविधताका हटस्पट (महत्त्वपूर्ण क्षेत्र) हरूको चर्चा गर्नुका साथै ओडिशाको कोरापुटलाई - जसलाई सन् २०१२ मा एफएओ (खाद्य तथा कृषि सङ्गठन) ले विश्वव्यापी रूपमा महत्त्वपूर्ण कृषि सम्पदा प्रणाली (जीआईएएचएस) को रूपमा मान्यता दिएको थियो, त्यसलाई सामुदायिक संरक्षणको उदाहरणका रूपमा प्रस्तुत गरे।

किसान अधिकार सम्बन्धी भारतको विशिष्ट ढाँचाबारे प्रकाश पार्दै डा. मिश्रले बताए अनुसार यस अधिनियमले बिरुवा प्रजनकहरूको अधिकार र किसानहरूलाई बिरुवा प्रजातिहरूको संरक्षक, उत्पादक तथा विकासकर्ताका रूपमा दिइने मान्यताबीच सन्तुलन कायम गरेको छ।

पीपीभीएफआरए अन्तर्गत पञ्जीकरण भएका प्रजातिहरूमध्ये झण्डै आधा हिस्सा किसानहरूद्वारा विकसित प्रजातिहरूको छ। उनले आनुवंशिक स्रोतहरूको संरक्षण गर्ने समुदायहरूलाई उचित प्रतिफल सुनिश्चित गर्न लाभ बाँडफाँडको व्यवस्था र राष्ट्रिय जीन कोषको भूमिकामाथि पनि विशेष जोड दिए। भारतको वैज्ञानिक क्षमतालाई उल्लेख गर्दै उनले आईसीएआर-एनबीपीजीआरमा रहेको राष्ट्रिय जीन ब्याङ्क विश्वको दोस्रो सबैभन्दा ठूलो रहेको र राष्ट्रिय कृषि अनुसन्धान प्रणाली अन्तर्गत लगभग ३,००० जलवायु-अनुकूल फसल प्रजातिहरू विकास गरिएको उल्लेख गरे। उनले विशिष्ट कृषि उत्पादहरूको लागि आर्थिक अवसर सिर्जना गर्न भौगोलिक सङ्केतहरूको सम्भावनालाई पनि प्रकाश पारे।

डा. मिश्रले खाद्य तथा कृषिको लागि वनस्पति आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, नयाँ दिल्लीमा २०२२ को परिचालक निकायको सत्र र किसान अधिकार सम्बन्धी २०२३ को विश्वव्यापी सङ्गोष्ठीसँगको संलग्नताको माध्यमद्वारा किसान अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रयासहरूमा भारतको योगदानलाई प्रकाश पारे। उनले ब्रिक्स कृषि मन्त्रीहरूले अपनाएको इन्दोर घोषणापत्र र बीउ प्रणालीमा किसान अधिकार सम्बन्धी विश्वव्यापी मञ्चको स्थापनालाई पनि उल्लेख गरे।

मान्यताबाट सशक्तिकरणमा परिवर्तनको लागि आह्वान गर्दै डा.मिश्रले सामुदायिक बीउ ब्याङ्क र क्षेत्र जीन ब्याङ्कहरूलाई मजबुत पार्ने, परम्परागत ज्ञानलाई आधुनिक वैज्ञानिक अनुसन्धानसँग जोड्ने र किसानका प्रजातिहरूलाई गुणस्तरीय बीउ प्रणाली, किसान उत्पादक सङ्गठन र विस्तृत बजारहरूसँग जोड्ने कुरामाछि जोड़ दिए। उनले किसान उद्यमशीलतालाई प्रवर्द्धन गर्न र निष्पक्ष तथा पारदर्शी लाभ बाँडफाँड सुनिश्चित गर्न आह्वान गरे, ताकि संरक्षण दिगो आर्थिक अवसरहरूमा परिणत होस्। आफ्नो सम्बोधनलाई अन्त्य गर्दै डा.मिश्रले किसानहरूलाई भारतको कृषि रूपान्तरणमा सहभागीको रूपमा मात्र नभई यसको योगदानकर्ता र लाभार्थीको रूपमा पनि मान्यता दिनुपर्ने धारणा राखे। परम्परागत प्रजातिहरूको संरक्षण गर्ने किसानहरूको लागि दिगो आर्थिक प्रतिफलको आवश्यकतामा जोड दिँदै उनले अवलोकन गरे: पुरस्कारले एक पटक किसानलाई सम्मान गर्छ; बीउ शृङ्खला, बजार र लाभको उचित हिस्साले किसानलाई हरेक मौसममा टिकाउँछ।

सबैका लागि खाद्य सुरक्षा, पोर्टेबिलिटीदेखि समावेशीकरणसम्म: खाद्यान्न पहुँच रूपान्तरण

नयाँ दिल्ली,१२ नोभेम्बर: एक राष्ट्र एक राशन कार्ड (ओएनओआरसी) योजना २०१९ मा खाद्य तथा सार्वजनिक वितरण विभागद्वारा शुरु गरिएको थियो। यो सार्वजनिक वितरण प्रणाली (पीडीएश) को एक मुख्य सुधार हो, जसले राष्ट्रिय खाद्य सुरक्षा अधिनियम (एनएफएसए) अन्तर्गत समेटिएका राशन कार्ड र लाभार्थीहरूको राष्ट्रव्यापी पोर्टेबिलिटी सक्षम बनाउँछ। एनएफएसएले अनुदानित खाद्यान्नको लागि कानुनी हकदारता स्थापित गर्दछ, जबकि टीपीडीएसले यी अन्नहरू योग्य लाभार्थीहरूलाई वितरण गर्दछ। लक्षित सार्वजनिक वितरण प्रणाली (टीपीडीएस) सुधारहरू अन्तर्गत, ओएनओआरसीले लाभार्थीहरूलाई देशको जुनसुकै ठाउँमा आफ्नो हकदार खाद्यान्न पहुँच गर्न सक्षम बनाउन प्रविधि प्रयोग गर्दछ। यस पहलले आप्रवासी आबादीको लागि सामाजिक सुरक्षालाई बलियो बनाएको छ र थप एकीकृत, समावेशी र लाभार्थी-केन्द्रित कल्याणकारी वितरण प्रणालीको दृष्टिकोणलाई अगाडि बढाएको छ। नयाँ राशिन कार्डको आवश्यकता बिना नै देशभरिका कुनै पनि उचित मूल्य पसलबाट खाद्यान्नको हकदारतामा पहुँच सक्षम बनाउँछ। राज्यभरि खाद्यान्नको हकदारतालाई पोर्टेबल बनाउँछ।

आप्रवासी कामदार र परिवारहरूलाई बसोबास परिवर्तन गरेपछि पीडीएस लाभहरू पहुँच गर्न समर्थन गर्दछ। अभार्थीहरू जहाँ बस्छन् त्यहाँ अनुदानित खाद्यान्न पहुँच सुनिश्चित गर्दछ। देशभरिका एनएफएसए लाभार्थीहरूको लागि पीडीएस पहुँचलाई बलियो बनाउँछ।

पोर्टेबिलिटी माइलस्टोन

ओएनओआरसीले खाद्यान्न पहुँचलाई निर्बाध, पोर्टेबल र राष्ट्रव्यापी बनाएर पीडीएसलाई रूपान्तरण गरेको छ।

ओएनओआरसी सबै ३६ राज्य/केन्द्र शासित प्रदेशहरूमा लागू गरिएको छ, जसले १००% पीएमजीकेएवाई लाभार्थीहरूलाई समेट्छ।

ओएनओआरसीले प्रत्येक महिना लगभग ३.२७ करोड पोर्टेबिलिटी लेनदेनहरूलाई सहज बनाउँछ।

आफ्नो स्थापना भएदेखि यसले ६१४ एलएमटी भन्दा बढी खाद्यान्न वितरण गर्दै २३३ करोडभन्दा अधिक अन्तर-राज्य र अन्तर-राज्य पोर्टेबिलिटी लेनदेनहरू रेकर्ड गरेको छ। सार्वजनिक वितरण प्रणाली अन्तर्गत पारदर्शिता र सेवा प्रवाहको सुदृढीकरण। सरकारले पारदर्शिता अभिवृद्धि गर्न तथा लक्षित वर्गसम्म सेवाको पहुँच सुनिश्चित गर्न, राशिन पोर्टेबिलिटीको व्यवस्थालाई डिजिटल प्रमाणीकरण, तथ्याङ्कमा आधारित छनोट प्रक्रिया र प्रविधिमा आधारित वितरण प्रणालीमार्फत थप सुदृढ बनाएको छ। १००% डिजिटाइजेशन: अक्टोबर २०२६ सम्ममा सबै राज्य तथा केन्द्र शासित प्रदेशहरूमा राशन कार्ड र लाभग्राहीहरूको तथ्याङ्क (डेटाबेस) पूर्ण रूपमा डिजिटाइज गरिएको छ। यसमा करिब ७८.६५ करोड लाभार्थीहरू समेटिएका छन् र यो जानकारी राज्य तथा केन्द्र शासित प्रदेशहरूका सार्वजनिक पारदर्शिता पोर्टलहरूमा उपलब्ध छ। केन्द्रीय प्रणालीमा रहेका २०.५१ करोड राशन कार्डहरूमध्ये ९८.८% (२०.२७ करोड) कार्डहरूमा आधार नम्बर जोडिएको छ। आधार नम्बर जोडिएका लाभार्थीहरूको कुल सङ्ख्या ७६.९७ करोड पुगेको छ। ३० सेप्टेम्बर २०२६ सम्ममा, ७१.५२ करोड लाभार्थीहरूको (कुल लाभार्थीको ९१%) ई-केवाईसी (ई-केवाईसी) सम्पन्न भइसकेको छ।

पारदर्शी शिकायत निवारण: सबै राज्य तथा केन्द्र शासित प्रदेशहरूमा पारदर्शिता पोर्टल, अनलाइन शिकायत प्रणाली र टोल-फ्री हेल्पलाइनहरू सञ्चालनमा छन्। कम्प्युटरीकृत आपूर्ति शृङ्खला: देशभरि नै खाद्यान्नको बाँडफाँड अनलाइन प्रणालीको माध्यमद्वारा गरिन्छ, साथै ३१ वटा राज्य तथा केन्द्र शासित प्रदेशहरूमा आपूर्ति शृङ्खलालाई पूर्ण रूपमा कम्प्युटरीकृत गरिएको छ।

ई-पोएस युक्त उचित मूल्यका पसलहरू (एफपीएस): कुल ५.५१ लाख उचित मूल्यका पसलहरू मध्ये ९९.८% (५.५० लाख) पसलहरूमा ई-पोएस उपकरणहरू जडान गरी सञ्चालनमा ल्याइएका छन्।

सही लाभार्थी पहिचान र दोहोरोपन हटाउने कार्य: आधार र सार्वजनिक वितरण प्रणाली (पीडीएस) को तथ्याङ्कको उन्नत विश्लेषणमार्फत ५.९५ करोड शङ्कास्पद रेकर्डहरू पहिचान गरिएका थिए। यस प्रक्रियाअन्तर्गत, राइटफुल टार्गेटिङ त१ मार्फत दोहोरो वा अयोग्य ठहरिएका २.५८ करोड प्रविष्टिहरू हटाइएका छन्। राइटफुल टार्गेटिङ संस्करण ३.६३ ले थप रेकर्डहरू पहिचान गर्यो, जसमध्ये ६८ लाख प्रविष्टिहरू हटाइएका छन्।

निर्मल तथा सक्षम : सार्थक-पीडीएस नामक बृहत् योजनाअन्तर्गत, यी पहलहरूले खाद्यान्न खरिददेखि लिएर वितरणसम्मको प्रक्रियामा तथ्याङ्क संरचना/विश्लेषण (निर्मल) लाई मजबुत बनाउँछन्। साथै, यसमा वाहनको स्थान ट्र्याक गर्ने प्रणालीसहित वास्तविक समयमा तथ्याङ्क एकीकृत गर्ने कार्य (सक्षम) पनि सामेल छ। सार्थक-पीडीएसले राज्यभित्रको ढुवानी, व्यवस्थापन र एफपीएस (उचित मूल्य पसल) डिलरहरूको मार्जिनका लागि आर्थिक सहयोग प्रदान गर्दछ। साथै, यसले एक एकीकृत, नागरिक-केन्द्रित र अन्तर-सञ्चालनयोग्य पीडीएस संरचनाको निर्माण गर्दछ। यस योजनाको उद्देश्य ३१ मार्च २०३१ सम्म एनएफएसए (राष्ट्रिय खाद्य सुरक्षा अधिनियम) अन्तर्गत खाद्य सुरक्षालाई मजबुत पार्नु, चुहावट न्यूनीकरण गर्नु र सेवाको पहुँच अन्तिम विन्दुसम्म सुनिश्चित गर्नु हो।

सार्वजनिक वितरण प्रणालीमा प्रविधिमार्फत आधुनिकीकरण र सुधारसम्बन्धी योजना (स्मार्ट-पीडीएस): सार्थक-पीडीएस अन्तर्गत, स्मार्ट-पीडीएसले राशन कार्ड, वितरण, आपूर्ति शृङ्खला र शिकायत सुनवाइ प्रक्रियालाई डिजिटल रूपमा एकीकृत गर्दछ। यसका साथै, यसले एक एकीकृत केन्द्रीय प्रणालीमार्फत राज्य/केन्द्र शासित प्रदेश स्तरमा रहेका प्राविधिक कमी-कमजोरीहरूलाई सम्बोधन गर्दछ।

मेरा राशन ऐप: राशनसम्म सहज पहुँच

ओएनओआरसी अन्तर्गत प्रविधि आधारित टीपीडीएस सुधारहरूको एक भागको रूपमा, विभागले मेरा राशन मोबाइल एप शुरु गर्यो। १३ वटा भाषाहरूमा उपलब्ध यो ऐपले लाभार्थीहरूलाई महत्त्वपूर्ण राशन-सम्बन्धित जानकारी र सेवाहरू पहुँच गर्न मद्दत गर्दछ।

मुख्य विशेषताहरू सामेल छन्: मासिक खाद्यान्न हकदार विवरणहरू जाँच गर्नु

विगतको कारोबार विवरणहरू हेर्नु आधार-सिडिङको स्थिति प्रमाणित गर्नु

राष्ट्रिय पोर्टेबिलिटीको लागि योग्यता जाँच गर्नु

ओएनओआरसीको लागि स्वेच्छाले दर्ता गर्नु

जीपीएस प्रयोग गरेर नजिकैको उचित मूल्य पसलहरू पत्ता लगाउनु

मानचित्रणको माध्यमद्वारा नजिकैको एफपीएसमा पत्ता लगाउनु

मेरा राशन ऐपले लाभार्थीहरू, विशेष गरी आप्रवासीहरूलाई, नजिकैको एफपीएस पत्ता लगाउन र नयाँ क्षेत्रमा उनीहरूको खाद्यान्न हकदार पहुँच गर्न मद्दत गर्दछ।

ओएनओआरसीले खाद्यान्न पहुँच पोर्टेबल, राष्ट्रव्यापी र प्रविधि-सक्षम बनाएर सार्वजनिक वितरण प्रणालीलाई रूपान्तरण गरेको छ। सबै ३६ राज्य/केन्द्र शासित प्रदेशहरूमा यसको कार्यान्वयन, व्यापक पोर्टेबिलिटी लेनदेनसँगै खाद्य सुरक्षालाई मजबुत पार्न यसको बढ्दो भूमिकालाई प्रतिबिम्बित गर्दछ। डिजिटलाइज्ड लाभार्थी डेटाबेस, ईपीओएस-सक्षम उचित मूल्य पसल, सार्थक-पीडीएस फ्रेमवर्क र मेरा राशन ऐपको साथ प्रणाली अझ पारदर्शी, एकीकृत र लाभार्थी-केन्द्रित हुँदै गइरहेको छ। कुल मिलाएर, यी सुधारहरूले अन्तिम माइल डेलिभरीलाई बलियो बनाउँदैछन् र खाद्य सुरक्षा लाभार्थीहरू जहाँ बस्छन् र काम गर्छन् त्यहाँ पुग्छ भन्ने कुरा सुनिश्चित गर्दैछन्।

BEFORE THE LD. SUB-DIVISONAL MAGISTRATE, EAST SIKKIM, AT GANGTOK

AFFIDAVIT

I, **Mr. Indra Bahadur Pradhan**, aged about 52 years, son of Mr. Kalu Ram Pradhan, Permanent resident of Lower Burtuk, under P.O & P.S: Gangtok, Sikkim, do hereby solemnly affirm on oath as follows:-

1. That my actual and correct name is "INDRA BAHADUR PRADHAN" which is recorded in my Aadhar card bearing no. 5063 8528 4890 and in my Driving License bearing no. SK 01 2017 0051787 and also in my Certificate of Identification bearing Serial no. 2186 Vol. No. II issued by office of the District Collector, Gangtok, Govt. of Sikkim.

2. That my wife actual and correct name is "RASHMI PRADHAN" which is recorded in her voter card bearing no. CNP0095588 and also in her Aadhar Card bearing no. 6445 7520 9384 issued by the Government of India.

3. That in my daughter namely Sraddha Pradhan's CBSE Marks Statement cum certificate bearing Regn no. G124/37221/0084 my name has been inadvertently recorded as "INDRA BDR PRADHAN and my wife spelling name has been inadvertently recorded as "RESHMI PRADHAN".

4. That this affidavit is made bonafide and to declare on oath that the person by the name "INDRA BAHADUR PRADHAN" and "INDRA BDR PRADHAN" is the name of one and the same identical person i.e. myself. And that the person by the name "RASHMI PRADHAN" and RESHMI PRADHAN is the name of one and the same identical person i.e. my wife.

5. That henceforth my name shall be called, known, written by the name "INDRA BAHADUR PRADHAN" and my wife name shall be called, known, written by the name "RASHMI PRADHAN" for all future practical purpose and purport whatsoever.

6. That this affidavit is made bonafide.

Deponent

CHANGE OF NAME

I, **Rachana Gurung Pradhan** W/o. Roshan Pradhan, residing at Development Area MW, Jeewan Theeng Marg, Below Glenz Lodge, Gangtok 737101, Sikkim India have changed my name and shall henceforth be known as **Rachana Gurung**, as declared before the Ld. Oath Commissioner, Gangtok Sikkim, vide affidavit Sl. No. A **472546** Dated 12/11/2026. **Rachna Gurung, Rachana Gurung Pradhan & Rachna Gurung** all are same and one identical person.

दीपावली मिलन कार्यक्रममा प्रधानमन्त्री मोदीको घोषणा

‘२०४७ सम्म पर्खिनु हुँदैन, ससाना सङ्कल्पबाटै विकसित भारतको लक्ष्य हासिल हुनेछ’



नयाँ दिल्ली, १२ नोभेम्बरः प्रधानमन्त्री नरेन्द्र मोदी बिहीवार नयाँ दिल्लीस्थित भारतीय जनता पार्टीको केन्द्रीय कार्यालयमा आयोजित परम्परागत ‘दीपावली मिलन’ कार्यक्रममा सहभागी भए। यस अवसरमा उनले सञ्चारकर्मीसँग खुलेर कुराकानी गर्दै पत्रकारिता र राजनीतिक सञ्चार क्षेत्रमा पछिल्ला केही दशकमा आएका ठूला परिवर्तनबारे चर्चा गरे। साथै, देशको विकासको भविष्यबारे आफ्ना विचार पनि साझा गरे। कार्यक्रममा प्रधानमन्त्रीले आफ्नो राजनीतिक जीवनको शुरुआती दिनसँग जोडिएका केही पुराना घटनाहरू पनि स्मरण गरे।

भाजपामा आफ्नो शुरुआती दिन सम्झँदै मोदीले सन् १९९० को दशकको एउटा घटना सुनाए। उनले पत्रकारहरूको एउटा समूह अचानक पार्टी कार्यालयस्थित आफ्नो कोठामा आएर आफू गुजरातको मुख्यमन्त्री बन्न लागेको जानकारी दिएको प्रसङ्ग सुनाए। प्रधानमन्त्रीले सञ्चारमाध्यम र राजनीतिक सञ्चार क्षेत्रमा आएको परिवर्तनबारे पनि चर्चा गरे। फ्याक्स मेसिन र प्रेस विज्ञप्तिको समयदेखि अहिलेको इन्स्टाग्राम रिल्सको युगसम्म आइपुग्दा सञ्चारको स्वरूपमा ठूलो परिवर्तन आएको उनले बताए। सन् २०४७ सम्म भारतलाई विकसित राष्ट्र बनाउने यात्राबारे चर्चा गर्दै उनले बाटोमा आउने साना-ठूला लक्ष्यहरू निरन्तर पूरा गर्दै गएमा यो उद्देश्य हासिल गर्न सकिने बताए।

११ अशोक रोडस्थित भाजपा मुख्यालयमा बिताएका दिनहरू सम्झँदै मोदीले सन् १९९० को दशकको शुरुआतमा देशव्यापी रूपमा आयोजना गरिएका दुई ठूला यात्राको व्यवस्थापन गर्ने जिम्मेवारी आफूलाई दिइएको बताए। त्यसबेला सञ्चारको माध्यम निकै फरक रहेको उनको भनाइ थियो। एउटा प्रेस विज्ञप्ति पठाउनसमेत फ्याक्स मेसिनको आवश्यकता पर्ने उनले स्मरण गरे।

पत्रकारहरूसँग भएको अप्रत्याशित घटनाबारे चर्चा गर्दै उनले भने, मलाई यो घटना स्पष्ट रूपमा याद छ। थाहा छैन, तपाईंहरूसँग त्यस्तो कस्तो शक्ति छ, जसले हामीलाई सधैं हैरान पारिरहन्छ! त्यसबेला यसबारे कसैलाई जानकारी थिएन। पार्टीका दुई-चार जना वरिष्ठ नेताहरूलाई मात्र यसको जानकारी थियो। म ११ अशोक रोडस्थित एउटा कोठामा बसेको थिएँ। अचानक एक दिन पत्रकारहरूको एउटा समूह मेरो कोठामा आइपुग्यो। त्यसबेला त्यहाँ महिलाहरूको एउटा टोली (महिला ब्रिगेड) पनि थियो। उनीहरूले मलाई भने, ‘हामीलाई मिठाई खुवाउनुहोस्।’ मैले किन भनेर सोध्दा उनीहरूले भने, ‘तपाईं गुजरात जाँदै हुनुहुन्छ, मुख्यमन्त्री बन्न लाग्नुभएको छ।’ त्यसबेला निकै कम मानिसलाई मात्र यो कुरा थाहा थियो, तर उनीहरूले कसरी हो जानकारी पाइसकेका थिए। अन्ततः उनीहरूले भनेको कुरा सत्य साबित भयो।

प्रधानमन्त्रीले पछिल्ला केही वर्षमा पत्रकारिता र राजनीतिक सञ्चार दुवै क्षेत्रमा व्यापक परिवर्तन आएको बताए। पत्रकारहरू समाचार सङ्कलन गर्ने कामबाट सम्पादकीय जिम्मेवारीमा पुग्दा उनीहरूको भूमिका र दायित्व स्वाभाविक रूपमा परिवर्तन हुने उनले बताए। सरकारको नेतृत्वमा आएपछि आफ्नो जिम्मेवारीमा पनि यस्तै परिवर्तन आएको उनको भनाइ थियो।

उनले भने, गत महिना मैले सरकार प्रमुखका रूपमा २५ वर्ष पूरा गरेको छु। यी २५ वर्षमा धेरै कुरा परिवर्तन भएका छन्। देश परिवर्तन भएको छ, विश्व परिवर्तन भएको छ र राजनीति गर्ने तरिका पनि परिवर्तन भएको छ। मोदीले बदलिँदो प्रविधिले सञ्चारमाध्यमको स्वरूप नै परिवर्तन गरिदिएको बताए। परम्परागत सञ्चारमाध्यमका लागि केही हिसाबले काम गर्न सहज भए पनि नयाँ चुनौतीहरू थपिएको उनको भनाइ थियो। आफ्नो अनुभव सुनाउँदै उनले फ्याक्स मेसिनमार्फत प्रेस विज्ञप्ति पठाउने समयदेखि अहिलेको इन्स्टाग्राम रिल्सको युगसम्म सञ्चार क्षेत्रमा आएको लामो परिवर्तन आफूले देखेको बताए। ‘विकसित भारत’ को परिकल्पनाबारे चर्चा गर्दै मोदीले भारतले पछिल्लो समय हासिल गरेका उपलब्धिहरूले यो लक्ष्य असम्भव नरहेको प्रमाणित गरेको बताए।


उनले पछिल्ला वर्षहरूमा भारतले हासिल गरेका उपलब्धिहरूतर्फ ध्यान दिन पनि आग्रह गरे। उनले उल्लेख गरेका प्रमुख उपलब्धिहरूमा चन्द्रमाको दक्षिणी ध्रुवनजिक पुग्नु, विश्वकै दोस्रो ठूलो मोबाइल फोन उत्पादक राष्ट्र बन्नु र चिनाब नदीमाथि विश्वकै सबैभन्दा अग्लो रेलमार्गीय आर्च पुल निर्माण गर्नु रहेका छन्।

उनले नवीकरणीय ऊर्जा र उद्यमशीलताको क्षेत्रमा भारतले गरेको प्रगतिबारे पनि चर्चा गरे। मोदीका अनुसार, पछिल्लो १२ वर्षमा देशको सौर्य ऊर्जा उत्पादन क्षमता ५० गुणाभन्दा बढीले बढेको छ। यसै अवधिमा भारतले विश्वकै तेस्रो ठूलो नवउद्यम प्रणालीसमेत विकास गरेको छ।

प्रधानमन्त्रीले ‘विकसित भारत’ को लक्ष्य हासिल गर्न सन् २०४७ को समयसीमालाई त्यस वर्षसम्म पर्खिनुपर्ने अर्थमा बुझ्न नहुने बताए। बरु, उनले यस यात्राको तुलना भारतको स्वतन्त्रता आन्दोलनसँग गरे। स्वतन्त्रता आन्दोलनका क्रममा पनि समय-समयमा साना-साना लक्ष्य निर्धारण गरी ती लक्ष्य हासिल गर्दै जाँदा पूर्ण स्वतन्त्रताको ठूलो उद्देश्यप्रति जनताको विश्वास बढ्दै गएको उनले बताए।

उनले भने, स्वतन्त्रता आन्दोलनलाई सम्झनुहोस्। पूर्ण स्वतन्त्रताको लक्ष्य एक-दुई दिनमै हासिल गर्न सकिने विषय थिएन। बिस्तारै साना-साना लक्ष्य निर्धारण गरिए र ती पूरा हुँदै जाँदा स्वतन्त्रता अवश्य प्राप्त हुन्छ भन्ने विश्वास जनतामा बढ्दै गयो। अन्ततः सम्पूर्ण देश यही सङ्कल्पका साथ एकजुट भयो। मोदीले ‘विकसित भारत’ को लक्ष्य हासिल गर्न पनि यस्तै विश्वास र सामूहिक सङ्कल्प आवश्यक पर्ने बताए। सन् २०४७ को प्रतीक्षा गर्नुभन्दा देशले यस यात्रामा निरन्तर साना-ठूला लक्ष्यहरू हासिल गर्दै अघि बढ्नुपर्ने उनको भनाइ थियो।

प्रेम, परिवार र राजनीतिक उतारचढ़ाउ समेट्दै सोनिया गान्धीले ल्याइन् संस्मरणको पुस्तक, राजनैतिक खेमामा हलचल



नयाँ दिल्ली, १२ नोभेम्बरः प्रमुख विपक्षी दल कङ्ग्रेसले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारविरुद्ध युवाहरूको बढ्दो असन्तुष्टिबाट राजनीतिक शक्ति पुनः प्राप्त गर्ने प्रयास गरिरहेका बेला पार्टीकी पूर्वअध्यक्ष सोनिया गान्धीले आफ्नो जीवनका प्रेम, पारिवारिक सम्बन्ध, जिम्मेवारी र वियोगका अनुभव समेटिएको संस्मरण सार्वजनिक गरेकी छन्। उनासी वर्षीया सोनियाको ‘विलिङ : अ जर्नी अफ लभ’ शीर्षकको पुस्तक गत मङ्गलबार सार्वजनिक भएको हो। इटालीको एउटा सानो गाउँमा जन्मिएर भारतको राजनीतिक शक्तिको केन्द्रसम्म पुगेकी उनले पुस्तकमा प्रेम, कर्तव्य र आफ्नो चिन्हारी खोज्दाको यात्रा समेटेकी छन्।

सन् १९४६ मा इटालीको क्याथोलिक परिवारमा जन्मिएकी सोनियाले सन् १९६५ मा क्याम्ब्रिजमा अध्ययनरत राजीव गान्धीलाई भेटेकी थिइन्। उनीहरूबीचको प्रेम विवाहमा परिणत भयो। सन् १९६८ मा विवाह गर्दा सोनियाले भारतको स्वतन्त्रता आन्दोलनका बेला जवाहरलाल नेहरूले जेलमा बुनेको धागोबाट तयार पारिएको साडी लगाएकी थिइन्। राजीवका हजुरबुबा नेहरू भारतका पहिलो प्रधानमन्त्री थिए भने आमा इन्दिरा गान्धीले सन् १९६६ मा प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेकी थिइन्। सन् १९८४ मा इन्दिराको हत्या भएपछि सोनियाले पारिवारिक राजनीतिक सङ्घर्ष नजिकबाट अनुभव गरिन्। उनले राजीवलाई राजनीतिमा प्रवेश गर्नबाट रोक्न आफूले निकै प्रयास गरेको र उनी प्रधानमन्त्री बन्ने प्रस्तावको विपक्षमा रहेको बताएकी छन्।

सन् १९९१ मा श्रीलङ्काको गृहयुद्धमा भारतको सैन्य हस्तक्षेपसँग जोडिएको आत्मघाती बम आक्रमणमा राजीवको हत्या भएपछि सोनिया छोरा राहुल र छोरी प्रियङ्काको पालनपोषणमा केन्द्रित भइन्। तर, सन् १९९८ मा काङ्ग्रेस नेताहरूको आग्रहमा उनले कमजोर बनेको पार्टीको नेतृत्व सम्हालिन्।

सन् २००४ को निर्वाचनमा काङ्ग्रेस विजयी भएपछि सोनियाले प्रधानमन्त्री बन्न अस्वीकार गर्दै अर्थशास्त्री मनमोहन सिंहलाई उक्त जिम्मेवारी दिइन्। भ्रष्टाचारका विवादले सिंह नेतृत्वको सरकार घेरिएपछि सन् २०१४ मा भारतीय जनता पार्टी (भाजपा) सत्तामा पुग्यो। त्यसयता मोदी नेतृत्वको भाजपाले आफ्नो प्रभाव विस्तार गर्दै आएको छ भने सोनियाको विदेशी जन्मलाई पनि राजनीतिक आलोचनाको विषय बनाइएको छ।

सन् २०१९ को निर्वाचनमा काङ्ग्रेसको पराजयपछि मोदीले राहुललाई ‘राजकुमार’ भन्दै आलोचना गरेका थिए। पछिल्लो समय युवाहरूको नेतृत्वमा भएका विरोध प्रदर्शनले काङ्ग्रेसलाई पुनः राजनीतिक गति दिएको छ। राहुलले निर्वाचन आयोगले भाजपालाई फाइदा पुग्ने गरी मतदाता सूचीमा हेरफेर गरेको आरोप लगाउँदै प्रदर्शनको नेतृत्व गरेका छन्। आयोगले भने उक्त आरोप अस्वीकार गरेको छ।

सोनियाले द हिन्दू अखबारसँगको अन्तर्वार्तामा पछिल्लो १२ वर्षमा भारतको लोकतन्त्र र संस्थाहरूमा ठूलो क्षति पुगेको बताएकी छन्। तर, मानिसहरूले त्यसलाई पहिचान गर्न थालेको र भारतका जनताले उचित शासन व्यवस्थामा फर्कने चाहना राख्ने विश्वास आफूमा रहेको उनले बताएकी छन्।

आम आदमी पार्टीद्वारा ३१ उम्मेदवारको नाम घोषणा, कैयौँ दिग्गजको टिकट काटियो

नयाँ दिल्ली, १२ नोभेम्बरः आम आदमी पार्टी (आप) ले बिहीवार २०२७ मा हुने पञ्जाब विधानसभा निर्वाचनका लागि आफ्ना ३१ उम्मेदवारको पहिलो सूची सार्वजनिक गरेको छ। यस सूचीमा सांसद गुरमीत सिंह ‘मीत हेयर’ को नाम पनि समावेश छ। उनलाई बरनालाबाट उम्मेदवार बनाइएको छ। उनले यसअघि पनि यसै क्षेत्रबाट विधायकका रूपमा प्रतिनिधित्व गरिसकेका छन्।

पार्टीले लाम्बीबाट कृषि मन्त्री गुरमीत सिंह खुडियाँ र खरडबाट पूर्वमन्त्री अनमोल गगन मानको टिकट काटेको छ। खुडियाँको स्थानमा उनका आफन्त रणधीर सिंह धीरा खुडियाँलाई उम्मेदवार बनाइएको छ। ‘आप’ ले होसियारपुरका सांसद राजकुमार चब्बेवाललाई फगवाडाबाट र पञ्जाबी अभिनेत्री सोनिया मानलाई राजा सांसीबाट उम्मेदवार बनाएको छ।

उता कृषि मन्त्री गुरमीत सिंह खुडियाँको टिकट काटिएको छ। उनको स्थानमा उनका आफन्त रणधीर सिंह धीरा खुडियाँलाई उम्मेदवार बनाइएको छ। पूर्वमन्त्री तथा विधायक अनमोल गगन मानको टिकट काटिएको छ। यस क्षेत्रमा अब परमिन्दर सिंह गोल्डीले चुनाव लड्नेछन्। सोही प्रकारले होसियारपुरका सांसद राजकुमार चब्बेवाललाई उम्मेदवार बनाइएको छ। पञ्जाबी अभिनेत्री सोनिया मानलाई ‘आप’ को उम्मेदवार बनाइएको छ भने चमकौर साहिब क्षेत्रबाट डा. चरणजीत सिंहको स्थानमा जसवीर सिंह गढीलाई उम्मेदवार बनाएको छ। डा. चरणजीत सिंहले अघिल्लो विधानसभा निर्वाचनमा पञ्जाबका पूर्वमुख्यमन्त्री चरणजीत सिंह चन्नीलाई पराजित गरेका थिए। गढी बहुजन समाज पार्टी (बीएसपी) छाडेर ‘आप’ मा प्रवेश गरेका थिए।

बरनालाः सांसद गुरमीत सिंह मीत हेयरले यसअघि विधायकका रूपमा प्रतिनिधित्व गरिसकेको क्षेत्रबाट चुनाव लड्नेछन्।

अरूणाचल प्रदेशमा हालसम्म लगभग ५० हजार भक्तजनबाट बुद्धका पवित्र अवशेषहरूप्रति श्रद्धाञ्जली

नयाँ दिल्ली, १२ नोभेम्बरः अरुणाचल प्रदेशमा शाक्यमुनि बुद्धका पवित्र अवशेषहरूको प्रदर्शनीले गहिरो भक्ति र धार्मिक श्रद्धा जगाएको छ, हालसम्म राज्यभरिका लगभग ५० हजार भक्तजनहरूले पवित्र अवशेषहरूलाई श्रद्धाञ्जली अर्पण गर्न भ्रमण गरिसकेका छन्। प्रदर्शनीले दोस्रो हप्तामा प्रवेश गर्दै अरुणाचल प्रदेशका विभिन्न भागका भक्तहरूलाई प्रार्थना गर्ने, आशीर्वाद लिने र पवित्र अवशेषहरूको आध्यात्मिक महत्त्व अनुभव गर्ने अवसर प्रदान गरिरहेको छ।



प्रदर्शनी अक्टोबर ३१, २०२६ मा गादेन नामग्याल ल्हात्से गुम्पा (तवाङ गुम्पा) मा सुरु भएको थियो र नोभेम्बर ७, २०२६ मा समापन भएको थियो। यस अवधिमा, तवाङ र छिमेकी क्षेत्रका ३१,००० भन्दा बढी भक्तजनहरूले प्रार्थना गर्न र पवित्र अवशेषहरूलाई सम्मान गर्न गुम्पाको भ्रमण गरेका थिए। तवाङमा प्रदर्शनीको समापनपछि, पवित्र अवशेषहरू नोभेम्बर ८, २०२६ मा बोमडिलाको लोअर गोम्पा भनेर चिनिने थुबचोग ग्यात्सेल लिङ (टीजीएल) गुम्पामा आइपुगे। प्रदर्शनीले स्थानीय समुदाय र छिमेकी क्षेत्रका भक्तजनहरूबाट उत्साहजनक प्रतिक्रिया प्राप्त गरेको छ। मानिसहरूले गहिरो आस्था र भक्तिका साथ प्रार्थना गर्न र पवित्र अवशेषहरूप्रति सम्मान जनाउन ठूलो सङ्ख्यामा गुम्पाको भ्रमण गरिरहेका छन्। स्थानीय समुदायको सहभागितामा यस क्षेत्रको बलियो बौद्ध परम्परा र आध्यात्मिक सम्पदालाई झल्काउँदछ। बोमडिलास्थित टीजीएल गुम्पामा सम्पन्न सार्वजनिक प्रदर्शनी नोभेम्बर १३, २०२६ सम्म जारी रहने छ, जसले भक्तजनहरूलाई पवित्र अवशेषहरूको दर्शन गर्ने थप अवसर प्रदान गर्ने छ। बोमडिला प्रदर्शनीको समापनपछि, पवित्र अवशेषहरू नामसाईको स्वर्ण पगोडामा जाने छन्, जहाँ तिनलाई नोभेम्बर १४ देखि २०, २०२६ सम्म सार्वजनिक पूजाका लागि खुला गरिने छ। यो प्रदर्शनी भारत सरकारको संस्कृति मन्त्रालयले राष्ट्रिय संग्रहालय, नयाँ दिल्ली, अरुणाचल प्रदेश सरकार र अन्तर्राष्ट्रिय बौद्ध महासंघ (आईबीसी, नयाँ दिल्लीसँगको सहकार्यमा आयोजना गरिरहेको छ। यस पहलले भारतको समृद्ध बौद्ध सम्पदाको संरक्षण र प्रवर्धन गर्न अनि बौद्ध समुदायहरूसँग देशको सांस्कृतिक र आध्यात्मिक सम्बन्धलाई सुदृढ पार्न भारत सरकारको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

बेङ्गलुरुमा आकार लिँदै भारतको पहिलो बुलेट ट्रेन, प्रतिघण्टा २४९ किलोमिटरको गति लक्ष्य

नयाँ दिल्ली, १२ नोभेम्बरः भारत आफ्नो उच्च-गतिको रेल महत्त्वाकाङ्क्षाको नजिक पुग्दै छ, मुम्बई-अहमदाबाद हाई-स्पीड रेल कोरिडोरको लागि बेंगलुरुको भारत अर्थ मुभर्स लिमिटेड (बीईएमएल) मा यसको पहिलो स्वदेशी बुलेट ट्रेन आकार लिँदै। रेल मन्त्रालयका अनुसार, रेल विशेष गरी भारतीय अवस्थाहरूको लागि डिजाइन गरिएको हो, जसले घरेलु इन्जिनियरिङलाई उन्नत प्रविधि, यात्रु आराम र पहुँचसँग जोड्दछ।

लगभग २०२ मिटर लम्बाइ भएको आठ-कोचको रेलको अधिकतम परीक्षण गति २८० किलोमिटर प्रतिघण्टा र योजनाबद्ध सञ्चालन गति २४९ किलोमिटर प्रतिघण्टा हुनेछ। यो ५५७ यात्रुहरू बोक्न डिजाइन गरिएको छ, जसमा दिव्यांगजन र कम गतिशीलता (पीआरएम) यात्रुहरूका लागि दुई तोकिएका ठाउँहरू समावेश छन्।

कन्फिगरेसनमा चार मोटर कार र चार ट्रेलर कारहरू समावेश छन्, जसमा ३२ सिट भएको सात मानक-वर्ग कोचहरू र २२ सिट भएको एउटा कार्यकारी-वर्ग कोच छन्। दुवै छेउमा रहेका चालकको क्याबहरूमा निर्णय लिने र सञ्चालन नियन्त्रण केन्द्रसँग सञ्चारलाई समर्थन गर्न बुद्धिमान अनबोर्ड नियन्त्रण प्रणालीहरू हुनेछन्। १६-कोच रेल बनाउन दुई आठ-कोच सेटहरू पनि जोड्न सकिन्छ।

यात्रु आराम सुविधाहरूमा भारतीय शरीरको मापन अनुरूप एर्गोनोमिकली डिजाइन गरिएका सिटहरू, एलईडी प्रकाश, ओभरहेड ब्यागेज र्याक, अतिरिक्त लगेज स्ट्यान्ड र ल्यापटप र मोबाइल उपकरणहरूको लागि पावर आउटलेटहरू समावेश छन्। चौडा झ्यालहरूले बाहिरी दृश्यहरू प्रदान गर्नेछन्, जबकि सिल गरिएको ग्याङवेहरूले यात्रुहरूलाई कोचहरू बीच सार्न अनुमति दिनेछ।

रेलमा बायो-डाइजेस्टर शौचालय, वाइफाइ-आधारित इन्फोटेनमेन्ट प्रणाली र अङ्ग्रेजी, हिन्दी र क्षेत्रीय भाषाहरूमा एलसीडी यात्रु जानकारी प्रदर्शनहरू पनि हुनेछन्। सार्वजनिक सम्बोधन प्रणाली, स्वचालित घोषणाहरू र आपत्कालीन टक-ब्याक एकाइहरूले यात्रुहरूलाई जानकारी प्राप्त गर्न र आवश्यक पर्दा रेल चालक दललाई सम्पर्क गर्न मद्दत गर्नेछन्। पहुँच अर्को प्रमुख विशेषता हो। प्लेटफर्मको उचाइसँग कोचको भुईंहरू पङ्क्तिबद्ध गरेर लेभल बोर्डिङलाई सहज बनाइनेछ, जबकि फिर्ता लिन सकिने ढोकाका चरणहरूले रेल र प्लेटफर्म बीचको खाडल कम गर्नेछ। व्हीलचेयर-अनुकूल ढोकाहरू, समर्पित सिट र शौचालय सुविधाहरू, र ब्रेल-सक्षम साइनेजले कम गतिशीलता भएका यात्रुहरूलाई समर्थन गर्नेछ।

प्रत्येक कोचमा तापक्रम र आर्द्रता नियन्त्रण गर्न दुई वटा तताउने, भेन्टिलेसन र वातानुकूलित (एचभीएसी) एकाइहरू हुनेछन्। ध्वनि इन्सुलेशन, आवाज-ड्याम्पिंग कोटिंग्स, बोगी कभरहरू, स्कर्टहरू र वायुगतिकीय फेयरिंगहरू आवाज र कम्पन कम गर्न डिजाइन गरिएको हो। रेलले २५ केभी, ५० हर्ट्जको सिंगल-फेज एसी ट्र्याक्सन प्रणाली प्रयोग गर्नेछ। यसको पुनर्जन्म ब्रेकिङ प्रविधिले ब्रेकिङको समयमा ऊर्जा पुनः प्राप्त गर्नेछ र यसलाई विद्युतीय प्रणालीमा फिर्ता फिड गर्नेछ, ऊर्जा दक्षतामा सुधार गर्नेछ।

वायुगतिकीय विकासमा नाक र कार्बडी प्रोफाइलहरूलाई अनुकूलन गर्न, हावा प्रतिरोध र अशान्ति कम गर्न, र सुरुङ दबाब तरङ्गहरू र ध्वनि बूम प्रभावहरूलाई कम गर्न कम्प्युटेशनल फ्लुइड डायनामिक्स सिमुलेशनहरू समावेश छन्। विशेष रूपमा डिजाइन गरिएको छत प्यानलहरू, वायुप्रवाह डिफ्लेक्टरहरू र बाहिरी प्रोफाइलहरूले वायुप्रवाहलाई अझ सुधार गर्नेछन्।

भारतीय वित्तीय संस्थामाथि एआईको सहायतामा साइबर आक्रमण

नयाँ दिल्ली, १२ नोभेम्बरः भारतका ब्याङ्क तथा वित्तीय संस्थामाथि एआई प्रयोग गरेर साइबर आक्रमण भइरहेको खुलासा भएको छ। भारतको साइबर सुरक्षा निकायले वित्तीय संस्थालाई लक्षित गरी भएका आक्रमणमा संलग्न समूहको नाम सार्वजनिक गर्दै प्रयोग गरिएका चार वटा एआईमा आधारित ह्याकिङ उपकरण पहिचान गरेको छ, तीमध्ये कम्तीमा दुई वटा उपकरण चीनसँग सम्बन्धित रहेको साइबर सुरक्षा अनुसन्धानकर्ताहरूले बताएका छन्।



भारतीय कम्प्युटर इमर्जेन्सी रेस्पोन्स टिम (सीईआरटी-इन) ले बिहीवार जारी गरेको चेतावनीपत्रमा ‘क्राफ्टी फाल्कन’ नाम दिएको ह्याकिङ समूहले गैरब्याङ्किङ वित्तीय संस्था, फिनटेक कम्पनी र क्रिप्टोकरेन्सी एक्सचेन्जहरूमा साइबर हमला गरेको उल्लेख छ। तर सीईआरटीइनले आक्रमणकारी समूहको वास्तविक पहिचान, त्यसको सञ्चालन केन्द्र वा कुन संस्थाले आक्रमण गराएको हो भन्नेबारे खुलाएको छैन। आक्रमण राज्य प्रायोजित भएको प्रमाण पनि प्रस्तुत गरिएको छैन। भारतमा पछिल्ला केही सातादेखि ब्याङ्क तथा गैरब्याङ्किङ वित्तीय संस्थामाथि साइबर आक्रमणका घटना बढिरहेका बेला यस्तो चेतावनी आएको हो। यसअघि भारतीय अधिकारीहरूले साइबर सुरक्षासम्बन्धी सतर्कता जारी गरेका थिए भने भारतीय रिजर्भ ब्याङ्कले पनि वित्तीय संस्थाको साइबर सुरक्षा जाँच कडा बनाएको थियो। सीईआरटीइनका अनुसार आक्रमणकारीहरूले सार्वजनिक रूपमा उपलब्ध एआई उपकरण प्रयोग गरी अत्यन्त तीव्र गतिमा प्रणालीमा अनधिकृत प्रवेश गर्ने गरेका छन्। निकायले यसलाई ‘मेसिनको गतिमा’ सञ्चालन हुने सक्रिय र निरन्तर साइबर खतरा भनेको छ।

उसले पहिचान गरेका चार उपकरणमा आर्टेक्स, पेन्टएजीआई, केर्न र साइबरस्ट्राइकएआई छन्। साइबर सुरक्षा अनुसन्धानकर्ताहरूले यीमध्ये कम्तीमा दुई उपकरण चीनसँग सम्बन्धित रहेको बताएका छन्। साइबर सुरक्षा कम्पनी क्राउडस्ट्राइकका अनुसार चीनमा विकसित आर्टेक्स उपकरण सेप्टेम्बरको अन्त्यदेखि दक्षिण कोरियाका ब्याङ्कहरूमाथि भएका साइबर आक्रमणमा प्रयोग भएको थियो। कम्पनीले चीनसँग सम्बन्धित एउटा समूहले यही उपकरण प्रयोग गरी कम्तीमा १४ देशका २०० भन्दा बढी संस्थालाई लक्षित गर्दै जासुसी अभियान सञ्चालन गरेको पनि जनाएको छ। सीईआरटीइनले आक्रमणबाट प्रभावित कम्पनीहरूको नाम र चोरी भएको रकमबारे भने जानकारी दिएको छैन। उसले उल्लेख गरेका उपकरणहरू इन्टरनेटमा निःशुल्क उपलब्ध थिए। यद्यपि, दक्षिण कोरियाका ब्याङ्कमाथिको आक्रमणसँग सम्बन्ध जोडिएपछि आर्टेक्सका विकासकर्ताले गत महिना उक्त उपकरणलाई निजी पहुँचमा सीमित गरेका थिए। भारतको सीईआरटी-इन, भारतीय साइबर अपराध समन्वय केन्द्र र सूचना प्रविधि मन्त्रालयले यस विषयमा तत्काल प्रतिक्रिया दिएका छैनन्। सीईआरटीइनका अनुसार ‘क्राफ्टी फाल्कन’ समूहले एआईको सहयोगमा आफ्ना लक्ष्यहरूको अध्ययन तथा निगरानी गर्छ। त्यसपछि सम्बन्धित संस्थाकै भुक्तानी र रकम वितरण प्रणाली प्रयोग गरेर पैसा अन्यत्र सार्ने गर्छ। आक्रमणकारीहरूले बिदा, सप्ताहान्त र सुरक्षा निगरानी कमजोर हुने अन्य समयमा आक्रमण गर्ने गरेको पनि चेतावनीपत्रमा उल्लेख छ।

कश्मीर भारतको हिस्सा थियो, छ र सधैं रहनेछः फारूख अब्दुल्लाह

श्रीनगर १२ नोभेम्बर (हिस)ः किश्तवाड़मा दुई विशेष पुलिस अधिकारी (एसपीओ)-हरूको हत्या सहित जम्मू-कश्मीरमा भएका केही सुरक्षा घटनाहरूबीच जम्मू-कश्मीर नेशनल कन्फ्रेन्सका अध्यक्ष फारुख अब्दुल्लाले बिहीवार पाकिस्तानलाई आतङ्कवाद अन्त्य गर्न र बाँकी मुद्दाहरूको समाधान गर्नका लागि वार्ताको विकल्प रोज्ने आह्वान गरे। अब्दुल्लाले भने, ‘‘मानिसहरू आतङ्कवाददेखि डराउनु हुँदैन। कश्मीर भारतको हिस्सा थियो, छ र सधैं रहनेछ भन्ने कुरा पनि उनले दोहोऱ्याए। उनले वार्ता र क्षेत्रीय सहयोगलाई सहज बनाउनको लागि दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) लाई पुनर्जीवित गर्नुपर्ने कुरामाथि जोड़ दिए। उनले भने, ‘‘आतङ्कवाद छ, तर हामी यसबाट डराउनु हुँदैन।

उनले भने, ‘‘मैले सदैव पाकिस्तानलाई भन्दै आएको छु कि आतङ्कवादलाई अन्त्य गर्नुहोस्, आतङ्कवादले कतै पनि पुऱ्याउँदैन। सम्वादको मार्ग चयन गर्नुहोस्, त्यो समाधान खोज्ने एक मात्र तरिका हो। हामी कुनै समय एउटै राष्ट्रका अङ्ग थियौँ ....,हामीले सार्कलाई पुनर्जीवित गर्नुपर्छ ताकि हामी सबै सँगै बस्न सकौ, आफ्ना समस्याहरू समाधान गर्न सकौँ र प्रगतिको दिशामा अघि बढ्न सकौँ।

हिमाली बेला

सम्पादकीय पृष्ठ ४

वर्ष–२०; अङ्क–३००; वि.सं. २०८३, कार्तिक २७ गते; गान्तोक, शुक्रवार, १३ नोभेम्बर, २०२६

नैतिकता नै वास्तविक शक्ति हो।

❑ लियो टल्स्टय

सम्पादकीय

योग्यतालाई पहिलो प्राथमिकता दिनु जरुरी

हालै बिहार सरकारले शिक्षक भर्तीमा डोमिसाइल सम्बन्धी नीतिगत निर्णय लिएको छ, जसले चिन्ता बढ्एको छ। ३२,००० शिक्षक भर्तीको विज्ञापनमा लगाइएको शर्त भनेको बिहारमा विवाह गरेका अन्य राज्यका महिलाहरूले बिहारमा बसोबास र आरक्षणको लाभ लिन सक्ने छैनन्। ती महिलाहरू मात्र जसका आमाबाबाको ठेगाना बिहारमा छ, उनीहरू मात्र यो लाभको लागि योग्य हुनेछन्। बिहारमा पतिको बसोबास प्रमाणित गर्ने प्रमाणपत्र मान्य हुनेछैन। बिहारकी बुहारी बनेकी र जसका पति बिहारको बासिन्दा हुन्, ती महिलालाई शिक्षक बन्ने अधिकार किन अस्वीकार गर्नुपर्छ?

पछिल्ला केही वर्षमा बिहारमा लाखौँ शिक्षक भर्ती भएका छन्, तर त्यस्तो कुनै आवश्यकता थिएन, त्यसोभए अहिले किन यो आवश्यक छ? के छोरीहरूलाई अगाडि बढ्राउन चाहनुपर्छ वा यस्ता शर्तहरू लगाएर उनीहरूको बाटोमा अवरोध सिर्जना गर्नु उचित हो? जब केन्द्र र राज्य सरकारले छोरीहरूलाई अगाडि बढ्राउन विभिन्न योजना लागू गरिरहेका छन् र सम्पूर्ण समाजले तिनीहरूबाट लाभान्वित भइरहेको छ, यस्तो अवस्था उपयुक्त देखिँदैन। अन्ततः, योग्यता नोकरी नियुक्तिमा प्रमुख कारक हुनुपर्छ, बसोबास वा कुनै विशेष वर्गसँग सम्बन्धित हुनु मात्र होइन।

देशका संविधान निर्माताहरूले देशको एकता र अखण्डताको लागि दूरदर्शी प्रावधान बनाए, जसले गर्दा महादेश जस्तो विशाल तथा विविधतापूर्ण देशलाई एकसाथ राख्न सम्भव भयो। यसैकारण पूर्व बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलको भारत ५० वर्षभित्र विखण्डित हुने भविष्यवाणी गलत साबित भयो। भारतलाई विश्वभरि लोकतन्त्रको मोडेलको रूपमा हेरिन्छ र यसको सबैभन्दा ठूलो कारण यसको विविधता हो। भारतमा भाषा, बोली, सम्प्रदाय, संस्कृति, रीतिरिवाज र जीवनशैलीको विविधता धेरै कम देशमा देखिन्छ। देशको प्रणालीले पनि यस विविधताबीच एकतालाई बलियो बनाउने प्रयास प्रतिबिम्बित गर्दछ।

आईएएस, आईपीएस र आईएफएसजस्ता अखिल भारतीय सेवाहरू यसका उदाहरण हुन्। केन्द्रिय सेवाहरूमा अधिकारीहरू पनि राष्ट्रव्यापी रूपमा नियुक्त हुन्छन्। यो परम्परा राजनीतिक प्रणालीमा पनि देखिन्छ। प्रधानमन्त्री मनमोहन सिंह पञ्जाबमा जन्मेका थिए र दिल्लीमा पढ्का थिए, जबकि उनी असमबाट राज्यसभामा निर्वाचित भएका थिए। त्यस्तै, इन्दिरा गान्धीको राजनीतिक आधार उत्तर प्रदेश र दिल्लीमा केन्द्रित थियो, तर उनले कर्नाटक र आन्ध्र प्रदेशबाट पनि चुनाउ लड्की थिइन्। राष्ट्रिय एकताको दृष्टिकोणबाट सकारात्मक मानिने यस्ता सयौँ उदाहरणहरू पाउन सकिन्छ।

पछिल्ला केही दशकमा, आईआईटीजस्ता राष्ट्रिय संस्थानहरूले पनि यो एकतालाई नयाँ आयाम दिएका छन्। चेन्नईका एक विद्यार्थीले दिल्ली, गुवाहाटी वा कानपुरको आईआईटीमा पढ्छन् भने बिहारका एक विद्यार्थीले चेन्नईको एकमा पढ्छन्। यी संस्थानहरूमा देशका सबै राज्यका विद्यार्थीहरू एकसाथ अध्ययन गर्छन्। यहाँ केवल योग्यता र बुद्धिमत्ता महत्त्वपूर्ण छ, बसोबास होइन। यसको दूरगामी सामाजिक प्रभाव छ। विद्यार्थीहरूले अन्य राज्यका मानिसहरू, उनीहरूको संस्कृति र रीतिरिवाज बुझ्छन् र उनीहरूसँग बसेर विविधताको सम्मान गर्न सिक्छन्। यो सामाजिक एकताले राष्ट्रिय एकताको मेरुदण्डको रूपमा काम गर्दछ। त्यसैले बिहार सरकारको यस्तो निर्णय चिन्ताको विषय हो।

बिहारमा उद्योग र रोजगारीका अवसरहरूको अभावका कारण, त्यहाँका लाखौँ मानिसहरू देशभरिका विभिन्न राज्यमा काम गर्छन्। त्यसैले, यदि भोलि अन्य राज्यहरूले पनि यस्तै गरे भने परिणाम के हुनेछ? भाषाको नाममा पनि दैनिक विवादहरू उठ्छन्। केही दिनअघि महाराष्ट्रमा ट्याक्सी चालकहरूको लागि अनिवार्य मराठी भाषाको मुद्दा देखा पऱ्यो, जुन कुनै न कुनै रूपमा दबाइएको थियो। कन्नड भाषाको अनिवार्य प्रयोगको बारेमा कर्नाटकमा पनि विभाजनकारी आवाजहरू सुनिन थालेका छन्। तमिलनाडुको राजनीतिमा पछिल्ला ७० वर्षदेखि उत्तर भारतीय भाषाहरूको विरोध प्रमुख रूपमा रहेको छ।

कर्नाटक सरकारले हालै बेङ्गलुरु मेट्रोमा सबै जानकारी अङ्ग्रेजी र कन्नडमा मात्र प्रदर्शन गर्ने निर्णय गरेको थियो, जुन राम्रोसँग स्वीकार गरिएको थिएन। बेङ्गलुरुमा सबै राज्यका मानिसहरू बस्छन्, जसमध्ये धेरैले हिन्दी वा हिन्दुस्तानी बुझ्छन्। त्यसैले अङ्ग्रेजी र कन्नडमा मात्र जानकारी प्रदान गर्नाले अन्य राज्यका मानिसहरू, विशेष गरी श्रमिक वर्गलाई असुविधा हुन सक्छ। संविधानमा हिन्दीलाई आधिकारिक भाषाको दर्जा दिइएको छ, कर्नाटक सरकारले किन यस्तो नीति अपनाउँदैछ? दिल्ली, बेङ्गलुरु, अहमदाबाद, चेन्नई र पुणे जस्ता शहरहरू आफ्नो वैश्विक संस्कृतिको लागि परिचित छन्। देशभरिका नागरिकहरू यहाँ पूर्ण स्वतन्त्रताका साथ बस्छन् र काम गर्छन्। देशले बाह्य र आन्तरिक चुनौतीहरूको सामना गरिरहेको बेला नीतिहरू बनाउँदा विशेष रूपमा सतर्क हुनुपर्छ। राजनीतिक स्वार्थ वा कुनै विशेष वर्गको दबाउमा त्यस्तो कुनै कदम चाल्नु हुँदैन, जसको दीर्घकालीन परिणामले राष्ट्रिय हितलाई हानि पुऱ्याउन सक्छ।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

साइबेरियाको २ हजार ८०० वर्ष पुरानो चिहानमा गाँजा सेवनको सबैभन्दा प्राचीन प्रमाण

❝ यस अनुसन्धानले मध्यएसियाका प्रारम्भिक लौहयुगीन समुदायमा गाँजाको प्रयोगबारे निकै रोचक तथ्यहरू उजागर गरेको छ। यसअघि यस्तो प्रयोगको प्रत्यक्ष पुरातात्त्विक प्रमाण अत्यन्तै सीमित थियो ❞

पुरातत्त्वविद्हरूले झण्डै तीन हजार वर्षअघि मानिसले गाँजालाई नशालु पदार्थका रूपमा सेवन गर्ने गरेको अहिलेसम्मकै पुरानो सबल प्रमाण फेला पारेका छन्। दक्षिणी साइबेरियास्थित करिब २ हजार ८०० वर्ष पुरानो एउटा प्राचीन समाधिस्थलमा गाँजाका संरक्षित बीउ र मानव कपाल फेला परेपछि यस्तो तथ्य सार्वजनिक भएको हो। गत साता प्रतिष्ठित वैज्ञानिक जर्नल साइन्समा प्रकाशित भएको अध्ययन रिपोर्टअनसार अनुसन्धानकर्ताहरूले समाधिस्थलमा भेटिएका गाँजाका बीउ र मानव कपालको वैज्ञानिक परीक्षण गरेका थिए। स्विट्जरल्याण्डको बर्न विश्वविद्यालयका अनुसन्धानकर्ता तथा अध्ययनका प्रमुख लेखक जिनो कास्पारी भन्छन्, यस खोजले प्रागएतिहासिक समाजमा वनस्पतिबाट उत्पादित लागूपदार्थको प्रयोगबारे गरिँदै आएको अनुमानलाई प्रमाणित गर्ने आधार दिएको छ।

उक्त समाधिस्थल दक्षिणी साइबेरियाको उयुक उपत्यकामा अवस्थित छ। त्यहाँ विभिन्न उच्च सामाजिक हैसियत भएका व्यक्तिहरूको अवशेष भेटिएको छ। कास्पारी र उनका सहकर्मीहरू सन् २०१७ देखि उक्त क्षेत्रमा अनुसन्धान गरिरहेका छन्। उनीहरूले यो समाधिस्थल करिब २८०० वर्ष पुरानो भएको निष्कर्ष निकालेका छन्। यो समयलाई स्किथियन सभ्यताको प्रारम्भिक काल मानिन्छ। स्किथियनहरू घोड़ा चढ़ेर घुमन्ते जीवन बिताउने समुदाय थिए। उनीहरू घोड़ाबाटै धनुष चलाएर तीर हान्ने सीपका लागि परिचित थिए। उनीहरूले बनाएका उत्कृष्ट सुनका सामग्री पनि पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण मानिन्छन्। अनुसन्धानका क्रममा कास्पारी र उनको टोलीले समाधिस्थलभित्र साना काला थोप्लाहरू देखेका थिए। विस्तृत परीक्षणपछि ती गाँजाका बीउ भएको पहिचान भयो। अनुसन्धानकर्ताहरूले त्यहाँबाट एक हजार चार सयभन्दा बढ़ी बीउ सङ्कलन गरे। रेडियोकार्बन डेटिङ प्रविधिबाट परीक्षण गर्दा ती बीउ करिब २८०० वर्षअघि समाधिस्थलमा राखिएको पुष्टि भयो।

प्राचीन मानव अवशेषमा लागूपदार्थको परीक्षण

समाधिस्थलमा संरक्षित अवस्थामा रहेको मानव कपाल पनि अनुसन्धानकर्ताहरूले फेला पारेका थिए। उनीहरूले उक्त कपाललाई मास स्पेक्ट्रोमिटर प्रविधिबाट परीक्षण गरे। यो प्रविधिले कुनै नमुनामा रहेका रासायनिक पदार्थ तथा तिनका अणुहरूको पहिचान गर्न मद्दत गर्छ।

कास्पारी भन्छन्, 'करिब तीन हजार वर्ष पुराना वनस्पतिका अवशेष भेटिनु नै निकै दुर्लभ हो। त्यस्ता अवशेष मानव शरीरका कपालजस्ता नरम तन्तुसँगै भेटिनु झन् दुर्लभ हो। यसले हामीलाई तीन हजार वर्षअघि मृत्यु भएको व्यक्तिमा समेत लागूपदार्थको परीक्षण गर्न सम्भव बनाएको छ, उनले भने। कपालको रासायनिक परीक्षणमा टेट्राहाइड्रोक्यानाबिनोल (टीएचसी) भेटिएको थियो। टीएचसी गाँजामा पाइने प्रमुख मनो–सक्रिय रासायनिक तत्त्व हो, जसले मानिसको मस्तिष्क र चेतनामा प्रभाव पार्छ। यसका अतिरिक्त परीक्षणमा क्यानाबिनोल पनि भेटिएको थियो। टीएचसी हावाको सम्पर्कमा आएपछि रासायनिक परिवर्तन भएर बन्ने यौगिकलाई क्यानाबिनोल भनिन्छ। कपालमा यी दुवै रासायनिक तत्त्व भेटिनु अनुसन्धानकर्ताका लागि निकै महत्त्वपूर्ण उपलब्धि थियो। ''त्यो क्षण साँच्चिकै अद्भुत थियो,'' कास्पारीले भने। उनका अनुसार यो खोजले मानव समाजमा गाँजाको प्रयोगको इतिहास बुझ्न नयाँ आधार उपलब्ध गराएको छ। यसअघि वैज्ञानिकहरूले पूर्वी एसियामा कम्तीमा छ हजार वर्षअघि नै गाँजाको खेती हुने गरेको प्रमाण फेला पारेका थिए। अनुसन्धानकर्ताहरूका अनुसार त्यतिबेला गाँजाको खेती मुख्यतः तेलयुक्त बीउ उत्पादनका लागि गरिन्थ्यो। तर, गाँजालाई नशालु वा चेतनामा परिवर्तन ल्याउने पदार्थका रूपमा प्रयोग गरिएको प्रमाण भने यसअघि करिब २५०० वर्ष पुरानोसम्म फेला परेको थियो। मध्यएसियामा धार्मिक तथा अनुष्ठानजन्य गतिविधिमा यसको प्रयोग भएको प्रमाण पनि भेटिएको थियो।

धार्मिक अनुष्ठान र धामीझाँक्री विश्वाससँग सम्बन्ध

कास्पारीका अनुसार साइबेरियाको समाधिस्थलमा गाँजाको प्रयोगलाई धार्मिक तथा सांस्कृतिक अनुष्ठानको सन्दर्भमा बुझ्नुपर्ने हुन्छ। यो तत्कालीन समुदायका धामीझाँक्रीप्रतिको विश्वास तथा अभ्याससँग सम्बन्धित हुन सक्ने उनको भनाइ छ। झाँक्री परम्परागत धार्मिक तथा आध्यात्मिक विश्वासको एउटा स्वरूप हो। यसमा झाँक्री या तान्त्रिक भनिने व्यक्तिले आध्यात्मिक संसारसँग सम्पर्क स्थापित गर्न सक्ने विश्वास गरिन्छ। विभिन्न समुदायमा चेतनाको अवस्था परिवर्तन गर्ने वनस्पति तथा पदार्थहरू धार्मिक अनुष्ठानमा प्रयोग हुने गरेका छन्। कास्पारीका अनुसार समाधिस्थलमा दर्जनौँ घोड़ाको बलि दिइएको प्रमाण भेटिएको छ। त्यसका अतिरिक्त केही मानिसको पनि बलि दिइएको हुन सक्ने सम्भावना छ। ''समाधिस्थलमा दर्जनौँ घोडाको बलि दिइएको र सम्भवतः केही मानिसको पनि बलि दिइएको प्रमाण भेटिएकाले कुनै नराम्रो घटना हुनुअघि पीड़ितहरूलाई शान्त पार्न वा बेहोस बनाउन गाँजाको प्रयोग गरिएको हुन सक्छ। तर, हामीसँग यसलाई प्रमाणित गर्ने आधार भने छैन,'' उनले भने।

उनका अनुसार गाँजा मानव सभ्यताको इतिहासमा महत्त्वपूर्ण वनस्पति भए पनि यसको प्राचीन सांस्कृतिक इतिहासबारे आश्चर्यजनक रूपमा निकै कम जानकारी उपलब्ध छ। उदाहरणका लागि, प्राकृतिक रूपमा जङ्गलमा उम्रने वास्तविक जङ्गली गाँजाको स्वरूप कस्तो थियो भन्ने विषयमा समेत वैज्ञानिकहरू पूर्ण रूपमा निश्चित हुन सकेका छैनन्। ''अब हामीसँग युरेसियाली महादेशमा कम्तीमा तीन हजार वर्षदेखि मानसिक प्रभावका लागि गाँजा सेवन गरिँदै आएको प्रमाण छ। त्यतिबेलासम्म यसको प्रयोग चीनदेखि युरोपसम्म फैलिसकेको देखिन्छ,'' कास्पारीले भने। उनका अनुसार यो खोजले गाँजाको वैधानिकता र चिकित्सकीय प्रयोगसम्बन्धी वर्तमान बहसलाई ऐतिहासिक तथा सांस्कृतिक आधार प्रदान गर्न सक्छ।

गाँजाको प्राचीन डीएनए परीक्षण हुँदै

अनुसन्धानकर्ताहरूले समाधिस्थलबाट प्राप्त गाँजाका बीउको प्राचीन डीएनएको आनुवंशिक अनुक्रम पहिचान गर्ने काम पनि शुरु गरेका छन्। वनस्पतिका अवशेष सुरक्षित रहनु नै दुर्लभ भए पनि तिनको डीएनए सुरक्षित रहनु अझ कठिन हुन्छ। उक्त समाधिस्थलबाट प्राप्त बीउको डीएनए अहिलेसम्म फेला परेको सबैभन्दा पुरानो संरक्षित गाँजा डीएनए भएको कास्पारीको दाबी छ। कास्पारीका अनुसार आगामी केही वर्षभित्र अनुसन्धान टोलीले गाँजाको खेती, घरेलुकरण र यसको ऐतिहासिक विस्तारको प्रक्रियाबारे अहिलेसम्म स्थापित केही मान्यतालाई पुनर्लेखन गर्न सक्नेछ। घरेलुकरण भन्नाले मानिसले आफ्नो आवश्यकता र उपयोगिताअनुसार जङ्गली वनस्पति वा जीवलाई छनोट गरी खेती तथा पालनका लागि क्रमशः अनुकूल बनाउने प्रक्रियालाई बुझिन्छ।

अध्ययनले प्राचीन समाजमा गाँजाको प्रयोगबारे नयाँ प्रमाण दियो

बेलायतको म्यानचेस्टर विश्वविद्यालयमा बायोमेडिकल इजिप्टोलोजी विषयका मानार्थ प्राध्यापक रोजर फोरशाले उक्त अनुसन्धानमा प्रत्यक्ष सहभागिता जनाएका थिएनन्। तर, उनले सीएनएनसँग कुरा गर्दै यस अध्ययनले मध्यएसियाका प्रारम्भिक लौहयुगीन समुदायमा गाँजाको प्रयोगबारे महत्त्वपूर्ण जानकारी दिएको बताएका छन्।

''यस अनुसन्धानले मध्यएसियाका प्रारम्भिक लौहयुगीन समुदायमा गाँजाको प्रयोगबारे निकै रोचक तथ्यहरू उजागर गरेको छ। यसअघि यस्तो प्रयोगको प्रत्यक्ष पुरातात्त्विक प्रमाण अत्यन्तै सीमित थियो,'' उनले भने। उनका अनुसार समाधिस्थलमा भेटिएको मानव कपालमा गाँजाका रासायनिक अवशेष फेला पर्नुले गाँजाको सेवन भएको प्रत्यक्ष आणविक प्रमाण उपलब्ध गराएको छ। यसले समाधिसम्बन्धी धार्मिक अनुष्ठानमा गाँजा प्रयोग गरिएको हुन सक्ने व्याख्यालाई पनि बल पुऱ्याएको छ। यद्यपि, गाँजा कसरी सेवन गरिएको थियो वा समाधिसम्बन्धी अनुष्ठानमा यसको ठ्याक्कै भूमिका के थियो भन्ने विषयमा अनुसन्धानकर्ताहरू अझै निश्चित हुन सकेका छैनन्। ''गाँजा कसरी प्रयोग गरिएको थियो र समाधिसम्बन्धी अनुष्ठानमा यसको वास्तविक भूमिका के थियो भन्नेबारे हामी निश्चित हुन सक्दैनौँ। तर, यस खोजले प्राचीन समाजमा चेतनामा प्रभाव पार्ने वनस्पतिहरूको प्रयोगबारे हाम्रो बुझाइलाई निकै विस्तार गरेको छ,'' फोरसा भन्छन्।

टरेको छैन अमेरिका–चीन व्यापार युद्ध



● एडुआर्डो पोर्टर



अमेरिका र चीनबिचको व्यापार युद्धमा अहिले केवल विराम लागेको छ, तर दुवै पक्ष अपरिहार्यजस्तो देखिने अर्को चरणको व्यापार युद्धको तयारी गरिरहेजस्तो देखिन्छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुरु गरेको व्यापार युद्ध अहिले धेरै हदसम्म समाचारका शीर्षक बन्न छाड़ेका छन्। यद्यपि, यसको डर पूरै हटेको छैन। उदाहरणका लागि हालै ट्रम्पले अमेरिकी केन्द्रिय ब्याङ्क 'फेडरल रिजर्भ'ले ब्याजदर नघटाएसम्म व्यापार घाटा भएका देशसँग अमेरिकी व्यापार रोक्ने धम्की दिए। तथापि, विश्वका दुई ठुला अर्थतन्त्र चीन र अमेरिकाबिचको आर्थिक द्वन्द्वको चिन्ता भने केही कम भएको छ। बरु त्यस भयको स्थान कतै ट्रम्पले अमेरिकी लोकतन्त्रको अन्त्य पो गर्ने हुन् कि भन्ने डरले उछिनेको छ।

तथापि, युद्धविरामले सिर्जना गरेको शान्तिको भावना भ्रामक छ। पर्दापछाड़ि विश्व सम्भावित रूपमा अहिलेसम्मकै ठुलो स्तरको आर्थिक युद्धतर्फ अघि बढ़िरहेको छ, यो जुनसुकै वेला वास्तविकतामा परिणत हुन सक्छ। गतवर्ष वाशिङटन र बेजिङले बढ़्दो व्यापार द्वन्द्वबिच युद्धविराम गरे। त्यसले दुई देशबिचको तनाव कम गऱ्यो भने बदलाको भावनाले लगाइएको शुल्कवृद्धिलाई रोकिदियो। अहिलेको सौहार्द व्यापारको ढोका खोलिदिएको उक्त सहमतिको समयसीमा जनवरीसम्म थपिएको छ। तर, यसबिच चीन र अमेरिका दुवैले नयाँ शत्रुता रोक्ने पारस्परिक संयन्त्र निर्माणमा कुनै ठोस कदम चालेका छैनन्। बरु, दुवै देश अपरिहार्यजस्तो देखिने अर्को चरणको व्यापार युद्धमा आफ्नो हात माथि पार्न केन्द्रित भएजस्ता देखिन्छन्। उनीहरूले आर्थिक, प्राविधिक र सैन्य सर्वोच्चता सुनिश्चिततामा जोड़ दिन थालेका छन्। अहिलेको नयाँ 'हतियार होड़' विगतको भन्दा फरक छ। दुई शक्तिराष्ट्र एक–अर्कालाई ध्वस्त बनाउने हतियार निर्माणमा केन्द्रित छैनन्। बरु चीन र अमेरिका आ–आफ्ना अन्तरराष्ट्रिय आपूर्ति शृङ्खलाको लचिलोपन सुनिश्चित गर्न र प्रतिद्वन्द्वीको आर्थिक र प्राविधिक प्रगतिलाई अवरोध खडा गर्न लागिपरेका देखिन्छन्। प्रतिद्वन्द्वीको प्रगतिमा धक्का दिनु वा संकुचित पार्नु उनीहरूको उद्देश्य छ।

उल्लिखित दुई रणनीति कोभिड महामारीको समयमा पनि देखिएको थियो। सो अवधिमा चीनका राष्ट्रपति सी जिनपिङले 'चीनमाथिको अन्तरराष्ट्रिय उत्पादन शृङ्खलाको निर्भरतालाई सबल बनाउन र आफ्नो देशको आपूर्ति शृङ्खलालाई कृत्रिम रूपमा अवरोध गर्ने विदेशी शक्तिविरुद्ध शक्तिशाली प्रतिरोधात्मक क्षमता निर्माण गर्न' आह्वान गरेका थिए। उता, जो बाइडेनका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले कार्यकालको शुरुमा सरकारको लक्ष्य स्पष्ट पारेका थिए, 'सैन्य प्रयोग भएका सीमित उन्नत प्रविधिमाथि चीनको पहुँच सीमित गर्ने।' उनले यस रणनीतिलाई व्यापार र लगानी नियन्त्रणमार्फत कार्यान्वयन गरिने बताएका थिए।

पछिल्लो आधा दशकमा चीनमा अमेरिकी लगानीदेखि प्रविधि स्थानान्तरणमा उलेख्य विस्तार भयो। परिणामस्वरूप चीनको सैन्य क्षमतामा मात्र नभई यसको प्राविधिक प्रगति नै सुस्त बन्न पुग्यो। ट्रम्पको अनावश्यक भन्सार शुल्कको तैनाथीले यसलाई सघाउ पुऱ्याएन। उता चीन बढ़्दो रूपमा आक्रामक बन्दै गइरहेको छ। उसले नागरिक र सैन्य प्रयोगका लागि उच्च प्रविधियुक्त उद्योगका लागि आवश्यक पर्ने महत्वपूर्ण खनिजको आपूर्तिमा आफ्नो प्रभुत्वको फाइदा उठायो। गत वर्ष अमेरिकाले चीनमाथि भन्सार शुल्क बढ़ाएर र अत्याधुनिक सेमिकन्डक्टर र सेमिकन्डक्टर बनाउन प्रयोग हुने लिथोग्राफी मेसिनमा चीनको पहुँचमा रोक लगाउने प्रयास गऱ्यो। बदलामा चीनले ट्रम्प प्रशासनले नसोचेको कदम अर्थात् उसका दुर्लभ–खनिज र तिनबाट बन्ने चुम्बकको निर्यात रोकिदियो। अहिले चीनले यीमध्ये केही नियन्त्रण खुकुलो बनाएको छ। तथापि, अन्य कैयौँ प्रतिबन्ध भने कायमै छ। चीनले आफ्ना अत्यावश्यक सामग्रीको निर्यातमाथिको प्रतिबन्ध अमेरिकी कदमविरुद्ध बदला लिन मात्र होइन, अरू देशका मन नपरेका नीतिविरुद्ध प्रहार गर्नसमेत प्रयोग गर्न थालेको छ। अन्तरराष्ट्रिय ऊर्जा एजेन्सीको अनुमानअनुसार चीनले अमेरिका र युरोपको दुर्लभ खनिजबाट बन्ने चुम्बकमाथिको पहुँच रोक्ने हो भने यसले उनीहरूको अर्थतन्त्रलाई बर्सेनि लगभग १५ खर्ब डलर क्षति हुन्छ।

आपूर्ति शृङ्खलाको युद्ध अब कुन दिशातर्फ बढ़्ला? चीनको अग्रता तोड्न ट्रम्प प्रशासनले दुर्लभ खनिजहरूको उत्खनन तथा प्रशोधन गर्ने परियोजनामा करोड़ौँ डलर लगानी शुरु गरेको छ। अमेरिकाले अत्याधुनिक सेमिकन्डक्टरमा चीनको पहुँच सीमित गर्ने र तिनलाई बनाउन आवश्यक पर्ने यन्त्रमाथिको पहुँच रोक्ने प्रयासलाई दोब्बर बनाइरहेको छ। अर्कोतर्फ, चीनले कृत्रिम बुद्धिमत्ता (एआई) चिप्स र सौर्य ऊर्जा प्रविधिलाई समेटेर उच्च–प्रविधि निर्यात प्रतिबन्ध घोषणा गरेको छ। यसबाहेक उसले आफ्नो खनिजमाथिको निर्भरता घटाउने देशलाई दण्ड दिने चेतावनी दिएको छ। कतिपयले अझै पनि दुई देशबिच शान्तिपूर्ण सहअस्तित्वको सम्भावना रहेको आशा गर्छन्। यसका लागि सबैभन्दा पहिले आपूर्ति शृङ्खलामा रोक्न लायक 'वैध राष्ट्रिय सुरक्षा जोखिम' के हुन् भनेर साझा धारण बनाउनुपर्छ। सबै सहमत हुने 'मानक आधार'लाई परिभाषित गर्नु आवश्यक छ। अहिलेको विकासक्रम हेर्दा चीनले निकट भविष्यमा सम्भवतः नवीकरणीय ऊर्जा प्रविधि क्षेत्रमा अझ विशेष सौर्य ऊर्जा उद्योगमाथि अधिपत्य हासिल गर्ने देखिन्छ। त्यस्तै, विद्युतीय सवारी उद्योगमा पनि उसले प्रभुत्व जमाउन सक्छ। यो ब्रसेल्स र वासिंटनका लागि हानिकारक हुन सक्छ।

अर्कोतर्फ, चीनले पनि उसले अपनाएको 'मर्कन्टलिस्टिक' (वाणिज्यवादी) आर्थिक रणनीति बाँकी विश्वका लागि सहज नभएको स्विकार्नुपर्छ। निर्यातको विशाल वृद्धिलाई आयातको शून्य वृद्धिसँग जोड्ने नीति दिगो हुँदैन। हेर्दा कार्यान्वयन गर्न सकिनेजस्तो देखिए पनि यसले विश्व अर्थतन्त्र शान्तिपूर्ण रहने सम्भावना घटाउँछ। दोस्रो विश्वयुद्धको प्रारम्भिक चरणमा राष्ट्र सङ्घ (लिग अफ नेसन)ले कच्चापदार्थमा पहुँच घटाइदिएपछि प्रमुख राष्ट्रले छिमेकी देशको भूमि कब्जा गरेको प्रयासलाई सम्झनु उपयुक्त हुन्छ। अर्थात्, जापानलाई अमेरिकी कबाड़ीका स्टिल र तेल बिक्रीमा रोक लगाएपछि उसले पर्ल हार्बरमा आक्रमण गरेको इतिहास हेर्दा पनि हुन्छ। अमेरिकी लड़ाकु विमान, पनडुब्बीदेखि मिसाइलसम्म दुर्लभ खनिजबाट बन्ने चुम्बक प्रयोग हुन्छ। यदि चीनले यी सामग्रीमा पहुँच रोक्यो भने के होला? परिस्थिति अनौठो छ। कुनै समय देशबिच सकारात्मक अन्तरनिर्भरता कायम राखेर व्यापारले विश्व शान्ति प्रवर्द्धन गर्ने आशा गरिएको थियो। तर, जमाना फेरिएको छ। अन्तरनिर्भरता एक जोखिममा परिणत भएको छ। आगामी पुस्ताको उन्नत प्रविधिमा नियन्त्रणका लागि चीन र अमेरिकाबिचको प्रतिस्पर्धा तीव्र बनेसँगै व्यापार एउटा युद्ध मैदानमा परिणत भएको छ। ●

काम देखाउनु पनि आवश्यक

आफ्नो कामको जानकारी



मैले राम्रो काम गरेको छु र मेरो कामको मूल्याङ्कन भएको छ भनेर दुक्क हुनु हुँदैन। कार्यालयमा आफूले गरेको कुनै पनि कामको विषयमा आफ्नो बोसलाई जानकारी गराउनुपर्छ। आफूले गरेको कामको व्यहोरा पनि आफ्नो साथमा राख्नुपर्छ। हरेक मानिसको आफ्नै विशेषता हुन्छ।। त्यसका बारेमा बोसलाई बताउनुपर्छ।

स्मार्ट टिप्स

आफ्नो कामको प्रशंसा त गर्नुपर्छ तर आलोचित हुने हिसाबले बढ्दो प्रशंसा भने गर्नु हुँदैन। बोसलाई केवल आफ्नो कामका बारेमा बताउनुपर्छ अरूले के गरिरहेका छन् भन्ने कुरा चाहिँ भुलेर पनि गर्नु हुँदैन।

लक्ष्य निर्धारण

आफ्नो लक्ष्य तयार गर्नुपर्छ। आफूले काम गरेको कार्यालयको हितको विषयमा आफू सदैव चिन्तित हुनुपर्छ। आफूले काम गरेको संस्था कुन लक्ष्य लिएरअघि बढ्दा फाइदा हुन्छ यकिन गर्नुपर्छ र उक्त विषयमा आफ्नो बोसलाई बताउनुपर्छ। यसले गर्दा कार्यस्थलमा आफ्नो सकारात्मक छवि बन्छ।

स्मार्ट टिप्स

जोसमा आएर कुनै त्यस्तो लक्ष्य तय गर्नु हुँदैन जसलाई पूरा गर्न हम्मे-हम्मे होस्। आफूले पूरा गर्न सकिने लक्ष्य लिनुपर्छ। कसैलाई प्रभावित तुल्याउने लोभमा आफ्नो अस्तित्व बिर्सनु हुँदैन।

नयाँ-नयाँ अवधारणाको विकास

कुनै पनि कार्यालयमा सिर्जनशील तथा कल्पनाशील व्यक्तिलाई प्राथमिकता दिइन्छ। उनीहरूलाई व्यवस्थापनले हेर्ने दृष्टिकोण पनि फरक हुन्छ। आफ्नो दिमागमा कुनै विचार छ भने त्यसलाई भन्नुपर्छ। बिनासङ्कोच विचार आदान-प्रदान गर्नुपर्छ। आफूले दिएको विचार कसैलाई मनपऱ्यो भने सबैको प्रशंसा प्राप्त गर्न सकिन्छ।।

स्मार्ट टिप्स

कुनै नयाँ विचार फुर्नेबित्तिकै तुरुन्तै बोसकहाँ जानुको साटो त्यसको परिणाम के हुन्छ, पहिल्याएर लागू गर्ने निर्णय गरेपछि मात्र बोसलाई बताउनुपर्छ। आफू पूर्णरूपमा तयार भएपछि मात्र बोससँग सम्पर्क मा रहनुपर्छ। पूर्णरूपमा गृहकार्य गरेपछि मात्र आफ्नो योजना बताउनुपर्छ।

कामको रेकर्ड राख्नु

वेतनको विषयमा आफूप्रति न्याय भएको छैन भन्ने अनुभव भएको छ भने आफूले गरेको कामको जिम्मेवारीको रेकर्ड राख्नुपर्छ। आफूलाई उक्त परियोजना कहिले दिएको आफूले कुन-कुन जिम्मेवारी पूरा गर्ने हो निश्चित गर्नुपर्छ। बोससँग मीठा-मीठा कुरा गरेर सदैव फाइदामा रहने कर्मचारीहरूको कमी हुँदैन। आफूले गरेको कामको रेकर्ड राखेर त्यसबाट फाइदा उठाउन सकिन्छ।

स्मार्ट टिप्स

कामको रेकर्ड बनाउँदा त्यसलाई पूरा गर्न नसकिने तथा हाँसो उठ्ने खालको बनाउनु हुँदैन। पूरा इमान्दार भएर रेकर्ड राख्नुपर्छ। ब्रान्डिङ तथा बजारीकरणको सिद्धान्तअनुरूप सुन्दर वस्तुको माग बढ्दै हुन्छ।। सामानको गुणस्तरका साथै त्यसको प्याकेजिङ तथा लेबलिङलाई पनि प्राथमिकता दिनुपर्छ। बाहिरी आवरण राम्रो छ भने त्यसले ग्राहकहरूको मनमा तुरुन्तै प्रभाव पार्छ। त्यसैगरी कार्यालयमा सदैव राम्रो पहिरनमा जानुपर्छ। राम्रो पहिरनले व्यक्तित्वमा निखार ल्याउँछ।। मानिसहरूले नोटिस गर्छन् फलतः कार्यालयमा आकर्षणको केन्द्र बन्न सकिन्छ। पहिरनका साथै आफ्नो कुरा पूरै आत्मविश्वासपूर्वक प्रस्तुत गर्ने बानी बसाल्नुपर्छ।

स्मार्ट टिप्स

कार्यालयमा कुनै ड्रेस कोड छैन भने पनि औपचारिक पहिरन लगाउनुपर्छ। यसले आत्मविश्वास बढ़ाउनुका साथै छवि पनि राम्रो बनाउँछ।

नबोल्दा हुने नोक्सानी

- कामको नोटिस हुँदैन।
- बोसले जिम्मेवारी दिनुअघि सोच्न थाल्छन्।
- काम गर्ने मानिसको गन्तीमा पर्दिन।
- आफ्नो कामको जस अरूले नै लिन्छन्।



प्लस साइजका महिलाले कस्तो पहिरन लगाउने

अण्डरगार्मेन्ट फिटिङ र राम्रो क्वालिटीको हुनुपर्छ अन्यथा पहिरनको सेप नमिलेर शरीर झन भद्दा देखिन्छ।

- सपिङ गर्दा फरक साइज अर्थात् ठूलो-सानो साइज पनि प्रयोग गरेर हेर्नुपर्छ। सधैं लगाइरहेको भन्दा अर्को साइज आफूलाई अझ राम्रोसँग फिट हुनसक्छ।
- मोटा शरीर भएको महिलाले ठूलो प्रिन्टका फेब्रिक छान्नु हुँदैन। सकभर स-साना बुट्टा नै छान्नुपर्छ। बुट्टाको प्लेसमेन्ट जस्तोसुकै भए पनि आँखा माथिबाट तल फ्लो हुने खालको अर्थात् भट्किल हुनुपर्छ। यसले बडीको सेपलाई स्लिम लुक्स दिन्छ। चारपाटे तथा जिक ज्याक आकारको कपडा छनौट गर्नु हुँदैन।
- कालो रङ्गले मात्र स्लिम देखाउने विश्वासबाट अघि बढ़े अन्य ब्राइट कलर पनि प्रयोग गर्नु उपयुक्त हुन्छ। सकेसम्म एउटै कलरको पहिरन लगाउनुपर्छ। दुई-तीनवटा कलरका पहिरन लगाउँदा मोटो र होचो देखिन्छ।
- कपडाको क्वालिटीमा सम्झौता गर्नु हुँदैन। लाइक्राजस्ता पहिरन शरीरमा टाँसिन्छ। यस्ता शरीरमै टाँसिने कपड़ा छान्नु हुँदैन।
- भी नेकका पहिरनले अग्लो र स्लिम देखाउँछन्।
- मोटो शरीर भएको महिलाले लेगिन्स लगाउँदा त्यसले अझ भद्दा देखाउँछ।
- रेडिमेड पहिरनको तुलनामा डिजाइनरसँग सल्लाह गरी आफ्नो शरीरको बनावट अनुकूल पहिरन तयार गराउँदा फिट र स्लिम देखिन्छ।
- प्लस साइजका प्रायः महिलाहरूको कम्मर र पुठ्ठा (हिप) बराबर जस्तै हुन्छ। त्यसैले कम्मर र हिप डिफाइन्ड गर्न बेल्टसमेत लगाउनु उपयुक्त हुन्छ। यसमा बेल्ट लुज भए पनि केही फरक पर्दैन।
- चुज पाइन्ट नलगाई फ्लेयर भएको पाइन्ट लगाउनुपर्छ। यसले अग्लो देखाई स्लिम देखाउन मद्धत गर्छ।
- मोटो शरीर भएका महिलाहरूले प्रायः एसेसरिज लगाउँन रुचाउँदैनन्। तर प्लस साइजका महिलाहरूले एक्सेसरीजको प्रयोग गर्नु राम्रो हुन्छ। यसले अरूको ध्यान एसेसरिजमा केन्द्रित गर्छ, फिगरमा धेरैको ध्यान जान पाउँदैन।
- धेरै टाइट स्कर्ट नलगाई एलाइन ड्रेस लगाउँदा बढ़ी मोटोपन देखिन पाउँदैन भने चोलीमा ज्वाइन पहिरन नलगाई सोझै फ्लो भएको पहिरनले आँखा ब्रेकडाउन हुँदैन र स्लिम देखिन्छ।
- ब्लाउजमा बोट नेक लगाउँदा भद्दा देखिने हुँदा भी नेक छान्नु उपयुक्त हुन्छ।
- पेन्सिल स्कर्ट नलगाइ फ्लेयर स्कर्ट लगाउनुपर्छ। पेन्सिल स्कर्टले हिप ठूलो देखिन्छ। स्कर्टको लम्बाइ घुँडासम्म मात्र हुनुपर्छ। घुँडा मुनिसम्मको स्कर्टले उँचाइ सानो र मोटो देखाउँछ।

नोकरीमा धेरै वेतन पाउन चाहनुहुन्छ? पछ्याउनुस् यी सूत्र



चरम महँगी बढ़ेको बेला कसैकोमा नोकरी गर्नु सबैभन्दा ठूलो चुनौतीको विषय बनेको छ अहिले। वेतनका लागि मोलतोल गर्नुपर्ने, त्यो भन्दा अघि आफू अनुकूल नोकरी खोज्नुपर्ने, यस्ता झञ्झटबाट अहिलेका सबै युवा पुस्ता बच्न चाहन्छ। आफ्नो क्षमता अनुकूल व्यवसायमै रमाउने उनीहरूको उद्देश्य हुन्छ। तर नोकरी नै खानेहरूका लागि भने कसरी बढ़ी पैसा पाउने वातावरण बनाउने भन्ने विषयमा केही महत्वपूर्ण टिप्स यहाँ प्रस्तुत गरिएको छ। सन् २०१५ मा गरिएको एक सर्वेक्षण अनुसार ३८ प्रतिशत अमेरिकन ग्राजुएट्स नोकरी गर्ने क्रममा मालिकले जति वेतन अफर गर्छन्, त्यति नै स्वीकार गरेर काम गरिरहेका हुन्छन्। नोकरी दिने हरेक कम्पनीले आफ्नोमा काम गर्न आउने कामदारले वेतनको विषयमा मोलमोलाई गरोस् भन्ने चाहना राख्छन्, जसले कम्पनीले जति भन्यो त्यति नै वेतनमा काम गर्ने तत्परता देखाउँछ, त्यस्तो कामदारलाई कम्पनी सञ्चालकहरू नराम्रो दृष्टिले हेर्ने गर्छन्। उसो भए अब प्रश्न उठ्छ, नोकरी खोज्ने क्रममा आफूले पाउने वेतनमा कसरी मोलमोलाई गर्ने, जसले तपाईंले राम्रो वेतन स्केल पनि पाउनुहोस् र तपाईंलाई नोकरी खाने क्रममा कुनै दिक्दारी पनि नहोस्। सौदाबाजी गर्न कमजोरहरूले त यो कुरा अझ धेरै जान्नुपर्दछ, किनकि तपाईंले गरेको श्रमको उचित मूल्य पाउनु तपाईंको हक हो र वेतन स्केल र तपाईंको स्ट्याण्डर्डले तपाईंको करिअरलाई पनि धेरै प्रभाव पारिरहेको हुन्छ। आउनुहोस् पढौं राम्रो वेतन पाउनका लागि जानुपर्ने केही टिप्स :

तयारी गरी जानुहोस्

अन्तरवार्ताका लागि जाँदै हुनुहुन्छ भने तपाईंले राम्रो तयारी गर्नुपर्ने हुन्छ। जुन पदका लागि तपाईं अन्तरवार्ता दिन जाँदै हुनुहुन्छ, त्यो पदका लागि बजारमा औसत कति वेतन तथा के कस्तो सेवासुविधा दिइने गरिएको छ भन्ने कुरा बुझ्नुहोस्। तपाईको जस्तै पदमा कुनै अर्को कम्पनीले कति वेतन दिइरहेको छ भन्ने कुरा पनि बुझ्न जरुरी हुन्छ। आफन्त, तपाईंका नजिकका साथीभाइसँग पनि यो विषयमा बुझ्न सक्नुहुनेछ। जुन कम्पनीमा तपाईं काम गर्न जाँदै हुनुहुन्छ, त्यहाँका कुनै पुराना कर्मचारीसँग तपाईंको सङ्गत वा चिनजान भए उनीहरूसँग समेत अन्य कुरा बुझ्दा फाइदा हुन्छ। कारण यस्ता कर्मचारीले तपाईंलाई कम्पनीको काम, त्यहाँको माहौल र वेतन स्केल तथा अन्य सेवासुविधाको विषयमा जानकारी दिनसक्छन। अर्कोतर्फ जसका कारण तपाईं कुनै पदमा नोकरी खान इच्छुक भएर जाँदै हुनुहुन्छ त्यस्तो व्यक्ति वा कम्पनीसँग पनि तपाईंले कुरा गर्नु उत्तम हुनेछ। अर्कोतर्फ कुनै कम्पनीको नोकरी दिन वा त्यस्तो अवसरको व्यवस्थापन जुराइदिने एजेन्सीलाई समेत आफूले काम गर्न चाहेको कम्पनी, त्यसले उपलब्ध गराउने वेतन तथा सेवा सुविधाको विषयमा जानकारी लिन सकिन्छ, कारण यस्ता एजेन्सीसँग यस्ता विषयमा पर्याप्त ज्ञान हुन्छ। यस्ता कम्पनीसँग वेतनको विषयमा समेत राम्रो अन्दाज हुन्छ। यस्ता कम्पनीले रोजगार दिने कम्पनीसँग पनि राम्रोसँग तपाईंको हितको पक्षमा कुरा गरिदिन सक्छन्। नेपालमा समेत रोजगार दिने कम्पनी र रोजगार खोज्नेबीच सम्बन्ध बनाइदिने विभिन्न एजेन्सीहरू खुलेका छन्, यस्ता प्लेटफर्मलाई तपाईं आफू अनुकुल प्रयोग गर्न सक्नुहुनेछ। नेपालकै केही कम्पनीका अधिकारी हरेक आर्थिक वर्षको शुरुवात वा अन्तमा अलग अलग कम्पनीका विभिन्न पदहरू मा फेरबदल भइरहेको वेतन तथा सेवासुविधाको विषयमा आफूहरूले बजार सर्वेक्षण गरी पर्याप्त जानकारी राख्ने र यसले आफूसँग समन्वयको अनुरोधसहित आउन बेरोजगारहरूका लागि निकै ठूलो सहयोग पुऱ्याउन सकिने बताउँछन्। यदि यस्ता कम्पनीसँग तपाईंले खोजेको जानकारी पाउनुभएन भने कुनै दोस्रो कम्पनीमा तपाईं प्रवेश गर्न चाहेको पदमै काम गर्नेसँग समेत वेतन तथा सेवासुविधाको विषयमा जानकारी प्राप्त गर्न सकिनेछ। तर तपाईं जुन कम्पनीमा काम गर्न खोजिरहनुभएको छ, सो कम्पनीको कुनै पनि सिनियर कर्मचारीसँग तपाईले पाउने वेतन र सेवासुविधाको विषयमा सवाल-जवाफ गर्ने गल्ती नगर्नु होला।

करिअरको निर्णय कसरी लिने? लक्ष्य कसरी बनाउने?



तपाईं आफ्नो जीवन र करिअरको विषयमा आफैं निर्णय लिन सक्नुहुन्छ। यो यस्तो समय हो, जब तपाईंले लिएको एउटा निर्णयले तपाईंको भविष्यमा असर गर्नसक्छ। आज हामी तपाइलाईं विज्ञहरूले बताएका केही टिप्स दिन गइरहेका छौं, जुन टिप्सबाट तपाईंले आफ्नो करिअर बनाउनका लागि धेरै कुरा जान्न सक्नुहुनेछ।

विशेषज्ञता हासिल गर्ने

यदि तपाईंले आफ्नो भविष्यका लागि कुनै क्षेत्र रोजिसक्नुभएको छ भने त्यो राम्रो हो। छैन भने सबैभन्दा पहिला आफ्नो जीवनका लागि सही र उचित क्षेत्रको छनोट गर्नुहोस्। र, त्यही क्षेत्रसँग संलग्न कुनै पनि विषयमा विशेषज्ञता बनाउनुहोस्। आजको समय विशेषज्ञताको हो। कुनै विषयमा विशेषज्ञता हासिल गर्न सक्नुभयो भने यसले तपाईंलाई क्षमता विकासका लागि मद्दत गर्नेछ।

लक्ष्य निर्धारण

कुनै क्षेत्रमा विशेषज्ञता प्राप्त गरेपछि एउटा लक्ष्य बनाउनुहोस् कि २४ वर्षको उमेरसम्म तपाईंको हातमा एउटा राम्रो करिअर परिसकेको हुनेछ। तपाईं कुनै राम्रो व्यवसायी वा विषयगत विज्ञ पनि बन्न सक्नुहुन्छ।

क्षमता परीक्षण

तपाईं भविष्यमा के गर्न चाहनुहुन्छ? यसको निर्णय तपाईं आफैंले आफ्नो क्षमताअनुसार लिनुपर्ने हुन्छ। तपाईंको साथी के गर्दैछन् सोचेर कुनै निर्णय नलिनुहोस्। निर्णय लिने समयमा यो पनि सोच्नुस् कि तपाईंले रोजेका क्षेत्रमा ५ देखि ७ वर्षपछि कस्तो स्कोप रहनेछ।

असल साथीसङ्गत

१२ कक्षासम्म हरेक कोलोनीमा जो कोही पनि साथी हुनसक्छन्। तर, यसपछिको समयमा तपाईंले कलेज भर्ना भएपछि मित्रतामा पनि सेलेक्टिभ हुन आवश्यक हुन्छ। राम्रो साथीको पहिचान गर्न सिक्नुहोस्। ती मानिसहरू जो तपाईंको पढाई र करिअरका लागि समस्या बनेका छन्, उनीहरूलाई आफ्नो लिस्टबाट हटाउनुहोस्। यसको मवेतन ती साथीहरूलाई आफ्नो जीवनबाट बाहिर निकाल्ने भने होइन। उनीहरूसँग सम्बन्ध बनाइराख्नुस्। हरकोही कुनै समय काम लाग्नेछन्।

प्रोफेसनल स्किल अभ्यास

अब तपाईंले प्रोफेशनल बन्न पनि सिक्नुपर्ने हुन्छ। यदि रोजगार शुरु गर्नुअघि नै तपाईंले प्रोफेशनल बन्न सिक्नुभयो भने भविष्यमा कुनै अफिसमा काम गर्न तपाईंलाई असहज हुने छैन। यसले तपाईंलाई कुनै समस्या निम्त्याउन दिँदैन र भविष्यमा आफ्नै व्यवसाय गर्दा पनि यसले धेरै मद्दत पुऱ्याउनेछ।

जुन कम्पनीमा तपाईं काम गर्न जाँदै हुनुहुन्छ, त्यसको वेतन संरचनाको विषयमा मात्र जानकारी लिनु पर्याप्त हुन्न। त्यहाँको कामको माहौल, जस्तो ओभरटाइम गर्न पाइन्छ कि पाइन्न, साताको छुट्टी मिल्छ कि मिल्दैन जस्ता विषयमा जानकारी पत्ता लगाउनु पनि उत्तिकै आवश्यक हुन्छ। ओभरटाइम काम गर्दा अतिरिक्त आम्दानी हुन्छ वा एउटै वेतनमानमै काम गर्नुपर्ने हो, कम्पनी नाफामा जाँदा कामदारहरूलाई बोनस दिन्छ कि दिँदैन, वर्षैपिच्छे वेतन बढाउने चलन छ कि छैन जस्ता विषय पनि जान्न जरुरी हुन्छ। यदि तपाईं आफूले पाउने वेतनमा राम्रो ढङ्गले सौदाबाजी गर्न चाहनुहुन्छ भने तपाईंलाई सम्बन्धित कम्पनीको विषयमा पर्याप्त जानकारी हुन आवश्यक छ, यो जानकारीले तपाईको अन्तर्वार्ता लिने मान्छे समेत राम्रैसँग प्रभावित बन्नेछ। कम्पनीले कर्मचारी राख्नुपर्दा तीन कुरामा ध्यान दिनेगर्छ, पहिलो उम्मेद्वार कत्तिको काबिल छ, अरु भन्दा तपाईं नै के हिसाबले उत्तम हुनुहुन्छ?, र, अर्को तपाईंलाई काममा राख्नु कम्पनीका लागि फाइदाको सौदा हुन्छ वा आर्थिक बोझ मात्र। फिलिप गार्ड नामको एक अन्तरराष्ट्रिय एजेन्सीले कम्पनीलाई जस्तै रोजगार खोज्नेलाई समेत आफ्नो काबिलपन र पैसा माग्ने क्षमता कति हो भन्ने कुरा महसुस हुन आवश्यक छ।

स्मार्ट बन्नुहोस्

तपाईले आफ्नो बारेमा, कम्पनीको बारेमा जति उत्तम ढङ्गले भन्नुहुन्छ, यसले नोकरी दिनेहरूलाई प्रभावित पार्न सहज हुन्छ। अन्तर्वार्ता लिनेले तपाईंले पाउने वेतनको विषयमा अफर दिनुअघि नै तपाईंले आफ्नो अपेक्षाको विषयमा प्रष्ट पार्नुपर्छ। यसमा तपाईले वेतनको अपेक्षा मात्र प्रस्तुत नगर्नुहोस्। तपाईले आफ्नो कुराकानीको क्रममा बजारको चलन, आफ्नो क्षमता र काम अरुभन्दा उत्कृष्ट ढङ्गले गर्नसक्ने अलग किसिमको क्षमताको विषयमा समेत प्रष्ट भन्नुपर्दछ। साथै तपाईंले यो विश्वास दिलाउनुपर्छ कि, तपाईं सो कम्पनीमा निकै लामो समयसम्म काम गर्ने गरी र कम्पनीलाई समेत हित हुने अवधारणासहित काम गर्न खोजिरहनुभएको छ। यदि अन्तर्वार्तामै तपाईंले राम्रो प्रभाव छाड्न सक्नुभयो भने तपाई आफ्नो वेतन बढाउने मामलामा पनि सफल बन्नुहुनेछ।

बालक-बालिकालाई जित्न मात्र होइन, हार्न पनि तयार राखौं

एक नानी थिए, आज्ञाकारी र मेधावी। पढ़ाइमा सधैं अब्बल। विज्ञानमा उनले सतप्रतिशत अङ्क हासिल गरे। जीवनभरि उनी दोस्रो भएनन्। हरेक परीक्षामा प्रथमका प्रथम हुँदै गए। उनी इञ्जीनियर बन्न चाहन्थे। इञ्जीनियरिङको पढ़ाइ पनि उसैगरी पुरा गरे। पढ़ाइसक्दा नसक्दै उनलाई नोकरीको प्रस्ताव आउन थाल्यो। उनले लोभलाग्दो नोकरी शुरु गरे र त्यहाँ पनि निरन्तर पदोन्नती हुँदै गए।

उनको आकर्षक वेतन थियो, सम्पूर्ण सेवा सुविधा पनि पाएका थिए। आफ्नै कमाइबाट उनले घर, गाड़ी सबैथोक जोड़े। राम्रै खानदानकी युवतीसँग विवाह गरे। उनीसँग अब के बाँकी थियो? सबैकुरा पुगिसरी थियो। धन, दौलत, वैभव, प्रतिष्ठा, आकर्षक श्रीमती, सुखी परिवार सबै। उनीसँग दुःख र अभाव केही थिएन। सरसर्ती हेर्दा उनमा कुनै कमी देखिन्छ? पक्कै देखिँदैन। सबैकुराले भरिपूर्ण देखिन्छ। तर, केही वर्षपछि उनले आत्महत्या गरे। आफू मात्र होइन, श्रीमती र बच्चासहित संयुक्त आत्महत्या गरे। आखिर गडबडी कहाँ भयो? उनी किन परिवारसहित आत्महत्या गर्ने मोडमा पुगे?


मृतकले सुसाइट नोट छोड़ेका थिए। अचम्मलाग्दो त के भने, सुसाइट नोटमा उनले आफूहरूले खुशीसाथ यो बाटो रोजेको बताएका थिए। श्रीमतीसँग सल्लाह गरेरै सामूहिक आत्महत्या गरेको उनको खुलासा थियो। आखिर किन यस्तो परिस्थिति आइलाग्यो?

खासमा उनले जुन ठाउँमा रोजगारी गरिरहेका थिए, त्यहाँ आर्थिक मन्दी शुरु भयो। आखिरमा उनको नोकरी गयो। उनले आफ्नो पारिश्रमिक घटाएर अर्को नोकरी खोजे। तर, पाएनन्। रोजगारी गुमेपछि आफूले आर्जन गरेको धन सम्पति सकिँदै गयो। उनी सड़कमा आउने स्थितिमा पुगे। तर, यो स्थिति आउनुअघि नै उनले यी सम्पूर्णबाट मुक्तिको बाटो रोजे। अर्थात् परिवारसहित सामूहिक आत्महत्या गरे। यस प्रसङ्गले के कुरा स्पष्ट गर्छ भने ती व्यक्तिले सधैं सफलता हासिल गरे। उनले जीवनमा हरेक कुरा जित्दै गए। उनी हरक्षण सफलताकै लागि तयार भए। तर, असफलताको सामना कसरी गर्ने? उनले सिकेनन्। हामी अहिले आफ्ना बालक-बालिकालाई सफलताका लागि प्रेरित गर्छौं। परीक्षामा धेरै अङ्क हासिल गरेको हेर्न चाहन्छौं। खेलकुदमा जितेर ट्रफी, मेडल ल्याएको हेर्न चाहन्छौं। पढ़ाइ, करिअर कुनैपनि कुरामा ठेस नलागोस्। निरन्तर अगाड़ि बढ़िरहोस् भनेर कामना गर्छौं। त्यही अनुसार हामीले बालक-बालिकालाई सधैंअघि बढ्न र सफल हुनका लागि भनिरहेका हुन्छौं।

प्रगति गर्नु, सफल हुनु पक्कै नराम्रो होइन। तर, जीवनमा सधैं र सबै कुरामा सफलता मात्र हासिल हुँदैन। धेरै कठिनाइसँग जुझ्नुपर्ने हुन्छ। असहज परिस्थितिहरू झेल्नुपर्ने हुन्छ। असफलताको सामना गर्नुपर्ने हुन्छ। सफलताको उन्मादमा रमाइरहेकाहरूले जीवनमा आइपर्ने यस्ता समस्यालाई सहजै लिन सक्दैनन्। उनीहरू यसबाट नराम्ररी विचलित हुन्छन्। अब के गर्ने? असहज स्थितिलाई कसरी सम्हाल्ने उनीहरूले भेउ पाउँदैनन्। आखिरमा उनीहरू खराब बाटो रोज्न तयार हुन्छन्। त्यसैले बालक-बालिका हुर्काउने क्रममा उनीहरूलाई हार्न पनि सिकाउनुपर्छ। उनीहरूलाई सधैं सहज वातावरणमा मात्र रमाउन दिनु हुँदैन। असहज परिस्थितिहरूमा आफूलाई सम्हाल्न पनि सिकाउनुपर्छ। कतिपय कुरा आमाबुवाले जानीबुझी नै गर्नुपर्छ, जसबाट उनीहरूले जीवनोपयोगी पाठ सिक्न सक्छन्।

विश्वकै तीव्र गतिको ऐतिहासिक जहाज एसएस युनाइटेड स्टेट्सलाई सधैँको निम्ति डुबाइँदै

फ्लोरिडा, १२ नोभेम्बरः कुनै समय विश्वकै तीव्र गतिको मानिएको र 'टाइटानिक' भन्दा पनि लामो पानीजहाज 'एसएस युनाइटेड स्टेट्स' लाई अमेरिकाको फ्लोरिडा तट नजिकै समुद्रमा डुबाइने भएको छ। यसलाई विश्वकै सबैभन्दा ठूलो कृत्रिम समुद्री चट्टानमा रूपान्तरण गरिनेछ। करिब ३० वर्षसम्म फिलाडेल्फियाको बन्दरगाहमा थन्किएको यो जहाजलाई हालै फ्लोरिडा सारिएको हो। अब यो जहाज समुद्री जीवजन्तुको बासस्थान र समुद्री पारखीहरूका लागि पानीमुनिको आकर्षणको केन्द्र बन्नेछ। सर्यौं पटक आन्ध्र महासागर पार गरेको यस ऐतिहासिक जहाजलाई सङ्ग्रहालयका रूपमा जोगाइराख्न अभियन्ताहरूले निकै प्रयास गरेका थिए। तर, उनीहरूको प्रयास सफल हुन सकेन। फ्लोरिडाको एक काउन्टीले यो



जहाज खरिद गरेसँगै अब यसलाई तटीय क्षेत्रका दर्जनौं कृत्रिम चट्टानहरूको सूचीमा थपिनेछ। साथै, जहाजको इतिहास झल्काउने गरी जमिनमा छुट्टै सङ्ग्रहालय बनाउने योजना पनि अघि सारिएको छ। सन् १९५२ देखि १९६९ सम्म सञ्चालनमा रहँदा 'एसएस युनाइटेड स्टेट्स' अमेरिका र युरोपबिच राजपरिवार तथा चर्चित सेलिब्रेटीहरूलाई ओसारपसार गर्न प्रख्यात थियो। राष्ट्रपति बन्नुअघि युवा अवस्थाका बिल क्लिन्टनले यही जहाजबाट आन्ध्र महासागर पार गरेका थिए। यसका साथै पूर्वराष्ट्रपतिहरू ह्यारी ट्रुम्यान, ड्वाइट आइजनहावर र जोन केनेडीले पनि यसमा यात्रा गरेका थिए। आफ्नो सक्रिय सेवाकालमा मार्लन ब्रान्डो, कोको च्यानल, ड्युक एलिंगटन, साल्भाडोर डाली, वाल्ट डिज्नी, जुडी गारल्याण्ड र क्यारी ग्रान्ट जस्ता हस्तीहरूले पनि यस जहाजको यात्रा गरेका थिए।

सरसफाइ र मर्मतसम्भारका लागि यो जहाजलाई गत वर्ष फिलाडेल्फियाबाट अलाबामा लगिएको थियो। सोमवार अलाबामाबाट फ्लोरिडाको डेस्टिन तटतर्फ आफ्नो अन्तिम यात्रा तय गरेको यस जहाजलाई विस्फोटक पदार्थको प्रयोग नगरीकन अत्यन्तै सूक्ष्म र सटिक प्रविधि अपनाएर डुबाइनेछ। फ्लोरिडाको स्थानीय सरकारले खरिद गर्नुअघि यसलाई सङ्ग्रहालय वा तैरने होटलका रूपमा दोस्रो जीवन दिने थुप्रै प्रस्तावहरू असफल भएका थिए। कानुनी लड़ाइँहरूका कारण विभिन्न मालिकहरूको स्वामित्वमा रहँदै यो प्रसिद्ध जहाज विभिन्न बन्दरगाहमा थन्किएर बसेको थियो। 'एसएस युनाइटेड स्टेट्स कन्जर्भेन्सी' समूहले जहाजलाई पानीमाथि नै जोगाइराख्न पटक-पटक प्रयास गरे पनि सफल हुन सकेन।

होर्मुज पहिलेको अवस्थामा कहिल्यै नफर्कने इरानी सभामुखको चेताउनी

तेहरान, १२ नोभेम्बरः इरानका सभामुख तथा प्रमुख वार्ताकार मोहम्मद बागर गालिबफले 'अमेरिका र इजरायलसँगको युद्धअघिको अवस्थामा स्ट्रेट अफ होर्मुज कहिल्यै नफर्कने' बताएका छन्। अल जजिरासँगको विशेष अन्तर्वार्तामा उनले आठ महिना लामो द्वन्द्व अन्त्य गर्न तेहरानले अघि सारेको सातबुँदे प्रस्तावअन्तर्गत इरान र ओमानबिच उक्त महत्त्वपूर्ण जलमार्गको रेखदेख गर्ने समझदारी बनेको जानकारी दिएका हुन्। बुधवार प्रकाशित अन्तर्वार्तामा गालिबफले भने, ''त्यहाँ कुनै अन्तरराष्ट्रिय जलक्षेत्र छैन र सन् १९८२ को संयुक्त राष्ट्रसङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि यस जलमार्गमा लागु हुँदैन।'' स्ट्रेट अफ होर्मुजभित्रका नियमहरू यसको सिमाना जोड़िएका दुई तटीय राष्ट्रहरूको कानुनअनुसार सञ्चालन हुने उनले स्पष्ट पारे।



शान्ति वार्ताका सात सर्त

गालिबफले कतारी मध्यस्थकर्तामार्फत इरानले अमेरिकालाई शान्ति वार्ताका सात सर्तहरूसहित स्पष्ट जवाफ पठाएको बताउँदै अब आधिकारिक प्रतिक्रियाको प्रतीक्षामा रहेको उल्लेख गरे। उनले भने, ''बल अब अमेरिकाको कोर्टमा छ।'' प्रमुख वार्ताकार गालिबफका अनुसार इरानका सर्तहरूमा अमेरिकाले लगाएको सामुद्रिक नाकाबन्दी र प्रतिबन्धहरू फुकुवा गर्नुपर्ने, रोक्का गरिएका इरानी सम्पत्ति फुकुवा हुनुपर्ने, सबै मोर्चामा भइरहेको लड़ाइँ रोकिनुपर्ने र युद्ध अन्त्य भएको स्पष्ट घोषणा गरिनुपर्ने विषय समावेश छन्। गत जुन महिनामा हस्ताक्षरित इस्लामाबाद समझदारीपत्रको हिस्सा रहेका यी मागहरू अमेरिकासँग वार्तामा बस्नुअघि नै कार्यान्वयन हुन आवश्यक रहेको उनले बताए। गालिबफले भने, ''यदि अमेरिकाले अनावश्यक माग नराखी र अविश्वास पैदा गर्ने व्यवहार नगरी सहमति भएका विषयमा मात्र आफूलाई सीमित राख्छ भने स्वाभाविक रूपमा सम्झौता सम्भव छ।'' सम्झौताको बाधक अमेरिकाप्रतिको अविश्वास नै रहेको उनको भनाइ छ।

पुनः द्वन्द्वको चेतावनी

गालिबफले अमेरिकी अधिकारीहरूले मस्को भ्रमणका क्रममा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई तेहरानसँग प्रत्यक्ष वार्ताका लागि मध्यस्थता गरिदिन आग्रह गरेको खुलासा गरे। इरानविरुद्ध नयाँ अमेरिकी आक्रमण भएमा राष्ट्रपति डोनाल्ड ट्रम्पले अर्को हार बेहोर्ने र आगामी जनवरीमा कार्यभार सम्हाल्ने नयाँ कङ्ग्रेसबाट राजनीतिक दबाब झेल्नुपर्ने चेतावनीसमेत उनले दिए। इरान 'न युद्ध न शान्ति'को अवस्थाबाट बाहिर निस्कन दृढ़ रहेको बताउँदै उनले सैन्य क्षमतासहितको दिगो प्रतिरोधात्मक क्षमता विकास गर्नुपर्नेमा जोड़ दिए।

यमन द्वन्द्वमा मध्यस्थताको प्रस्ताव

साउदी समर्थित अन्तरराष्ट्रिय मान्यता प्राप्त सरकारी सेना र अन्सार अल्लाह भनेर चिनिने हुथी विद्रोही समूहबिच यमनमा जारी लड़ाइँमा कसैले पनि हस्तक्षेप गर्न नहुने गालिबफले बताए। उनले भने, ''यदि यमन सरकार र साउदी अरेबिया दुवैले हाम्रो सहयोग मागेमा हामी उनीहरूको द्वन्द्व समाधान गर्न निश्चित रूपमा मद्दत गर्नेछौं।'' साउदी अरेबियामाथि भएका शृङ्खलाबद्ध घातक आक्रमणपछि इरानले गत अक्टोबरमा पनि साउदी अरेबिया र यमनको हुथी समूहबिच वार्ताको सहजीकरण गर्ने प्रस्ताव राखेको थियो।

स्पेनको आमहड़तालमा लाखौंको सहभागिता बार्सिलोनामा आगजनी र तोड़फोड़पछि तनाउग्रस्त

बार्सिलोना, १२ नोभेम्बरः स्पेनमा आवास सङ्कट र बढ्दो महँगीविरुद्ध १४ वर्षयताकै पहिलो आमहड़ताल आह्वान गरिएपछि बार्सिलोनामा नकाबधारी समूह र पुलिसबिच झड़प भएको छ। देशका मुख्य मजदुर सङ्गठनहरूले आह्वान गरेको हड़तालमा दशौं हजार मानिस सहभागी भएपछि तनाव उत्पन्न भएको हो। राजधानी मड्रिडमा करिब १ लाख २० हजार र बार्सिलोनामा ५० हजारभन्दा बढ़ी मानिस प्रदर्शनमा उत्रिएका थिए। बार्सिलोनामा नकाबधारी समूहले फोहोर फाल्ने भाँड़ामा आगो लगाउनुका साथै पसलका सिसा तोड़फोड़ गरेपछि पुलिसले अश्रुग्यास प्रहार गरेको थियो। हड़तालका कारण स्पेनभर यातायात र सार्वजनिक सेवाहरू नराम्ररी प्रभावित भएका छन्। स्पेनमा आगामी नोभेम्बर २९ मा संसदीय निर्वाचन हुँदैछ।

प्रमुख मजदुर सङ्गठन 'युजीटी' का प्रमुख पेपे अल्भारेजले हडतालमा विशाल सहभागिता रहेको भन्दै यो सफल भएको बताए। यस्तै, 'सीसी ओओ' सङ्गठनका उनाइ सोर्डोले प्रदर्शनमा भएको उपस्थिति निकै महत्त्वपूर्ण रहेको उल्लेख गरे। बुधवार साँझ बार्सिलोनाको मध्यभागमा हेल्मेट र दङ्गा नियन्त्रण ढालसहित पुलिसको बाक्लो उपस्थिति थियो। शहरको मुख्य केन्द्र प्लासा दे कातालुन्या नजिकैको पासेइग दे ग्रासिया क्षेत्रमा केही झड़प भएका थिए। स्थानीय



सञ्चारमाध्यमका अनुसार एक समूहले पुलिसतर्फ आतिशबाजी प्रहार गर्नुका साथै 'लेगो' स्टोरलगायतका पसलमा लुटपाट मच्चाएका थिए। प्रदर्शनकारीहरूले 'एप्पल स्टोर' भित्र पस्ने प्रयाससमेत गरेका थिए।

बार्सिलोनाको प्रदर्शनमा सहभागी एक महिलाले बीबीसीसँग कुरा गर्दै प्रदर्शन मुख्यतः शान्तिपूर्ण र उत्साहपूर्ण रहेको बताइन्। आवास खर्चको विरोधमा प्रदर्शनमा उत्रिएकी उनले भनिन्, ''त्यहाँ धेरै बालबालिका र वृद्धवृद्धा पनि सहभागी थिए।'' साँझ लास राम्बलास क्षेत्रमा रहेकी उनले सड़कमा आगो बलेको देखेको बताउँदै भनिन्, ''चारैतिर आगो बलेको थियो, अवस्था निकै तनावपूर्ण बन्यो।'' यसअघि दिनको समयमा म्याड्रिड र बार्सिलोना आसपासका मुख्य सड़कहरूमा यातायात ठप्प हुँदा जनजीवन अस्तव्यस्त बनेको थियो। गृहमन्त्रालयले विभिन्न घटनामा संलग्न दर्जनौं व्यक्तिलाई पक्राउ गरिएको जनाएको छ। स्पेनी सञ्चारमाध्यमका अनुसार घरजग्गा कारोबार गर्ने कार्यालयहरूमा समेत आक्रमण भएको छ। म्याड्रिडका एक प्रदर्शनकारीले समाचार संस्था रोयटर्ससँग भने, ''हामीले सहरलाई पूर्ण रूपमा ठप्प पारेका छौं।'' आमहड़तालमा व्यापक समर्थन रहेको उल्लेख गर्दै उनले थपे, ''वर्षाको मौसमका बाबजुद सबैजना सड़कमा उत्रिएका छन्।''

अर्की प्रदर्शनकारी ३७ वर्षीया शिक्षिका ओल्गा डोमिङ्गोले आवासको अवस्था अत्यन्तै भयावह रहेको बताइन्। उनले भनिन्, ''आम्दानीको तुलनामा हालको जीवनयापन खर्च धान्नै नसक्ने अवस्थाको छ।'' सात दशकदेखि म्याड्रिडको एक फ्ल्याटमा बस्दै आएकी ८७ वर्षीया मारिकार्मेन अबास्कललाई कोठाबाट निकालिएपछि र केही हप्तापछि अस्पतालमा उनको मृत्यु भएपछि सुलभ आवास र महँगीविरुद्ध व्यापक विरोध शुरु भएको थियो। सोही विरोधले आमहड़तालको रूप लिएको हो। पछिल्ला वर्षहरूमा राजधानी म्याड्रिडमा घरभाड़ा निकै बढ़ेको छ। घरजग्गासम्बन्धी पोर्टल आइडियालिस्टाका अनुसार अक्टोबर महिनामा म्याड्रिडमा ५० वर्गमिटरको अपार्टमेन्टको औसत मासिक भाड़ा १ हजार १ सय ७० युरो पुगेको थियो। जबकि स्पेनको औसत मासिक कुल तलब करिब २ हजार ४ सय ६० युरो मात्र छ। यो भाड़ा औसत तलबको झण्डै आधा हो, जुन आवास विज्ञ र सार्वजनिक संस्थाहरूले सिफारिस गर्ने ३० प्रतिशतको सीमाभन्दा निकै बढ़ी हो।

शैक्षिक प्रमाणपत्र विवादमा इण्डोनेशियाका उपराष्ट्रपतिले दिए राजीनामा

जाकर्ता, १२ नोभेम्बरः इण्डोनेसियाका उपराष्ट्रपति गिब्रान राकाबुमिङ राकाले शैक्षिक प्रमाणपत्र विवाद चर्किएपछि राजीनामा दिएका छन्। उनका सहयोगी बुदी एरीका अनुसार गिब्रानले बुधवार राष्ट्रपति प्रबोवो सुबियान्तोलाई राजीनामा पत्र बुझाएका हुन्। इण्डोनेसियाको सर्वोच्च अदालतले सन् २०२४ को निर्वाचनमा गिब्रानले पेस गरेको माध्यमिक तहको शैक्षिक प्रमाणपत्र अमान्य ठहर गरेको थियो। अदालतले उनले माध्यमिक शिक्षा पूरा गरेको वा सोसरहको योग्यता हासिल गरेको प्रमाण नभेटिएको जनाएको थियो। फैसलापछि १०० भन्दा बढ़ी सांसदले गिब्रानमाथि महाभियोग प्रक्रिया अघि बढ़ाउन सक्ने संसदीय पहललाई समर्थन गरेका थिए। गिब्रानले भने अदालतको फैसलालाई चुनौती दिने र आफ्नो शैक्षिक योग्यताको वैधता प्रमाणित गर्ने अवसर मागेका थिए।

गिब्रान सन् २०२४ को निर्वाचनमा राष्ट्रपति प्रबोवोका उम्मेदवार थिए। उनका पिता तथा



तत्कालीन राष्ट्रपति जोको विडोडो (जोकोवी) र प्रबोवोबीच बनेको गठबन्धनका कारण उनी उपराष्ट्रपतिको उम्मेदवार बनेका थिए। पछिल्लो समय जोकोवी र प्रबोवोबीचको सम्बन्धमा तनाव बढ़्दै गएको छ। प्रबोवोले जोकोवीका प्रमुख योजनालाई प्राथमिकता नदिएको र उनका निकट व्यक्तिहरूलाई सरकारी जिम्मेवारीबाट हटाउँदै लगेको बताइएको छ। गत साता राष्ट्रपति कार्यालयका प्रमुख लिस्तियो सिगित प्रबोवोलाई राष्ट्रपतिको फोन ट्यापिङ गरेको आशङ्कामा पक्राउ गरिएको थियो। उनी जोकोवीका निकट सहयोगी मानिन्छन्। पक्राउ परेको भोलिपल्ट प्रबोवोले उनलाई पदबाट बर्खास्त गरेका थिए।

बमको धम्कीपछि इटालीका करिब ३०० विद्यालय खाली गराइयो

तेहरान, १२ नोभेम्बरः इमेलमार्फत बम विस्फोटको धम्की प्राप्त भएपछि इटालीभरका करिब ३०० विद्यालय खाली गराइएको छ। बुधवार भएको यो घटना पछिल्ला हप्ताहरूमा विभिन्न विमान सेवा कम्पनी र सञ्चारमाध्यमलाई लक्षित गरी दिइएका शङ्कास्पद बम धम्कीको शृङ्खलाको पछिल्लो घटना हो। यस्ता धम्कीले युरोपका विभिन्न संस्थाको कामकाजमा अवरोध पुऱ्याउँदै आएका छन्। इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले विज्ञप्ति जारी गर्दै विद्यालयहरूमा कुनै ठोस खतरा रहेको सङ्केत नदेखिएको बताएकी छन्। यस्ता धम्की आतङ्क र त्रास सिर्जना गर्ने उद्देश्यले दिइएको हुन सक्ने उनको भनाइ छ। उनले घटनाको अनुसन्धान भइरहेको जानकारी दिँदै बुधवार नै मन्त्रीहरूको बैठक बोलाएको बताइन्। 'लाप्रेस' समाचार एजेन्सीसहित इटालीका सञ्चारमाध्यमले प्राप्त गरेको अज्ञात इमेलमा प्रधानमन्त्री मेलोनीलाई समेत लक्षित गरी धम्की दिइएको छ। यद्यपि, मेलोनीले आफ्नो विज्ञप्तिमा आफूलाई दिइएको व्यक्तिगत धम्कीबारे उल्लेख गरेकी छैनन्। उनको कार्यालयले पनि यसबारे तत्काल कुनै प्रतिक्रिया दिएको छैन। परराष्ट्रमन्त्री एन्टोनियो ताजानीले गत शनिवार आफ्नो व्यक्तिगत विवरण डार्क वेबमा सार्वजनिक भएको बताएका थिए। प्रधानमन्त्री मेलोनीले यस घटनामा रूस समर्थक ह्याकरहरू संलग्न रहेको आरोप लगाएकी छन्। 'लाप्रेस' समाचार एजेन्सीका अनुसार, शिक्षा मन्त्री ज्युसेप्पे भालदिताराले ३०० विद्यालयमा इमेलमार्फत बमको धम्की प्राप्त भएको बताएका छन्। यसबारे मन्त्रालयसँग प्रतिक्रिया माग्दा तत्काल कुनै जवाफ प्राप्त भएको छैन। राजधानी रोमस्थित मामियानी माध्यमिक विद्यालयमा विद्यार्थीहरूले शुरुमा विद्यालयबाट बाहिरिने सूचनालाई नियमित बिदाको सङ्केत ठानेका थिए। बाहिर निस्किएपछि मात्र उनीहरूले बमको धम्कीका कारण विद्यालय खाली गराइएको थाहा पाए। अठार वर्षीया विद्यार्थी अनिता बार्तोचीले भनिन्, ''हामीलाई रूसी ह्याकरहरूबाट इमेल आएको र त्यसमा सबैलाई मार्ने धम्की दिइएकाले बमको चेतावनी जारी गरिएको बताइयो। त्यो निकै हिंसात्मक सन्देश थियो।''

मिसिसिपीमा डेमोक्रेटिक पार्टीको ऐतिहासिक जित

मिसिसिपी, १२ नोभेम्बरः अमेरिकी राज्य मिसिसिपीमा भएको सिनेट निर्वाचनमा डेमोक्रेटिक पार्टीका स्कट कोलोम विजयी भएका छन्। दशकौंदेखि रिपब्लिकन पार्टीको बलियो पकड़ रहेको यस रूढ़िवादी राज्यमा यो परिणाम ठूलो उलटफेर साबित भएको हो। कोलोमको यो जितले उनलाई १४० वर्षभन्दा बढ़ी समयपछि मिसिसिपीबाट अमेरिकी सिनेटमा निर्वाचित हुने पहिलो अश्वेत व्यक्ति बनाएको छ। कोलोम र उनका रिपब्लिकन प्रतिद्वन्द्वी तथा वर्तमान सिनेटर सिन्डी हाइड-स्मिथबीचको मतान्तर केही हजार भोटमा सीमित थियो। प्रतिस्पर्धा अत्यधिक कड़ा भएका कारण अन्तिम नतिजा आउन निर्वाचनको दिनपछि एक साताभन्दा बढ़ी समय बित्यो। स्थानीय अधिकारीहरूले निर्धारित समयसीमाअगाड़ि प्राप्त भएका प्रत्येक मतपत्रको सावधानीपूर्वक गणना गरेपछि मात्र परिणाम सार्वजनिक गरिएको हो।

यो जितसँगै सिनेटमा डेमोक्रेटिक पार्टीको बहुमत ५५ सिटमा पुगेको छ। अलास्का राज्यको नतिजा आउन भने बाँकी छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले २०२४ को निर्वाचनमा २२ प्रतिशतभन्दा बढ़ी मतान्तरले जितेको यस राज्यमा चुनाउ यति प्रतिस्पर्धात्मक हुने अनुमान कसैले गरेको थिएन।

कोप-३१ मा जलवायु प्रतिबद्धता कार्यान्वयनमा जोड़



न्यूयोर्क, १२ नोभेम्बरः जलवायु सङ्कट न्यूनीकरणका लागि विश्वव्यापी प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन गर्दै स्वच्छ ऊर्जाको विस्तार, जलवायु वित्तमा सहज पहुँच र विपद् उत्थानशीलता अभिवृद्धि गर्नुपर्नेमा कोप-३१ का उच्च अधिकारीहरूले जोड़ दिएका छन्। राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरूको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी कार्यकारी सचिव साइमन स्टिल, कोप-३१ का अध्यक्ष तथा टर्किएका वातावरण, शहरीकरण तथा जलवायु परिवर्तनमन्त्री मुरात कुरुम र वार्ता अध्यक्ष क्रिस बोवेनले जलवायु परिवर्तन वर्तमानको गम्भीर चुनौती बनिसकेको उल्लेख गर्दै अन्तरराष्ट्रिय सहकार्य प्रभावकारी बनाउनुपर्ने बताए। कार्यकारी सचिव स्टिलले जलवायु कार्यलाई राष्ट्रहरूको सुरक्षा, आर्थिक स्थायित्व र जनजीवनसँग जोड्दै स्वच्छ ऊर्जामा लगानी बढ़ाउन तथा जलवायु सङ्कटको जोखिममा रहेका विकासशील राष्ट्रलाई थप सहयोग गर्नुपर्ने बताए। अन्तरराष्ट्रिय सहकार्यका कारण विश्व तापक्रम वृद्धिको अनुमान चार डिग्री सेल्सियसभन्दा बढ़ीबाट घटेर करिब २.६ डिग्रीमा झरेको उनले उल्लेख गरे। कोप-३१ मा राष्ट्रिय जलवायु लक्ष्यलाई कार्यान्वयनमा लैजाने, सबै अर्थतन्त्रको विद्युतीकरण गर्ने, जलवायु अनुकूलनका लागि वित्तीय सहयोग बढ़ाउने र विकासशील राष्ट्रको जलवायु वित्तमा पहुँच सहज बनाउने विषयलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो। कोप-३१ का अध्यक्ष कुरुमले जलवायु परिवर्तन ऊर्जा, उद्योग, कृषि, विकास र राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष जोड़िएको बताए। उनले सन् २०२४ मा विश्वको औसत तापक्रम औद्योगिक युगपूर्वको तुलनामा १.५ डिग्री सेल्सियसभन्दा बढ़ी पुगेको उल्लेख गर्दै नेपालमा बाढ़ीपहिरो, पाकिस्तानमा बाढ़ी र प्रशान्त क्षेत्रका टापु राष्ट्रमा समुद्री सतह वृद्धिले जलवायु सङ्कटको गम्भीरता देखाएको बताए। उनले राष्ट्रिय जलवायु लक्ष्यलाई बजेट तथा लगानीसँग जोड्ने, जलवायु वित्तमा सहज पहुँच सुनिश्चित गर्ने र विपद् उत्थानशीलतालाई राष्ट्रिय विकास नीतिको प्राथमिकतामा राख्नुपर्नेमा जोड़ दिए।

अमेरिकाका लागि रूसी राजदूत अलेकजेण्डर डार्चिएभको एक्कासि निधन

मस्को, १२ नोभेम्बरः अमेरिकाका लागि रूसी राजदूत अलेकजेण्डर डार्चिएभको ६६ वर्षको उमेरमा मस्कोमा निधन भएको छ। रूसी विदेश मन्त्रालयले बुधवार एक विज्ञप्ति जारी गर्दै उनको निधन भएको पुष्टि गरेको हो। मन्त्रालयले उनको 'एक्कासी निधन' भएको जनाएको छ। यद्यपि, विदेश मन्त्रालयकी प्रवक्ता मारिया जाखारोभाका अनुसार उनी लामो समयदेखि दीर्घरोगसँग लड़िरहेका थिए। लामो समयदेखिको रोगको उपचार गराउन उनी वाशिङ्टन डीसीस्थित दूतावास छाडेर मस्को फर्किएको सीएनएनले उल्लेख गरेको छ। रूसी विदेश मन्त्रालयले उनलाई एक 'असाधारण पेशेवर' कूटनीतिज्ञको रूपमा वर्णन गर्दै भनेको छ, ''अलेकजेण्डर डार्चिएभले रूसी विदेश नीतिको सबैभन्दा चुनौतीपूर्ण क्षेत्रमा काम गरेका थिए। हामी उनको परिवार र आफन्तजनप्रति गहिरो र हार्दिक समवेदना व्यक्त गर्दछौं''



पश्चिमा राष्ट्रहरूको कड़ा आलोचना गर्ने अनुभवी कूटनीतिज्ञका रूपमा चिनिएका डार्चिएभले मार्च २०२५ देखि वाशिङ्टनमा राजदूतको जिम्मेवारी सम्हालेका थिए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मस्कोसँग द्विपक्षीय वार्ता शुरु गरेपछि र युक्रेनलाई दिइने सहायतामा कटौती गरेपछि उनको कार्यकालमा अमेरिका र रूसबीचको सम्बन्धमा केही सुधार आएको मानिन्छ।

अमेरिकी विदेश मन्त्रालयका एक प्रवक्ताले डार्चिएभको निधनबारे आफूहरू जानकार रहेको बताउँदै उनको परिवार र आफन्तजनप्रति समवेदना प्रकट गरेका छन्। वाशिङ्टन जानुअघि डार्चिएभले रूसी विदेश मन्त्रालयको उत्तर अमेरिका विभागको प्रमुखको रूपमा काम गरेका थिए। त्यस्तै, उनले सन् २०१४ देखि २०२१ सम्म क्यानडाका लागि रूसी राजदूतको रूपमा समेत प्रभावकारी भूमिका निर्वाह गरेका थिए।

देशका उपलब्धि, प्रतिभा र सकारात्मक कथाहरूलाई विश्वमाझ पुऱ्याउन सञ्चारमाध्यमलाई प्रधानमन्त्रीको आग्रह



नयाँ दिल्ली, १२ नोभेम्बर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीले बुधवार सञ्चारमाध्यम जगतलाई देशको सफलतासँग सम्बन्धित कथाहरू विश्वभरि पुऱ्याउन आग्रह गरेका छन्। उनले विकासको मार्गमा अघाडी बढ़िरहेको देशका उपलब्धि, प्रतिभा तथा सकारात्मक कथाहरूले विश्वमञ्चमा स्थान पाउनुपर्ने बताए।

प्रधानमन्त्री मोदीले बिहीवार भाजपा केन्द्रिय कार्यालयमा सञ्चारमाध्यमका लागि आयोजित दीपावली मिलन समारोहमा उक्त कुरा बताएका हुन्। यस अवसरमा भाजपा अध्यक्ष नितिन नवीन, केन्द्रिय मन्त्री राजनाथ सिंह, अमित शाह र जेपी नड्डा मञ्चमा उपस्थित थिए। उनले सञ्चारमाध्यम क्षेत्रमा समाचार पठाउने र प्रसारण गर्ने समयसीमाको उदाहरण दिँदै व्यक्ति, संस्था तथा देशका लागि पनि समयसीमा लागू हुने बताए। यही कुरालाई ध्यानमा राख्दै देशले आफ्ना लक्ष्यहरूलाई समयसीमामा बाँधेको उनले उल्लेख गरे। साल २०४७ सम्ममा देशलाई विकसित बनाउनुपर्ने बताउँदै उनले यो लक्ष्य हासिल गर्नु कठिन नभएको धारणा व्यक्त गरे। प्रधानमन्त्रीले लक्ष्य पूरा गर्ने समयसीमा निर्धारण गर्दा कामको प्राथमिकता, कार्यशैली र गति परिवर्तन हुने बताए। स्वतन्त्रता सङ्घर्षको उदाहरण दिँदै उनले शुरुआतमा साना-साना लक्ष्यहरू लिएर अघाडी बढ्ने गरिएको बताए। यिनै साना लक्ष्यहरू पूरा गर्दै आज देश विकसित भारतको दिशामा अघाडी बढ़िरहेको उनले उल्लेख गरे।

यस क्रममा उनले पछिल्ला १२ वर्षमा आफ्नो सरकारले हासिल गरेका उपलब्धिहरूको चर्चा गरे। यदि देशले १२ वर्षभित्र ५० करोड़भन्दा बढ़ी मानिसलाई चरम गरीबीबाट बाहिर निकाल्न सक्छ भने २० वर्षभित्र देशलाई विकसित बनाउनु कठिन कार्य नभएको उनले बताए। सञ्चारमाध्यमसँग आफ्ना अनुभव साझा गर्दै उनले हालै शासन प्रमुखका रूपमा २५ वर्ष पूरा गरेको बताए। यी २५ वर्षमा आफूले प्रेस विज्ञप्तिदेखि रीलसम्मको यात्रा देखेको उनले उल्लेख गरे। उनले सञ्चारमाध्यम, विशेषगरी फिल्ड रिपोर्टरहरूको कामको प्रशंसा गरे। यस अवसरमा दिल्ली भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनले प्रधानमन्त्री मोदीले देशमा विकासको उज्यालो आज हरेक घरसम्म पुऱ्याएको बताए। आज दीपावली पर्वले अन्तरराष्ट्रिय स्तरमा आफ्नो विशेष पहिचान बनाउँदै गएको उल्लेख गर्दै उनले भारतीय संस्कृति तथा विरासतलाई विश्वभरि पुऱ्याउन प्रधानमन्त्रीले गरेको प्रयासको यसमा महत्त्वपूर्ण योगदान रहेको बताए।

बाँदना पर्वमा सहभागी हुन मुख्यमन्त्री शुभेन्दु अधिकारी बाँकुड़ा आउने



कोलकाता, १२ नोभेम्बर (हिस): पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारी आदिवासीहरूको प्रमुख लोक पर्व बाँधना-सहरायमा सामेल हुनका लागि बिहीवार बाँकुड़ा जिल्लाको भ्रमणमा आइरहेका छन्। जिल्ला प्रशासनको सूत्र अनुसार मुख्यमन्त्रीले जिल्लाको रायपुर ब्लकमा बिरसा मुण्डा मेमोरियल कलेज मैदानमा हुने कार्यक्रममा भाग लिनेछन्।

बाँदना-सहराय जङ्गलमहल क्षेत्रका आदिवासी समुदायको प्रमुख लोक पर्व हो। यसैका लागि तयारी कार्तिक महिनाको औसी अर्थात् काली पूजाको दिनदेखि शुरु हुन्छ। विभिन्न क्षेत्रमा यो पर्व तीन दिन, पाँच दिन वा एक महिनासम्म मनाइन्छ। अहिले घरि जङ्गलमहलका आदिवासी गाउँहरूमा यस पर्वको व्यापक उत्साह छाएको छ। यस अवधि गाईको पूजा, धामसा-मादलो थाप तथा अहिरा लोकगीतको माध्यबाट परम्परागत संस्कृतिको झलक देख्न सकिन्छ। मुख्यमन्त्रीको रूपमा शपथ लिएपछि छ महिनाभित्रमा शुभेन्दु अधिकारीको यो चौथो बाँकुड़ा भ्रमण हो। हेलिकप्टर बिहीवार दिउँसो २ बजे रायपुरको बिरसा मुण्डा मेमोरियल कलेज मैदानमा पुग्नेछ।

जङ्गलमहलको परम्परागत लोक संस्कृति प्रस्तुत गर्न यहाँ विशेष कार्यक्रम आयोजना गरिएको छ। त्यसपछि मुख्यमन्त्री हेलिकप्टर मार्फत बाँकुड़ा शहरको सतीघाट नजिकै गान्धेश्वरी नदीको किनारमा रहेको अस्थायी हेलिप्याडमा पुग्नेछन्। त्यहाँबाट पाठकपाड़ा फुटबल मैदानमा हुने स्थानीय खाद्य मेलामा सहभागी हुने सम्भावना छ।त्यसपछि मुख्यमन्त्रीको सर्किट हाउसमा जाने कार्यक्रम छ। सूत्र अनुसार यहाँ उनले उत्तराखण्डको केदारताल पदयात्रा मार्गमा पैह्रोमा परी ज्यान गुमाउने बाँकुड़ाका चार जना युवक हरूका शोकाकुल परिवारहरूलाई भेट्ने सम्भावना छ। यहाँबाट उनी सड़क मार्ग मार्फत् अण्डाल विमानस्थल जाने योजना छ। मुख्यमन्त्रीको भ्रमणलाई ध्यानमा राख्दै जिल्ला प्रशासनले तयारीलाई तीव्रता दिएको छ। सुरक्षा सहित अन्य व्यवस्थालाई सुदृढ़ गरिएको छ।

बाङ्ग्लादेशमा एनसीपीकी महिला सांसदको घरमा पेट्रोल बम प्रहारको आरोप



ढाका, १२ नोभेम्बर (हिस): बाङ्ग्लादेशको कुश्तियास्थित दौलतपुर उपजिल्लामा बिहीवार बिहान नेसनल सिटिजन पार्टी (एनसीपी) की सांसद नुसरत तबस्सुमको पैतृक घरमा आगलागी हुँदा पाँचवटा कोठा जलेर पूर्ण रूपमा नष्ट भएका छन्। पार्टीका नेताहरूले आक्रमणकारीहरूले घरमा पेट्रोल बम प्रहार गरेको आरोप लगाएका छन्। मध्यरातपछि बगोवान गाउँस्थित सांसदको घरमा आगलागी भएको थियो।

ढाका ट्रिब्युनको रिपोर्टअनुसार, दमकलकर्मीहरूले राति करिब १:५० बजी आगो नियन्त्रणमा लिएका थिए। टिनको छाना भएको एकतले घरका आठवटा कोठामध्ये पाँचवटा पूर्ण रूपमा जलेर नष्ट भएका छन्। आगलागीमा दुईवटा बाख्राको समेत मृत्यु भएको छ। पार्टीका नेताहरूले नियोजित रूपमा पेट्रोल बम प्रहार गरी घरमा आगो लगाइएको आरोप लगाउँदै यस घटनामा अवामी लिगसँग आबद्ध व्यक्तिहरू जिम्मेवार रहेको बताएका छन्। यद्यपि, पुलिसले आगलागीको कारण अहिलेसम्म पत्ता नलागेको र आगो लगाउन विस्फोटक पदार्थ वा ज्वलनशील सामग्री प्रयोग गरिएको भन्ने कुराको पनि पुष्टि नभएको जनाएको छ।

भेरामारा सर्कलका अतिरिक्त पुलिस उपरीक्षक दिलावर हुसेनले आगलागीको सूचना प्राप्त हुनासाथ दमकलकर्मीहरू घटनास्थल पुगेको बताए। उनका अनुसार, आगलागीबाट घरमा ठूलो क्षति पुगेको छ। तर आगो नजिकै रहेको तीनतले भवनसम्म फैलिन पाएन। उक्त भवनमा तबस्सुमका आमाबुबा बस्दै आएका छन्। पुलिस अधिकारीका अनुसार परिवारका सबै सदस्य सुरक्षित छन्। एनसीपीको सञ्चारमाध्यम विभागले फेसबुक पोस्टमार्फत अवामी लिगसँग आबद्ध व्यक्तिहरूले सांसदको निवासमा पेट्रोल बम प्रहार गरेको आरोप लगाएको छ। एनसीपीका प्रवक्ता आसिफ महमुद साजिब भुइयाँले पनि छुट्टै फेसबुक पोस्टमार्फत घरलाई पेट्रोल बम प्रहार गरी निशाना बनाइएको दाबी गरेका छन्। प्रहरी अधिकारीका अनुसार परिवारका सबै सदस्य सुरक्षित छन्। एनसीपीको सञ्चारमाध्यम विभागले फेसबुक पोस्टमार्फत अवामी लिगसँग आबद्ध व्यक्तिहरूले सांसदको निवासमा पेट्रोल बम प्रहार गरेको आरोप लगाएको छ। एनसीपीका प्रवक्ता आसिफ महमुद साजिब भुइयाँले पनि अहिलेसम्म स्पष्ट नभएको बताएका छन्।

जलवायु सङ्कटबाट प्रभावित देशलाई विशेष वित्तीय सहायता प्याकेजको माग

काठमाडौं, १२ नोभेम्बर (हिस): नेपालका अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले नेपाललगायत जलवायु परिवर्तनबाट प्रभावित तथा संवेदनशील देशहरूलाई प्राकृतिक विपत्तिपछिको पुनर्निर्माण र आर्थिक पुनरुत्थानका लागि विशेष अन्तर्राष्ट्रिय वित्तीय सहायता प्याकेज आवश्यक रहेको बताएका छन्। उक्त प्याकेजमा अनुदान, सहुलियतपूर्ण ऋण तथा ऋण राहतजस्ता प्रावधान समावेश हुनुपर्ने उनको भनाइ छ।

टर्कीमा आयोजित ३१औं जलवायु परिवर्तन सम्मेलन (कोप-३१) अन्तर्गत नेपाल पेभिलियनमा आयोजित 'जलवायुजन्य विपत्तिपछिको ऋण, ऋण मूल्याङ्कन तथा मुद्रामा पर्ने प्रभाव र सहायता प्याकेजको स्वरूप' विषयक छलफलमा अर्थमन्त्री वाग्लेले नेपाल एक्लैले जलवायु परिवर्तनका कारण उत्पन्न विपत्तिको वित्तीय भार वहन गर्न नसक्ने बताएका छन्।

उनले अन्तर्राष्ट्रिय समुदायलाई विपत्तिपछि उद्धार, राहत तथा पुनर्निर्माणका लागि स्रोत जुटाउन सरकारले विकास तथा सामाजिक क्षेत्रका अन्य बजेटमा कटौती गर्नुपरेको स्मरण गराए। विपत्तिले विद्यालय, अस्पताल, सामाजिक सुरक्षा तथा अन्य विकास कार्यक्रमहरूमा समेत प्रत्यक्ष र गम्भीर असर पारेको उनले बताए।

अर्थमन्त्री वाग्लेले नेपालमा विपत्तिका बेला सहयोग पुर्याउने भारत, चीन, बेलायत, अमेरिका, युरोपेली सङ्घ तथा मध्यपूर्व र खाड़ी क्षेत्रका देशहरूप्रति आभार व्यक्त गरे।

उनले पहिलोपटक संयुक्त राष्ट्रसङ्घको 'लस एन्ड ड्यामेज फन्ड' (क्षति तथा नोक्सानी कोष) बाट करिब दुई करोड अमेरिकी डलर अनुदान प्राप्त भएको जानकारी दिए। उक्त सहयोग स्वागतयोग्य भए पनि विपत्तिको उच्च जोखिममा रहेका देशहरूको आवश्यकताको तुलनामा यस कोषमा उपलब्ध स्रोतसाधन निकै कम रहेको उनले बताए।

कुलगाम आक्रमणमा घाइते जवानले पत्नीलाई भने 'म ठिकै छु'

बाँकुड़ा, १२ नोभेम्बर (हिस): जम्मू-कश्मीरको कुलगाममा गए बुधवार दिउँसो भएको आतङ्कवादी हमलामा केन्द्रिय रिजर्भ पुलिस फोर्स (सिआरपिएफ) का तीन जना जवानहरू घाइते भएका छन्। तीमध्ये पश्चिम बङ्गालको बिष्णुपुरका जवान शान्तनु चन्द्र पनि हुन् जसलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ। उनको हातमा गोली लागेको छ। परिवार अनुसार अस्पतालमा भर्ना भएका शान्तनुले परिवारका सदस्यहरूसित कुराकानी गर्दै आफू कुशलै रहेको जानकारी दिए। परिवार अनुसार आक्रमणपछि शान्तनुले सबैभन्दा पहिला घरमा फोन गरेका थिए। उनकी पत्नी नन्दिनी चन्द्रले बताइन्, साँझ ५ बजेतिर शान्तनुको फोन आएको थियो। फोनमा उनले बताए, आक्रमण भएको छ जसमा एकजना हेड कन्स्टेबल घाइते भएका छन्। उनले यो पनि भने, ''उनी अस्पताल गइरहेका छन्। त्यसबेला सम्ममा शान्तनु पनि घाइते भएको कुरा नन्दिनीलाई थाहै थिएन।''

नन्दिनीले बताइन्, साँझ ५:३० बजेतिर उनको अफिसरको फोन आयो जसले शान्तनु पनि घाइते भएको र उनलाई अस्पताल लगिएको जानकारी दिए। यद्यपि अधिकारीले बन्दुकको गोलीले घाइते भएको रिपोर्ट बताएन्। पछि समाचारहरूको माध्यमबाट उनीहरूले शान्तनुलाई पनि गोली लागेको थाहा पाए। त्यसपछि शान्तनुसँग फेरि कुराकानी भयो जहाँ उनले आफू ठिक रहेको बताए। शान्तनुका बुबा तारापद चन्द्रले आफ्नो छोरासँग कुराकानी भएको बताए। उनले भने, ''उनी ठिक छन् र चिन्ता गर्न आवश्यक छैन।'' छोरासँग कुरा गरेपछि परिवारलाई केही राहत प्राप्त भएको छ।

रकिबुल हुसेनसँगै कङ्ग्रेसका पाँच विधायकले पनि राजीनामा दिनुपर्छः बदरूद्दीन अजमल

गुवाहाटी, १२ नोभेम्बर (हिस): एआईयूडीएफ प्रमुख बदरूद्दिन अजमलले कङ्ग्रेस सांसद रकिबुल हुसेनमाथि लक्षित गर्दै उनको राजीनामा माग गरेका छन्। अजमलले भने, ''रकिबुल हुसेनले आफ्नो असफलताको जिम्मेवारी लिँदै राजीनामा दिनुपर्छ। उनले रकिबुल हुसेन मात्र नभई अन्य पाँच जना कङ्ग्रेस विधायकहरूको पनि राजीनामाको माग गरे। अजमलले बिहीवार पत्रकार सम्मेलनलाई सम्बोधन गरिरहेका थिए।

अजमलले आरोप लगाए, रकिबुल हुसेनको असफलताको कारणले नै आलमगञ्जमा निष्कासन अभियान चलाइयो। उनले भने, ''यदि रकिबुल हुसेनले आफ्नो कर्तव्य राम्रोसँग निर्वाह गरेको भए यस्तो अवस्था उत्पन्न हुने थिएन। सांसदका रूपमा आफ्नो कार्यकालमा यस क्षेत्रका जनताको हित र समस्याहरूमाथि निरन्तर काम गरिएको पनि अजमलले आफ्नो बयानमा बताए। उनले कङ्ग्रेस नेतृत्वको भूमिकामाथि प्रश्न उठाउँदै वर्तमान अवस्थाको लागि रकिबुल हुसेनलाई जिम्मेवार ठहराए।

मेघालयका पेट्रोल पम्पहरूमा असमका सवारी साधनको लामो ताँत

गुवाहाटी, १२ नोभेम्बर (हिस): छिमेकी राज्य मेघालयका पेट्रोल पम्पहरूमा असमको पञ्जीकरण नम्बर भएका सवारी साधनहरूको लामो ताँत देखिँदैछ। गुवाहाटी र कामरूप जिल्लाका पेट्रोल पम्पहरू अस्थायी रूपमा बन्द भएका कारण ठूलो सङ्ख्यामा सवारी चालकहरू इन्धन भर्नका लागि मेघालय पुगेदैछन्। मेघालयका विभिन्न पेट्रोल पम्पहरूमा असमको नम्बर प्लेट भएका सवारी साधनहरूको भीड़ जुटेकोले लामो लाइन लागेको छ। पेट्रोल पम्प बन्द भएकाले वाहन चालकहरूलाई निकै समस्या भोग्नुपरिरहेको छ। उल्लेखनीय छ, गुवाहाटी तथा कामरूपमा पेट्रोल पम्पहरू नोभेम्बर १३ को बिहान ६ बजेसम्म बन्द रहनेछन्। यस्तो अवस्थामा सवारी चालकहरूले आफ्नो इन्धनको आवश्यकता पूरा गर्न छिमेकी राज्यका पेट्रोल पम्पहरूमा गइरहेका छन्।

पाकिम जिल्लामा स्वास्थ्यवर्धक...

मत्स्य उत्पादन योजना (एमएमएमयूवाई) लगायतका विभिन्न योजना, तिनका फाइदा र गतिविधिहरूबारे बताइन्। यसका साथै, उनले माछा राख्ने बाकस जड़ान गरिएका मोटरसाइकल, मनोरञ्जनात्मक मत्स्यपालन, माछाको दाना उद्योग र बीमा सुविधाहरू जस्ता पहलहरूबारे जानकारी दिइन्। उनले माछापालक किसानहरूका लागि उपलब्ध सरकारी सहयोगबारे बताउँदै विभिन्न मत्स्य योजना अन्तर्गत ६० प्रतिशतसम्म अनुदानको व्यवस्था रहेको कुरा पनि उल्लेख गरिन्।

कार्यक्रमको अन्त्यमा अधिकारी र सहभागीहरूबीच एक अन्तरक्रियात्मक सत्र सञ्चालन भयो, जसले विचार विमर्श र धारणा आदान-प्रदान गर्ने अवसर प्रदान गऱ्यो।

४९औं जुनियर राष्ट्रिय ब्याडमिन्टन...

अधिकारीगण, बागडोगरास्थित टीआईसी एडेलिन क्रिस्टोफर र सिलगढ़ीस्थित आईपीआर एकाइका प्रतिनिधिहरूले स्वागत गरे।

गान्तोक प्रस्थान गर्नुअघि खेलाड़ीहरूलाई परम्परागत खादा ओढ़ाएर न्यानो स्वागत गरिएको थियो। उनीहरूको यात्राका लागि विशेष बसको व्यवस्था गरिएको थियो। टोलीगत खेलहरू १४ देखि १६ नोभेम्बरसम्म सञ्चालन हुनेछन्, त्यसपछि १७ देखि २० नोभेम्बरसम्म व्यक्तिगत खेलहरू हुनेछन्। सिक्किम सरकारले यस च्याम्पियनशिपलाई राज्यस्तरीय कार्यक्रमको रूपमा घोषणा गरेको छ।

सिक्किम सरकारको व्यावसायिक कर...

मोड्युल' (प्रवर्तन मोड्युल), 'ट्याब्लो' मा आधारित डेटा विश्लेषण र तोकिएका अधिकारीद्वारा गरिएका कार्यहरूको अनुगमन गर्न 'माई टास्क मोड्युल' समावेश थिए।

प्रतिनिधिमण्डलले 'राजस्व परिचालन सेल' का अधिकारीहरूसँग पनि छलफल गऱ्यो। यस क्रममा दुवै राज्यले 'इनपुट ट्याक्स क्रेडिट' (आईटीसी) को गलत दाबी वा हस्तान्तरण, अन्तरराज्य कारोबार र कर छलीका नयाँ प्रवृत्तिहरूसम्बन्धी व्यावहारिक अध्ययन आदान-प्रदान गरे साथै 'साइबर फरेन्सिक प्रयोगशालाको भ्रमण र ठूला करदाता एकाइ तथा पार्क स्ट्रिट क्षेत्राधिकारका लेखापरीक्षण टोलीहरूसँगको अन्तरक्रियाले डिजिटल प्रमाणहरूको जाँच र जोखिममा आधारित जीएसटी लेखापरीक्षण अभ्यासहरूबारे महत्त्वपूर्ण जानकारी प्रदान गऱ्यो।

यस कार्यक्रमले कर परिपालना सुदृढ़ गर्न, कानून कार्यान्वयनलाई प्रभावकारी बनाउन तथा राजस्व परिचालन बढ़ाउनका लागि डेटा विश्लेषण, स्वचालन र अन्तरराज्य समन्वयको महत्त्वलाई उजागर गऱ्यो।

सिक्किम सरकारको व्यावसायिक कर महाशाखाले यस भ्रमणका क्रममा देखाइएका सान्दर्भिक प्रणाली र उत्कृष्ट अभ्यासहरूको अध्ययन गर्नेछ। प्रतिनिधिमण्डलले पश्चिम बङ्गाल सरकारको व्यावसायिक कर निर्देशालयलाई सहयोग, उपयोगी प्राविधिक प्रस्तुतीकरण र न्यानो आतिथ्यका लागि धन्यवाद ज्ञापन गऱ्यो।

जङ्गुमा खेत बचाओ अभियान तथा...

प्राविधिक सत्रमा वरिष्ठ वैज्ञानिक डा. सौरव साहाले जैविक मल, जैविक मलखाद, कम्पोस्ट निर्माण, पोषक तत्त्वको पुनः उपयोग, छापो प्रविधि तथा माटोको चिस्यान संरक्षणमार्फत माटोको स्वास्थ्य सुधार गर्ने उपायबारे जानकारी दिए।

वरिष्ठ वैज्ञानिक डा. छिरिङ ल्हमु भोटियाले उन्नत सब्जी उत्पादन प्रविधि, वैज्ञानिक नर्सरी व्यवस्थापन, गुणस्तरीय बिरुवा उत्पादन तथा उच्च मूल्यका तरकारी र च्याउ खेतीका सम्भावनाबारे प्रकाश पारिन्।

त्यसैगरी, वैज्ञानिक डा. अमित कुमारले बाली विविधीकरण, कोदो खेती, बाली चक्र, हरियो मल तथा एकीकृत पोषक तत्त्व व्यवस्थापनमार्फत माटोको उर्वराशक्ति कायम राख्ने र जलवायुजन्य जोखिम न्यूनीकरण गर्ने विषयमा जानकारी दिए। वैज्ञानिक डा. पेम्पा एल भोटियाले कृषि वन प्रणालीको माध्यमबाट प्राकृतिक स्रोत संरक्षण, माटोको स्वास्थ्य सुधार, पारिस्थितिक पुनर्स्थापना तथा कृषकहरूको आयस्रोत विविधीकरण गर्ने महत्त्वबारे बताए।

कार्यक्रमअन्तर्गत रवि मौसमको खेतीलाई सहयोग पुऱ्याउने उद्देश्यले सहभागी कृषकहरूलाई विभिन्न कृषि सामग्री वितरण गरिएको थियो। वितरण गरिएका सामग्रीमा करिब ४२० किलोग्राम केराउको बीउ, २०० किलोग्राम धनियाँको बीउ र ४२० किलोग्राम तोरीको बीउ रहेका छन्। यसका साथै २५ थान कृषि छर्किने पम्प, ४५० किलोग्राम पराबैजनी किरण प्रतिरोधी प्लास्टिक पाना तथा ६ थान कृषि जालीका बोरा पनि वितरण गरिएको थियो। कार्यक्रममा वैज्ञानिकहरूले कृषकहरूसँग अन्तरक्रिया गर्दै माटोको स्वास्थ्य, जैविक खेती व्यवस्थापन, पोषक तत्त्वको उचित उपयोग, चिस्यान संरक्षण तथा स्थानीय हावापानीअनुकूल उन्नत खेती प्रणालीबारे प्राविधिक परामर्श प्रदान गरे। जैविक खेतीअन्तर्गत फसलको उत्पादकत्व बढ़ाउन समुद्री झ्याउबाट तयार गरिने पातमा छर्किने झोलको उपयोगबारे पनि चर्चा गरिएको थियो। खेत बचाओ अभियानमार्फत दुर्गम हिमाली क्षेत्रका कृषकहरूलाई वैज्ञानिक तथा प्राविधिक सहयोग विस्तार गर्ने, कृषक र वैज्ञानिकबीचको सम्बन्ध सुदृढ़ बनाउने तथा दिगो र जलवायु अनुकूल कृषि अभ्यासलाई प्रवर्द्धन गर्ने आईसीएआर सिक्किम केन्द्रको प्रतिबद्धतालाई कार्यक्रमले पुनः जोड़ दिएको छ।

नेपालमा भीषण सवारी दुर्घटना -छठ मनाउन गाउँ फर्किरहेका एउटै गाउँका १० जनाको मृत्यु

काठमाडौं, १२ नोभेम्बर (हिस): नेपालको मकवानपुर जिल्लामा बिहीवार बिहान भएको सवारी दुर्घटनामा १० जनाको मृत्यु भएको छ भने अन्य ६ जना घाइते भएका छन्। बिहान करिब ६:१० बजी काठमाडौँस्थित काठमाण्डौँबाट सर्लाही जाँदै गरेको एउटा गाड़ी अनियन्त्रित भई सड़कबाट करिब ७०० मिटर तल खाल्डोमा खसेको थियो। पुलिसका अनुसार, दुर्घटनाग्रस्त गाड़ीमा १६ जना सवार थिए।

दुर्घटनाको सूचना प्राप्त हुनासाथ सशस्त्र पुलिस बलको भीमफेदी सुरक्षा आधार शिविरबाट प्रहरी नायब उपरीक्षकको नेतृत्वमा उद्धार टोली घटनास्थल पुगेको थियो। नेपाली सेना र नेपाल पुलिसको संयुक्त टोलीले पनि राहत तथा उद्धार कार्य सञ्चालन गरेको थियो। दुर्घटनामा ज्यान गुमाउनेहरूमा पाँच पुरुष, तीन महिला र दुई बालिका रहेका छन्। मकवानपुर पुलिसले दुर्घटनामा पाँच जना घाइते भएको जनाएको छ, जसमा तीन पुरुष र दुई बालबालिका रहेका छन्।

प्रारम्भिक जानकारीअनुसार, छठ पर्व मनाउन सर्लाहीस्थित आफ्नो गाउँ फर्किरहेका यात्रुहरू सवार विद्युतीय माइक्रोबस भीमफेदीमा दुर्घटनामा परेको हो। दुर्घटनामा घाइते भएका सर्लाहीको चक्रघट्टा गाउँपालिकाका निवासी मुकेश यादवले आफूहरू दुईवटा गाड़ीमा गाउँ जाँदै गरेको बताए। तीमध्ये अघाड़ि रहेको गाडी दुर्घटनामा परेको थियो। पछाड़ि आइरहेको अर्को गाडीमा सवार व्यक्तिहरूले प्रहरीलाई दुर्घटनाबारे जानकारी गराएका थिए।

दुर्घटनाग्रस्त गाड़ीमा सवार सबै जना फलफूल व्यवसायी परिवारसँग सम्बन्धित रहेको बताइएको छ। मुकेश यादवका अनुसार छठ पर्व मनाउन उनीहरू कुल १५ जना एउटै गाड़ीमा सवार भएर गाउँ फर्किरहेका थिए। हेटौँडा अस्पतालमा उपचार गराइरहेका मुकेशले ललितपुरको टीकाथलीबाट विद्युतीय गाड़ी भाडामा लिएको र राति करिब २ बजी गाउँका लागि प्रस्थान गरेको बताए। गाडीमा सवार अधिकांश व्यक्ति एउटै गाउँका छिमेकी तथा आफन्त रहेका थिए।दुर्घटनामा मुकेशको टाउको र ढाडमा चोट लागेको छ।

यद्यपि, उनको अवस्था सामान्य रहेको बताइएको छ। सक्षमको शरीरमा आन्तरिक चोट लागेको भए पनि उनको अवस्था पनि सामान्य रहेको छ। अर्का घाइते सुदनको टाउको र मुखमा चोट लागेको छ भने उनको अवस्था मध्यम रहेको छ। सशस्त्र पुलिस बलका सहप्रवक्ता शैलेन्द्र थापाले उक्त जानकारी दिएका हुन्।

सिक्किमका प्रशान्त र बिसुहाडले पिपुल्स फेस्टिभल अफ् इनोभेशन २०२६ मा सिक्किमलाई प्रतिनिधित्व गर्ने

गान्तोक, १२ नोभेम्बरः सिक्किमका दुईजना जमिनी स्तरका आविष्कारकहरूले पिपुल्स फेस्टिभल अफ् इनोभेशन्स २०२६ मा राज्यको प्रतिनिधित्व गर्ने भएका छन्। यो महोत्सव आगामी २५ देखि २८ नोभेम्बरसम्म नयाँ दिल्लीस्थित इण्डिया इन्टरनेशनल सेन्टरमा आयोजन हुँदैछ। यस सहभागिताले आविष्कारकहरूलाई उनीहरूले स्थानीय स्तरमा विकास गरेका समाधान, रैथाने ज्ञान र दैनिक चुनौती सामना गर्न अपनाइएका सिर्जनात्मक उपाय प्रदर्शन गर्ने राष्ट्रिय मञ्च प्रदान गर्नेछ।





चारदिने यस महोत्सवमा सिक्किमको प्रतिनिधित्व नाम्ची जिल्लाको तिमी निवासी प्रशान्त लामिछाने र पश्चिम सिक्किमको गेजिङ निवासी बिसुहाङ सुब्बाले गर्नेछन्। दुवै आविष्कारकले आफ्ना आविष्कारहरू प्रस्तुत गर्नेछन्, जसले परम्परागत ज्ञानलाई व्यावहारिक समाधानहरूसँग जोड्ने जमिनी सिर्जनशीलताको सम्भावनालाई उजागर गर्नेछन्।

प्रशान्त लामिछानेले तीनवटा आविष्कार – इको स्पुन, युनिडिरेक्सनल बुद्धिस्ट प्रेयर ह्विल र परम्परा डोको – प्रदर्शन गर्नेछन्। उनका आविष्कारहरू दैनिक कार्यशैलीमा सुधार ल्याउन, सामुदायिक आवश्यकतासम्बोधन गर्न र व्यावहारिक परिमार्जनमार्फत परम्परागत ज्ञानको संरक्षण गर्न केन्द्रित छन्।

उनका आविष्कारहरूमध्ये, इको स्पुन खाना पस्किने प्रक्रियामा सुविधा र स्वच्छतामा केन्द्रित छ। युनिडिरेक्सनल बुद्धिस्ट प्रेयर ह्विलले परम्परागत बौद्ध प्रार्थना विधिमा एक नवीन दृष्टिकोण प्रस्तुत गर्दछ भने परम्परा डोकोले परम्परागत हिमाली बोक्ने साधन (डोको)–लाई आधुनिकीकरण गर्ने प्रयास गर्दछ। यसको उद्देश्य चिया कमानका श्रमिकहरूको काम गर्ने अवस्था र सहजतामा सुधार ल्याउनु हो साथै यसको सांस्कृतिक पहिचानलाई पनि कायम राख्नु हो।

परम्परा डोको विशेष गरी चिया कमान समुदायका श्रमिकहरूको कार्यस्थितिका लागि सान्दर्भिक छ, जहाँ परम्परागत रूपमा भारी बोक्ने साधन (डोको) दैनिक जीविकोपार्जनका गतिविधिहरूको महत्त्वपूर्ण हिस्सा रहँदै आएका छन्। परम्परागत ढाँचामा सुधार ल्याएर यो आविष्कारले श्रमिकहरूका लागि कामलाई अझ सहज र व्यावहारिक बनाउने लक्ष्य राख्छ साथै परम्परागत डोकोको सांस्कृतिक महत्त्वलाई पनि जोगाइराख्छ।

यसैगरी, बिसुहाङ सुब्बाले आफ्नो आविष्कार सेलरोटी मेकर प्रदर्शन गर्नेछन्। यो एक लोकप्रिय रैथाने परिकार सेलरोटी बनाउने परम्परागत प्रक्रियालाई सघाउन विकास गरिएको हो। यस आविष्कारले परम्परागत पाककला अभ्यासलाई व्यावहारिक प्राविधिक सुधारहरूसँग जोड्ने प्रयास गर्दछ, जसले सेलरोटी बनाउने प्रक्रियालाई थप सुविधाजनक बनाउनुका साथै स्थानीय खाद्य सम्पदाको संरक्षणमा पनि योगदान पुऱ्याउँछ।

यी दुई आविष्कारकको सहभागिताले स्थानीय अनुभव र सामुदायिक आवश्यकताहरूबाट उत्पन्न विचारहरूले कसरी व्यापक सामाजिक विकासमा योगदान पुऱ्याउन सक्छन् भन्ने कुरालाई उजागर गर्दछ। उनीहरूको आविष्कारले समस्या समाधान र प्राविधिक रचनात्मकता प्रयोगशाला वा स्थापित अनुसन्धान संस्थाहरूमा मात्र सीमित नभएको देखाउँछ तर आफ्नो नजिकको परिवेशमा चुनौतीहरू पहिचान गर्ने र व्यावहारिक समाधानहरू विकास गर्ने साधारण मानिसहरूबाट पनि निस्कन सक्छ।

पिपुल्स फेस्टिभल इनोभेशन २०२६ नयाँ दिल्लीको इण्डिया इन्टरनेशनल सेन्टरद्वारा आयोजन गरिएको छ र सेन्टर फर सेलुलर एण्ड मोलिक्युलर प्लेटफर्म (सी–क्याम्प), बेङ्गलुरु र गुजरात ग्रासरुट्स इनोभेशन अगमेन्टेशन नेटवर्क (जीआईएएन), अहमदाबादद्वारा हनी बी नेटवर्कको समर्थन र प्रेरणामा आयोजन गरिएको छ।

हनी बी नेटवर्क एक अग्रणी आन्दोलन हो जुन जमिनी आविष्कारहरू, परम्परागत ज्ञान र व्यक्ति र समुदायहरूको रचनात्मकता पहिचान गर्न, दस्तावेजीकरण गर्न,पोषण गर्न र प्रवर्द्धन गर्न समर्पित छ। यसले समुदाय स्तरमा मानिसहरूद्वारा विकसित आविष्कारहरूमा ध्यान आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ, विशेष गरी ती जसका विचारहरू जीवित अनुभव र स्थानीय चुनौतीहरूबाट उत्पन्न हुन्छन्।

यस वर्षको महोत्सव समावेशी प्रभावको लागि आविष्कार: विज्ञान र समाजलाई जोड्ने भन्ने विषयवस्तुको वरिपरि आयोजन गरिएको छ। यस विषयवस्तुले विभिन्न क्षेत्रहरूमा चुनौतीहरूलाई सम्बोधन गर्न जमिनी आविष्कारकहरूको योगदानलाई मान्यता दिँदै वैज्ञानिक ज्ञानलाई पहुँचयोग्य, दिगो र सामाजिक रूपमा सान्दर्भिक समाधानहरूसँग जोड्ने कुरामा केन्द्रित छ।

महोत्सवले जमिनी आविष्कारक, उद्यमी, अनुसन्धानकर्ता, निवेशक, नीति निर्माता र उद्योग प्रतिनिधिहरूलाई विचार साझा गर्न, नवप्रवर्तन प्रदर्शन गर्न र सहकार्यका अवसर अन्वेषण गर्न एकसाथ ल्याउनेछ। यसले नवप्रवर्तकहरूलाई विशेषज्ञहरूसँग अन्तरक्रिया गर्न, ज्ञान आदान–प्रदान गर्न र उनीहरूको नवप्रवर्तनको थप विकास र व्यापक प्रयोगको लागि सम्भावना अन्वेषण गर्न मञ्च पनि प्रदान गर्नेछ।

यस महोत्सवको संयोजन र मार्गदर्शनमा भारत सरकारको विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको जैविक प्रविधि विभागकी पूर्व सचिव डा. रेनु स्वरूप; हनी बी नेटवर्क, सृष्टि, जियान र एनआईएफका संस्थापक तथा आईआईएमए र आईआईटीबीमा भिजिटिङ फेकल्टी एवं एसीएसआईआरमा एकाडेमी प्राध्यापक रहेका प्रा. अनिल गुप्ता; प्रधान वैज्ञानिक सल्लाहकारको कार्यालयकी पूर्व वैज्ञानिक सचिव डा. स्वाती बसु र बेङ्गलुरुस्थित सी–क्याम्पका सीईओ तथा निर्देशक डा. तस्लिमारिफ सैयदलगायतका विशिष्ट व्यक्तित्वहरू संलग्न छन्।

सिक्किमका लागि लामिछाने र सुब्बाको सहभागिता उनीहरूका व्यक्तिगत आविष्कारहरूको प्रदर्शनभन्दा पनि बढ्ढी अर्थपूर्ण छ। यसले राज्यको परम्परागत ज्ञान प्रणाली, समुदायमा आधारित सिर्जनशीलता र व्यावहारिक चुनौतीहरू समाधान गर्न स्थानीय स्तरमा विकसित विचारहरूको सम्भावनाप्रति ध्यानाकर्षण गराउँछ।

तिमीको चिया कमानदेखि गेजिङका पहाडहरूसम्म यी दुई आविष्कारकले सिक्किमको जमिनी स्तरको आविष्कार परिदृश्यका विभिन्न पक्षहरूलाई प्रतिनिधित्व गर्छन्। जहाँ लामिछानेका आविष्कारहरूले परम्परागत अभ्यासहरूमा सुधार र काममा सहजता ल्याउने प्रयास गर्छन्, त्यहीँ सुब्बाको सेलरोटी मेकरले रैथाने परिकार तयार पार्ने प्रक्रियालाई सघाउनमा केन्द्रित छ।

राष्ट्रिय स्तरको यस महोत्सवमा उनीहरूको सहभागिताले अन्य आविष्कारक, अनुसन्धानकर्ता र उद्योग प्रतिनिधिहरूसँग जोडिने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ। साथै, यसले उनीहरूका काममा सहकार्य गर्ने, तिनलाई अझ परिष्कृत गर्ने र व्यापक पहिचान दिलाउने मार्ग खोल्न पनि मद्दत पुऱ्याउनेछ।

सिक्किमका विभिन्न क्षेत्रमा अचानक वर्षा

गान्तोक, ११ नोभेम्बर (हि.स.): सिक्किमका विभिन्न क्षेत्रमा बुधवार अचानक मौसममा परिवर्तन आउँदा वर्षा भएको छ। राज्यका विशेष गरी उच्च हिमाली क्षेत्र छाङ्गु र नथुलामा हिमपात भएको छ। यसैगरी, राज्यका कतिपय ठाउँमा असिनापानी परेको छ।



अचानक भएको वर्षा तथा हिमपातका कारण राज्यका विभिन्न क्षेत्रमा तापक्रम घटेको छ र चिसो बढ्दो छ। मौसममा आएको परिवर्तनसँगै उच्च हिमाली क्षेत्रहरूमा जाड्रोको प्रभाव थप बढ्दो छ।

नेपालमा आएको ४.९ तीव्रताको भुइँचालोको धक्का सिक्किम र दार्जीलिङमा पनि

गान्तोक, १२ नोभेम्बर (हि.स.): नेपालको पूर्वी क्षेत्रमा बिहीवार बिहान ४.९ तीव्रताको भुइँचालो गएको छ। बिहानै भुइँचालो गएकोले अधिकांश मानिसहरूले यसको धक्का महसुस गर्न नसकेको बताइएको छ। राष्ट्रिय भुइँचालो विज्ञान केन्द्र (एनसीएस)–का अनुसार, भुइँचालो बिहीवार बिहान ४:३० बजी गएको हो। यसको केन्द्रविन्दु नेपालमा रहेको र जमिनको सतहदेखि ७३ किलोमिटर गहिराइमा भुइँचालोको केन्द्र रहेको जनाइएको छ। भुइँचालोको केन्द्र सिक्किमको योकसमबाट करिब ४० किलोमिटर उत्तरपश्चिममा रहेको थियो। यस कारण भुइँचालोको धक्का सिक्किम र दार्जीलिङका विभिन्न क्षेत्रमा महसुस गरिएको छ। हालसम्म यस भुइँचालोका कारण कुनै जनधनको क्षति भएको विवरण प्राप्त भएको छैन।

सिक्किममा हर्षोल्लासका साथ भाइटीका पालन

गान्तोक, १२ नोभेम्बर (हि.स.): दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम, स्नेह र आत्मीयताको प्रतीक भाइटीका पर्व सिक्किममा बुधवार हर्षोल्लासका साथ पालन गरियो। राज्यका विभिन्न स्थानमा दिदीबहिनीहरूले आफ्ना दाजुभाइहरूले दिदीबहिनीबाट सप्तरङ्गी टीका ग्रहण गर्दै परम्परागत रूपमा पर्व मनाएका छन्।

यस अवसरमा दिदीबहिनीहरूले दाजुभाइको दीर्घायु, सुस्वास्थ्य, सुख, शान्ति र समृद्धिको कामना गर्दै निधारमा सप्तरङ्गी टीका लगाइदिएका थिए। दाजुभाइहरूले पनि दिदीबहिनीप्रति प्रेम र सम्मान व्यक्त गर्दै उपहार तथा दक्षिणा प्रदान गरे।

HDFC BANK
We understand your world

पञ्जीकृत कार्यालयः एचडीएफसी ब्यांक हाउस, सेनापति बापट मार्ग, लोअर परेल (पश्चिम), मुम्बई - 400 013 र एचडीएफसी ब्यांक लिमिटेड, पहिलो तल्ला, आई–थिंक टेक्नो क्याम्पस, काञ्जुरमार्ग (पूर्व), मुम्बई - 400042 मा खुद्रा पोर्टफोलियो व्यवस्थापनको रूपमा यसको एउटा कार्यालय विद्यमान छ।

एचडीएफसी ब्यांक लिमिटेडलाई धितो राखिएका धितोपत्रहरूको बिक्रीको लागि बिक्री सूचना र जनसूचना।

एचडीएफसी ब्यांक लिमिटेड ('ब्यांक') का तल उल्लिखित ऋणीहरूलाई ऋण/धितोपत्र विरुद्ध ओभरड्राफ्ट प्रकृतिको ऋण सुविधा प्राप्त गर्न ब्यांकलाई प्रतिज्ञा गरिएका धितोपत्रहरू बिक्री गर्ने बारे सूचित गरिन्छ। ऋणीहरूले सहमति ऋण/सुविधा शर्तअनुसार बाँकी रहेको रकम निरन्तर भुक्तानी नगरेको कारण तल उल्लिखित ऋण/सुविधा खाताहरू बक्यौता स्थितिमा छन् वा एनपीए (गैर–निष्पादित परिसम्पत्ति) को रूपमा वर्गीकृत छन्। ब्यांकले यी ऋणीहरूलाई धेरै सूचना/ऋण फिर्ता सूचना जारी गरेको छ, जसमा निम्न उल्लिखित मितिमा अन्तिम बिक्री सूचना समावेश छ, जसमा ब्यांकले प्रतिज्ञा आह्वान गरेको थियो र ऋणीलाई तल उल्लिखित खाताहरूमा रहेको सम्पूर्ण बाँकी रहेको रकम फिर्ता गर्न 7 दिनको समय प्रदान गरेको थियो, अन्यथा, ब्यांक यस सम्बन्धमा थप सूचना जारी नगरी प्रतिज्ञा गरिएका धितोपत्रहरू बेच्न स्वतन्त्र हुनेछ।

ऋणीहरूले बेवास्ता गरेका छन् र बाँकी भुक्तानी गर्न असफल भएका छन्, त्यसैले, ऋण सम्झौताअन्तर्गत आफ्नो अधिकार प्रयोग गर्दै ब्यांकले ऋणीहरूले ब्यांकलाई तिर्न बाँकी रहेको रकम असुल गर्न **20 नोभेम्बर 2026** मा वा त्यसपछि धितोपत्रहरू बेच्ने/निपटान गर्ने निर्णय गरेको छ। ऋणीहरूलाई भारतीय अनुबंध ऐन, 1872 को धारा 176 को अनुपालनमा यसलाई बिक्रीको सूचनाको रूपमा व्यवहार गर्न सूचित गरिन्छ। ऋणीहरूलाई यो पनि सूचित गरिन्छ कि यदि कुनै पनि समयमा, स्टक बजारमा अस्थिरताको कारणले गर्दा प्रतिज्ञा गरिएको धितोपत्रहरूको मूल्यमा थप ह्रास आउँछ, जसले गर्दा मार्जिन आवश्यकतामा थप कमी आउँछ भने, ब्यांकले आफ्नो विवेकमा एक (1) वार्षिक दिनभित्र प्रतिज्ञा गरिएको धितोपत्र बेच्नेछ, यस सम्बन्धमा थप कुनै सूचना बिना। प्रतिज्ञा गरिएको धितोपत्रहरूको बिक्रीबाट प्राप्त रकमको समायोजन पछि, ऋणी(हरू) बाँकी रहेको कुनै पनि रकमको भुक्तानीको लागि ब्यांकप्रति उत्तरदायी रहनेछन्।

क्र म सं.	ऋण खाता संख्या	उधारकर्ताको नाम	10 नोभेम्बर, 2026 मा बक्यौता राशि	बिक्री सूचनाको मिति
1	XXXXXXXXX2968	भवरलाल अग्रवाल	2,44,751.54	11-11-2026

मितिः 13.11.2026
स्थानः सिक्किम
सही/-
एचडीएफसी ब्यांक लिमिटेड

Azadi Ka Amrit Mahotsav

भारत सरकार/ **Government of India.**
अतिरिक्त निदेशक का कार्यालय/ **O/o the Additional Director**
केन्द्र सरकार स्वास्थ्य योजना/ **Central Govt. Health Scheme**
स्वास्थ्य एवं परिवार कल्याण मंत्रालय/ **Ministry of Health & Family Welfare**
ए.के. आज़ाद रोड, गोपीनाथ नगर, गुवाहाटी-781016/**A. K. Azad Road, Gopinath Nagar, Guwahati-781 016**
फोन नंबर/ Ph: 0361-2492698, GST No.- 18SHLC00070AIDV
फैक्स नं./ Fax - 0361-2492697 Email: cghs.guwahati@gov.in

No. CMS/CGHS.GHY/ALC/2026-28/10116 Dated 12/11/2026

TENDER NOTICE

NOTICE INVITING E-TENDER FOR EMPANELMENT OF AUTHORIZED LOCAL CHEMIST

Online e-tender is invited by the Additional Director, CGHS, Guwahati from the reputed registered Local Chemist for empanelment as ALC (Authorized Local Chemist) to supply of day-to-day medicines to CGHS, wellness centres located at Gangtok (Sikkim). Aizawl (Mizoram) and Kohima (Nagaland) as per indent/ instruction placed by the W.Cs. The interested Local Chemist/Establishment in located within the same district preferably in the same city of the wellness centre's may participate through online at Government e-Marketing (GeM) portal. The tender documents (Scope of Work) vide respective **Bid No. GEM/2026/B/8264547 can be downloaded from the website of GeM portal after register on GeM under the category "Local Chemist Empanelment"**. The last day of uploading of bid will be 14/12/2026 **(17:00Hrs.).**

Dr. K. Ramchiary
Addl. Director

आईसीएआर–केभीके पूर्व सिक्किम, रानीपुलमा तीनमहिने ग्रामीण बागवानी कार्य अनुभव कार्यक्रम सफलतापूर्वक सम्पन्न



गान्तोक, १२ नोभेम्बरः दक्षिण सिक्किमको बर्मेकस्थित सेन्ट्रल एग्रिकल्चरल युनिभर्सिटी (सीएयू) अन्तर्गतको कलेज अफ् हर्टिकल्चरको बीएस्सी (सम्मान) बागवानी विद्यार्थीहरूका लागि आयोजित तीनमहिने ग्रामीण बागवानी कार्य अनुभव (आरएचडब्ल्यूई) कार्यक्रम, पूर्व सिक्किमको रानीपुलस्थित आईसीएआर–कृषि विज्ञान केन्द्र (केभीके) मा १० अगस्तदेखि २ नोभेम्बरसम्म सफलतापूर्वक सञ्चालन भयो।

यो कार्यक्रम आईसीएआर–केभीके पूर्व सिक्किमका वरिष्ठ वैज्ञानिक तथा प्रमुख डा. प्रकाश शर्माको नेतृत्व र मार्गदर्शनमा सञ्चालन गरिएको थियो। यस कार्यक्रमको समन्वय विभिन्न विषयका विशेषज्ञहरू सम्मिलित एक टोलीले गरेको थियो, जसमा बोनिफेस लेप्चा (एसएमएस – बागवानी), डा. के. स्वप्ना रानी (एसएमएस – वनस्पति संरक्षण), डा. आकांक्षा (एसएमएस – पशु विज्ञान), डा. श्रावणी (एसएमएस – कृषि प्रसार) र अनुश्री गोगोई (एसीटीओ – सामुदायिक विज्ञान) सामेल थिए।

कार्यक्रम अवधिभरि विद्यार्थीहरूले बागवानी उत्पाद र यससँग सम्बन्धित विभिन्न गतिविधिका बारेमा विस्तृत व्यावहारिक तथा क्षेत्र–उन्मुख तालिम प्राप्त गरे। यसमा मुख्यतया सब्जी नर्सरी प्रबन्धन हिउँदे (रवि) सब्जी फसलको खेती विधि र कम लागतको पोलि–टनेल प्रविधि प्रयोग गरी वर्षभरि उच्च मूल्यका सब्जीहरू उत्पादन गर्ने तरिका सामेल थिए।

विद्यार्थीहरूले जैविक ढुसीनाशक प्रयोग गरी बीउ तथा बिरुवा उपचार गर्ने, कोली फसलहरू (जस्तै बन्दाकोपी, फूलकोपी आदि)–को खेती विधिबारे प्रदर्शन हेर्ने तथा एकीकृत शत्रुजीव प्रबन्धन (आईपीएम) र एकीकृत रोग प्रबन्धन (आईडीएम) विधिमार्फत कीरा–फटेङ्ग्रा र रोगहरूको नियन्त्रण गर्ने व्यावहारिक अनुभव पनि हासिल गरे।

यसका साथै, विद्यार्थीहरूलाई माटोको नमुना लिने तरिका, माटोमा पाइने पोषक तत्त्वहरूको विश्लेषण र फसल तथा पशुपालन व्यवसायको आर्थिक पक्षको मूल्याङ्कन गर्ने तालिम पनि दिइयो। गान्तोक जिल्लाको मार्तामा ब्लक अन्तर्गत पर्ने नामराङ गाउँमा सहभागितामूलक ग्रामीण मूल्याङ्कन अभ्यास पनि सञ्चालन गरियो। यसले विद्यार्थीहरूलाई ग्रामीण परिवेश, किसानहरूका आवश्यकता र कृषि प्रसारमा अपनाइने सहभागितामूलक दृष्टिकोणहरूबारे व्यावहारिक अनुभव प्रदान गऱ्यो। यस कार्यक्रममा गाउँस्तरमा ओइस्टर च्याउ उत्पादनसम्बन्धी व्यावहारिक तालिमका साथै कृषि उपजमा मूल्य अभिवृद्धि र प्रशोधन (जस्तैः अचार बनाउने र अदुवाको क्याण्डी तयार पार्ने) सम्बन्धी प्रशिक्षण सामेल थियो। विद्यार्थीहरूले भारत सरकारका विभिन्न प्रमुख कार्यक्रममा पनि सहभागिता जनाए, जसले उनीहरूलाई चलिरहेका कृषि विकास पहल र प्रसार गतिविधिहरूबारे जानकारी प्राप्त गर्न मद्दत पुऱ्यायो।

यस कार्यक्रमले विद्यार्थीहरूलाई उनीहरूको प्राविधिक ज्ञान, व्यावहारिक कौशल, सञ्चार क्षमता मजबुत गर्न तथा कृषक समुदायले भोग्ने धरातलीय चुनौतीहरूबारे बुझ्न महत्त्वपूर्ण अवसर प्रदान गऱ्यो। २ नोभेम्बरमा तीनमहिने कार्यक्रम सफलतापूर्वक सम्पन्न भएपछि ग्रामीण बागवानी कार्य अनुभव कार्यक्रम सफलतापूर्वक पूरा गरेकोमा विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गरियो।



सीएईपीएचटी रानीपुलमा 'यू क्यान मेक इट ह्यापेन' विषयमा प्रेरक कार्यक्रम सम्पन्न

गान्तोक, १२ नोभेम्बर (हि.स.): केन्द्रिय कृषि विश्वविद्यालय, इम्फालअन्तर्गत रानीपुलस्थित कलेज अफ् एग्रिकल्चरल इञ्जिनियरिङ एण्ड पोस्ट हार्भेस्ट टेक्नोलोजी (सीएईपीएचटी)–मा बुधवार 'यू क्यान मेक इट ह्यापेन' विषयमा प्रेरणादायी प्रवचन कार्यक्रम सम्पन्न भएको छ। कलेजको प्रशिक्षण, नियुक्ति तथा करियर विकास केन्द्र (टीपीसीडीसी)–द्वारा आयोजित कार्यक्रममा भारत सरकारका पूर्वसचिव तथा अवकाशप्राप्त भारतीय प्रशासनिक सेवा (आईएएस) अधिकारी अनिल स्वरूपले विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरूलाई सम्बोधन गरे। कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीहरूमा आत्मविश्वास, दृढ़ सङ्कल्प, नेतृत्व क्षमता, निरन्तर प्रयास तथा सकारात्मक सोचको विकास गर्दै व्यक्तिगत र व्यावसायिक जीवनमा सफलता हासिल गर्न प्रेरित गर्नु रहेको थियो। वक्ता स्वरूपले स्पष्ट लक्ष्य निर्धारण गर्ने, चुनौतीहरूको सामना गर्ने तथा आफ्नो क्षमता पहिचान गरी त्यसलाई व्यवहारमा उतार्ने महत्त्वबारे प्रकाश पारे। कार्यक्रममा सीएईपीएचटी रानीपुलका डीन प्रा. एनएस चौहान तथा बर्मेकस्थित कलेज अफ् हर्टिकल्चरका डीन प्रा. सञ्जय स्वामीको उपस्थिति रहेको थियो। यसका साथै दुवै महाविद्यालयका विभागीय प्रमुख, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो। कार्यक्रमको संयोजन प्रा. एसके सत्पथीले गरेका थिए भने डा. राकेश कुमार रायगर सहसंयोजकका रूपमा रहेका थिए। आयोजक समितिको सहयोगमा सम्पन्न कार्यक्रममा अनिल स्वरूपको लामो प्रशासनिक अनुभव तथा व्यावसायिक यात्राबाट सहभागीहरूले प्रेरणा प्राप्त गर्ने अवसर पाए।यस कार्यक्रमले विद्यार्थीहरूको सर्वाङ्गीण विकास, व्यक्तित्व निर्माण, नेतृत्व क्षमता अभिवृद्धि तथा करियर तयारीलाई प्राथमिकता दिने विश्वविद्यालयको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको आयोजकले जनाएको छ। साथै विद्यार्थीहरूलाई आफ्ना लक्ष्य हासिल गर्न आत्मविश्वास, समर्पण र दृढ़ताका साथ अघि बढ्न प्रेरित गरेको पीआईबीले बताएको छ।

कालेबुङ पुलिसको पहलमा चार महिनादेखि हराएका राजस्थान निवासीको परिवारसँग पुनर्मिलन



कालेबुङ, १२ नोभेम्बरः कालेबुङ पुलिसको समर्पित प्रयासबाट पछिल्ला चार महिनादेखि हराएका राजस्थान निवासी ४० वर्षीय भँवर सिंहको अन्ततः आफ्नो परिवारसँग पुनर्मिलन भएको छ। प्राप्त जानकारीअनुसार राजस्थानको भिलवाड़ा निवासी भँवर सिंह गत २५ जूनदेखि परिवारसँग सम्पर्कविहीन भएका थिए। यसै क्रममा १२ नोभेम्बरको दिन पेदोङ थाना अन्तर्गत रेशी सीपी क्षेत्रमा पुलिसले उनलाई घरबारविहीन तथा अलमलिएको अवस्थामा फेला पारेको थियो। पुलिसले उनीसँग आत्मीयतापूर्वक कुराकानी गर्दै विश्वासमा लिएर सोधखोज गर्दा उनी राजस्थानको भिलवाड़ा निवासी रहेको र पछिल्ला चार महिनादेखि हराएको तथ्य खुलेको थियो।

त्यसपछि कालेबुङ पुलिसले तत्काल उनको परिवारसँग सम्पर्क स्थापित गरी आवश्यक समन्वय गरेको थियो। अन्ततः आज उनलाई सुरक्षित रूपमा परिवारको जिम्मा लगाइएको छ। कालेबुङ पुलिसको मानवीय संवेदनशीलता, तत्परता र समर्पित प्रयासका कारण लामो समयदेखि बिछोड़िएका परिवारका सदस्यहरूबीच पुनर्मिलन सम्भव भएको छ। यस घटनाले पुलिसको जिम्मेवारी शान्ति सुरक्षा कायम राख्नुमा मात्र सीमित नभई सङ्कटमा परेका मानिसलाई सहयोग गर्दै मानवीय सेवामा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु हो भन्ने उदाहरण प्रस्तुत गरेको छ।

MSME
MICRO, SMALL & MEDIUM ENTERPRISES
सूक्ष्म, लघु एवं मध्यम उद्यम

विकास तथा सहजीकरण कार्यालय

सूक्ष्म, लघु तथा मध्यम उद्यम विकास एवं सुविधा कार्यालय, गान्तोक कार्यालय वाहनको समाधान हेतु निविदा/बोली आमन्त्रण

एमएसएमीई–विकास र सुविधा कार्यालय (एमएसएमई–डीएफओ), गान्तोक, सिक्किम आफ्नो कार्यालयको गाड़ी "जस्तो छ, त्यस्तै" (As is Where is) को आधार सीलबन्द सांसद माध्यमबाट समाधान गर्ने प्रस्ताव गर्नुहोस्।

वाहनको विवरणः

वाहनको प्रकार	मारुति जिप्सी (Maruti Gypsy)
पञ्जीकरण सङ्ख्या	SK01PA-8916
निर्माण वर्ष	2015
इञ्जिन सङ्ख्या	G13BBN561859
चेसिस सङ्ख्या	MASEYA1500272284
मूल्याङ्कन राशि (₹)	96,250/-

वाहनको मूल्य मूल्याङ्कन सिक्किम राष्ट्रियकृत परिवहन (SNT), परिवहन विभाग, सिक्किम सरकारद्वारा गरिएको छ।

नियम एवं शर्त

- **वाहन निरीक्षणको अवधिः** इच्छुक पक्ष मिति **23.11.2026** देखि **27.11.2026** सम्म (प्रातः **9:30 बजीदेखि साँझ 6:00 बजी**सम्म) वाहनका निरीक्षण गर्न सक्नुहुनेछ।
- **निविदा प्राप्त गर्ने अन्तिम तिथि र समयः 01.12.2026** को दिउँसो **2:30** बजीसम्म।
- **निविदा खोल्ने मिति एवं समयः** 01.12.2026 को दिउँसो **3:00 बजी।**
- **बक्यौता राशि (EMD):** उद्धरण (Quotation) सँग ₹5,000/- (पाँच हजार रुपियाँ मात्र) को बक्यौता राशि (EMD), जुन MSME- Gangtok, Sikkim को पक्षमा देय डिमाण्ड ड्राफ्ट (DD) को रूपमा हुनेछ, जमा करना आवश्यक छ।
- सीलबन्द डाकबोली अन्तिम मिति र समय पूर्व निर्धारित कार्यालय पुग्नुपर्छ।

सहायक निदेशक एवं कार्यालय प्रमुख, सूक्ष्म, लघु एवं मध्यम उद्यम विकास तथा सुविधा कार्यालय, चौथी तला, देवराली, गान्तोक, सिक्किम-737102
ईमेल आईडीः dcdr-gangtok@dcmsme.gov.in फोनः 03592-231880

CBC 25113/11/0087/2627

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादकः राजेन्द्र प्रधान, सम्पादकः श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्सः 231265। ईमेलः himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386